# अध्याय एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोध पत्रको शीर्षक 'रजस्थल पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन' रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोध पत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग पृथ्वीनारायण क्याम्पस, पोखराद्वारा निर्धारित नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययन गर्नु पर्ने दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

साहित्य जगतमा अनेकौ विधाहरू रहेका छन् । ती विधाहरू मध्येको कथा साहित्य एक महत्त्वपूर्ण विधा हो । यसको विकास मानव सभ्यता सँगसँगै भएको हो । साथै कथाको परम्परा आदि कालदेखि भएको हो भन्ने कुरा पुष्टि भएको छ । प्राचीन कालदेखि वर्तमानसम्म आइपुग्दा कथा क्षेत्रमा निकै आरोह र अवरोह आएका छन् । समय र परिस्थिति अनुरूप विभिन्न समस्यामा कथाको विषयवस्तु, ढाँचा, कला, स्वरूप र प्रवृत्तिहरूमा परिवर्तन हुँदै आएको छ । विभिन्न अवधिमा परिस्थिति अनुसार कथाकारले कथाहरू सृजना गर्दै आए । सृजना गरिएका कथाभित्र विविध मोड एवम् धारा र प्रवृत्तिहरू देखिन थाले । जसले गर्दा नेपाली कथा साहित्यको श्री वृद्धि गर्ने काममा महत्त्वपूर्ण योगदान पुगकेको छ । यसै सिलसिलामा स्याङ्जा जिल्लाबाट प्रकाशित हुने 'रजस्थल' साहित्यिक त्रैमासिक पत्रिकामा अनेकौं प्रतिभाहरूका विभिन्न प्रवृत्तिका कथाहरू प्रकाशित भएका छन् । रजस्थल पत्रिकाको नेपाली साहित्यकै क्षेत्रमा छुट्टै वैशिष्टय कायम भएको नेपाली साहित्यको इतिहासले सकारेको छ । यसो भएर पनि रजस्थल पत्रिकामा प्रकाशित भएका कथाका विषयमा अति अपर्याप्त चर्चा मात्र हुनु चिन्ताको विषय हो । अतः रजस्थल

पत्रिकामा प्रकाशित कथाहरूको खोजखबर तथा विश्लेषण मूल्याङ्कनको अभाव देखिनु यस शोध पत्रको समस्या हो र यसलाई निम्न बुदाँहरूमा प्रस्तुत गर्न सकिन्छ :-

- रजस्थल पत्रिकाका कथाहरूको परिचय कसरी दिन सकिन्छ ?
- रजस्थल पत्रिकामा प्रकाशित कथाहरूलाई कसरी विश्लेषण गर्न सकिन्छ ?
- रजस्थल पत्रिकाले नेपाली कथाको क्षेत्रमा के कस्तो योगदान पुऱ्याएको छ ?

## १.४ उद्देश्य

रजस्थल पत्रिकामा प्रकाशित कथाहरूमा सामान्य चर्चा बाहेक सैद्धान्तिक विश्लेषणात्मक अध्ययन आजसम्म भएको देखिदैन । यसबारे अध्यावधि कुनै शोधार्थीको ध्यान जान नसकेकाले प्रस्तुत शोध कार्यमा यस पत्रिकामा प्रकाशित कथाहरूको समग्रतामा विश्लेषण गरिनु नै यसको मूल उद्देश्य हो । यसलाई निम्न लिखित बुँदामा उल्लेख गरेर देखाइएको छ :-

- रजस्थल पत्रिकामा प्रकाशित कथाहरूको विवरण प्रस्तुत गर्नु,
- रजस्थल पत्रिकामा प्रकाशित कथाहरूको तत्त्वहरूका आधारमा विश्लेषण गर्नु,
- रजस्थल पत्रिकामा प्रकाशित कथाले नेपाली साहित्यको क्षेत्रमा पुऱ्याएको योगदान।

## १.५ पूर्वकार्यको विवरण

साहित्यानुरागी स्याङ्जावासीहरूको आँखामा रहेको रजस्थल साहित्यिक त्रैमासिक पत्रिका पनि एक दर्पणकै रूपमा खडा हुन पुगेको छ । यसले साहित्यका विभिन्न फाँटमा उभ्याएर साहित्यानुरागीहरूलाई साहित्य सृजना गर्ने प्रेरणा दिएको छ । यसमा प्रकाशित लेख रचना, कविता, कथा, नाटक, एकाङ्की, निबन्ध, गजल, लोक गीतहरूका बारेमा सामान्य चर्चा टीका टिप्पणीहरू, राय, सल्लाह, सुझाव, प्रतिक्रियाहरू कहिले काहीँ पाठक वर्गहरूले गर्ने गरेको पाइए तापनि यसमा प्रकाशित कथाहरूको सैद्धान्तिक एवम् वैज्ञानिक आधारमा समग्र अध्ययन एवम् विश्लेषण आजसम्म हुन सकेको छैन र कुनै शोधार्थीको ध्यान समेत यसतर्फ जान सकेको छैन । यस पत्रिकालाई नियमित बनाउन, विकसित गर्न, चुस्तदुरुस्त बनाउन, स्तरीयता प्रदान गर्न, दीर्घजीवी बनाउन, नवोदित प्रतिभाहरूलाई हौसला प्रदान गर्न दिएका सुझावहरू, शुभेच्छा, पाठक प्रतिक्रिया नै यस रजस्थल साहित्यिक पत्रिकाका विषयमा गरिएका पूर्वकार्य हुन् ।

२०६१ सालमा बलराम दोरङ्गाले त्रिभुवन विश्व विद्यालय मानविकी तथा समाजशास्त्र सङकाय अर्न्तगत पृथ्वीनारायण क्याम्पस पोखराबाट स्नाकोत्तर तह दोस्रो वर्षको दसौ पत्रको आंशिक प्रयोजनको निमित्त प्रस्तुत गरेको नेपाली साहित्यमा **रजस्थल पत्रिकाको योगदान** शीर्षकको शोध पत्र रजस्थल पत्रिकाको बारेमा गरिएको कार्य पहिलो मान्न सकिन्छ । यस शोध पत्रमा अङ्क १ देखि अङ्क १८ सम्म समग्र लेख रचनाहरूको समीक्षा गर्दै साहित्यिक विधाहरूको विवरण उल्लेख गरिएको पाइन्छ । उक्त शोध पत्रको पृ ६७-७५ सम्म रजस्थल पत्रिकाको पूर्णाङ्क २ देखि १८ सम्मका जम्मा ५१ जना कथा अनुरागीहरूका ९३ वटा कथाको सरसर्ती विवरण दिदै नेपाली कथा र लघु कथाका क्षेत्रमा रजस्थलको योगदान शीर्षक अर्न्तगत प्रवृति र आयमका दृष्टिले रजस्थलका कथाहरू रजस्थलमा प्रकाशित कथाको मूल्याङ्कन गरी जम्मा दुई शीर्षकमा सामान्य समीक्षा गर्दै रजस्थलका कथाहरूले तेस्रो स्थान ओगट्न सफल भएको कुरा उल्लेख गरिएको देखिन्छ । यसरी रजस्थलको बारेमा चर्चा गर्ने सन्दर्भमा भएका पूर्वकार्यहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :-

१.५.१ **रजस्थल** पत्रिका पूर्णाङ्क २ मा ‘रजस्थल अङ्क एकबारे श्री हरिश्चन्द्र शाहको मन्तव्य’ नामक शीर्षकमा हरिश्चन्द्र शाहले अङ्क १ मा प्रकाशित सम्पूर्ण लेख रचनाहरूको समीक्षा गर्दै यस पत्रिकाले निरन्तरता प्रदान गरोस् भन्दै शुभकामना व्यक्त गरेका छन् । (परियार : २०६५ : २)

१.५.२ ‘पाठकको नजरमा रजस्थल’ शीर्षकमा डा. महेश्वर शर्माको प्रतिक्रिया पूर्णाङ्क ७ मा प्रकाशित छ । जसमा रजस्थलको वर्ष २ पूर्णाङ्क ५ मा लेखिएका सम्पूर्ण सामाग्रीहरूको तिन बुँदामा विवेचना गर्दै सजग र सचेत रहने सन्देश व्यक्त गरिएको छ । (परियार : २०६५, २)

१.५.३ **रजस्थल** पूर्णाङ्क सात ‘पाठकको नजरमा’ शीर्षकमा जगदीश पौडेलले अङ्क ५ मा प्रकाशित लेख रचनाहरूलाई सरसर्ती अवलोकन गरी तिन वटा सुझावहरू दिएर यस पत्रिकाले निरन्तरता पाओस् भनी शुभकामना प्रदान गरेका छन् । ( परियार : २०६५ : २)

१.५.४ **स्पेश टाइम**ले ‘मोफसलको मझेरी’ शीर्षकमा पूर्णाङ्क १६ मा नेपाली साहित्यिक पत्रकारितामा **रजस्थल** नामक भाषा र साहित्य प्रधान त्रैमासिक पत्रिका प्रकाशन

गरेर आफ्नो वर्चस्व कायम गर्न सफल भएको छ । पत्रिका भित्र रहेका केही कमी कमजोरीहरूलाई औल्याई सुझाव दिने काम भएको छ । (परियार : २०६५, २)

१.५.५ **रजस्थल** पूर्णाङ्क २४ मा रजस्थल पूर्णाङ्क २३ बारे 'जे.आर.अकिञ्चनको टिप्पणी' शीर्षकमा जे.आर.अकिञ्चनले पूर्णाङ्क २३ लाई समालोचनात्मक किसिमले अवलोकन गरी रजस्थल पत्रिका नियमित होस् र आफ्नो लक्ष्यमा पुगोस् भन्ने शुभेच्छाको कामना गरेका छन् । (परियार : २०६५ : ३)

१.५.६ **रजस्थल** पूर्णाङ्क २८ मा देवेन्द्र पौडेलको 'रजस्थल पूर्णाङ्क २६ लाई फर्केर हेर्दा' शीर्षकमा यस अङ्कमा प्रकाशित विभिन्न लेख रचना कथा कविता निबन्ध नाटक समालोचना समीक्षा आदिका बारेमा आफ्नो समीक्षात्मक दृष्टिकोण अघि बढाउँदै रजस्थलले कला भाषा संस्कृतिसँग सम्बन्धित रचनाहरू पस्कन नसकेको अवधारणा व्यक्त गर्दै यसले स्याङ्जाको गरिमामय इतिहास र युगीन चेतनालाई बहन गरी समुज्जवल भविष्यतर्फ सफलताका पाइला चुमोस् भन्ने शुभकामना दिएका छन् । (परियार : २०६५ : ३)

वि.सं. २०६५ सालमा बेली परियारले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत नेपाली विभाग पृथ्वीनारायण क्याम्पस पोखरामा नेपाली विषयको स्नाकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको 'रजस्थल पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन' शीर्षकमा गरिएको शोध पत्र कथाका क्षेत्रमा पहिलो पाइला चालेको मान्न सकिन्छ । यस शोध पत्रमा अङ्क १९ देखि अङ्क ३२ सम्मका कथाहरूको अध्ययन एवम् विश्लेषण गरिएको छ । उक्त अङ्कहरूमा जम्मा २६ वटा कथा रहेको पाइएको भएपनि समग्र कथाहरूले विविध क्षेत्रलाई छोएका छन् । उक्त २६ वटाको विश्लेषण गर्दा अधिकांश कथाहरू सामाजिक रहेको कुरा पुष्टि गर्दै सामाजिक समस्यामा केन्द्रित छन् भनिएको छ । १० वर्षे द्वन्द्वकालीन समयको झलक उतार्दै काम माम, दाम र बासको जोहो गर्न तमाम युवा युवतीहरू विदेशीनु पर्ने बाध्यताको जानकारी दिएको पाइएको छ । कतै उच्च शिक्षा प्राप्त गर्न गाह्रो भएको मानवताको सङ्कट परेको जातपात र छुवाछुत प्रथाको विरोध गरिएको, समतामुलक समाजको निर्माणको लागि कुरिति कुसंस्कार अन्धविश्वासको अन्त्य गर्नुपर्ने सामाजिक विकृति विसङ्गतिप्रति व्यङग्य विद्रोह गर्नुपर्ने, समाजसुधार,

राष्ट्रसुधार, राष्ट्रप्रेम जन्म भूमिप्रति माया ममता राख्नु पर्ने सन्देश पोखिएका छन् भनिएको छ । केही कथामा भाषिक परिमार्जन गर्नुपर्ने भनीभाषाको संरक्षकका लागि समेत कथाकार चिन्तित रहेको कुरा जानकारी दिएको छ । समग्रमा रजस्थल पत्रिकाको उक्त अङ्कमा प्रकाशित २६ वटा कथाले नेपाली कथा फाँटलाई अगाडि बढाउँदै नेपाली साहित्यिको अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

स्याङ्जा जिल्ला स्थित सदरमुकामबाट प्रकाशित रजस्थल त्रैमासिक पत्रिका एक महत्त्वपूर्ण साहित्यिक पत्रिका हो । यसले मोफसल र मोफसलेतर क्षेत्रका नवोदित सर्जकहरूका लेख रचना समीक्षाहरूलाई प्रकाशमा ल्याई नेपाली साहित्यको विकास एवम् विविध विधाको विकास र निरन्तरताका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ । यसमा प्रकाशित (अङ्क ३३ देदि ४५ सम्मका) कथाहरूको बारेमा छुट्टै अध्ययन र विश्लेषण नभएकाले उक्त कार्य पूरा गर्नु यस शोध पत्रको औचित्य र महत्त्व हो । यस शोध पत्रमा रजस्थल पत्रिकामा प्रकाशित गर्ने कथाकारहरूको छोटो परिचय समेत उल्लेख गर्ने अवधारणा राखिएकाले सम्बन्धित विषयमा जानकारी राख्न इच्छुक पाठक वर्ग तथा यस विधामा खोज, अध्ययन, अनुसन्धान गर्न चाहने साहित्यानुरागी वर्गका लागि सहयोगी समेत हुने भएकोले यो शोधकार्य उपयोगी ठहरिनेछ ।

## १.७ शोधको क्षेत्र र सीमा

स्याङ्जा साहित्य प्रतिष्ठानबाट २०५५ सालदेखि निरन्तर रूपमा प्रकाशित हुँदै आएको रजस्थल त्रैमासिक पत्रिकाको पूर्णाङ्क १ देखि पूर्णाङ्क १८ सम्म समग्र लेखरचनाको अध्ययन भइसकेको छ भने पूर्णाङ्क १९ देखि पूर्णाङ्क  ३२ सम्मका अङ्कमा प्रकाशित कथाको समेत अध्ययन एवम् विश्लेषण भएको हुनाले यसमा पूर्णाङ्क ३३ देखि पूर्णाङ्क ४५ सम्मका कथाको अध्ययन गर्नु नै प्रस्तुत शोध पत्रको अध्ययनको क्षेत्र र सीमा हो । यसमा लघु कथालाई र अन्य साहित्यिक लेख रचना एवम् विधाहरूलाई पनि समावेश गरिएको छैन ।

## १.८ शोध विधि

प्रस्तुत शोध पत्रमा कथा सिद्धान्तले तोकेका विश्लेषणका आधारलाई अङ्गीकार गर्दै कथाको विश्लेषण गरिएको हुँदा यसका लागि विशेषतः पुस्तकालयीय विधि क्षेत्रीय

अध्ययन पद्धतिको प्रयोग गरिएको छ । आवश्यकता अनुसार महेश्वर शर्मा, विश्वप्रेम अधिकारी, बलराम दोरङ्गा, चिन्तु गिरीलगायतका विज्ञहरूको सरसल्लाह र सुझाव पनि लिइएको छ । रजस्थल पूर्णाङ्क ३३ देखि ४५ सम्मका अङ्कहरूमा कथा प्रकाशित गर्ने कथा विधामा साधनारत साहित्यकारहरूको पहिचान र कथाहरूको अध्ययनमा केन्द्रित रहेको यो शोध पत्रमा वर्णनात्मक र विश्लेषणात्मक पद्धतिलाई अवलम्वन गरिएको छ ।

## १.९ शोध पत्रको रूपरेखा

प्रस्तुत शोध पत्रलाई सुव्यवस्थित पार्नका लागि पाँच अध्यायमा विभाजित गरिएको छ भने यी अध्यायहरूलाई पनि आवश्यकता अनुसार शीर्षक उपशीर्षकमा विभाजन गरि राखिएको छ । प्रस्तुत शोध पत्रको रूपरेखा निम्न किसिमको रहेको छ :-

अध्याय एक : शोध पत्रको परिचय

अध्याय दुई : कथाको सैद्धान्तिक परिचय

अध्याय तिन : नेपाली कथाको विकासक्रम

अध्याय चार : रजस्थल पत्रिकामा प्रकाशित कथाहरूको तत्त्वका आधारमा अध्ययन ।

अध्याय पाँच : उपसंहार

# अध्याय दुई
# कथाको सैद्धान्तिक परिचय

## २.१. कथाको व्युत्पत्ति र परिचय

मानिसका मुखबाट उच्चरित सार्थक ध्वनि प्रवाह नै भाषा हो । भाषा विचार विनिमयको सशक्त माध्यम भएको हुनाले यो गतिशील साथै परिवर्तनशील हुन्छ । लिपिको आविष्कारले भाषालाई लिखित स्वरूप प्रदान गरेको हुन्छ । भाषाको विकाससँगै साहित्यको जन्म हुन्छ । साहित्य समाजको दर्पण हो । साहित्यका विविध विधाहरू मध्ये एक प्रमुख गद्यका विधाका रूपमा कथालाई चिनिन्छ । मानव उत्पतिसँगै कथाको विकास भएको हुनाले यो अत्यन्त पूरानो विधा हो । आधुनिक कथाको प्रारम्भिक देन पश्चिमलाई दिनुपर्दछ । १९ औं शताब्दीको दोस्रो दशकदेखि अमेरिकाबाट आधुनिक कथाको शुरुवात भएको हो । (उपाध्याय २०३४: १२६) कथा आज सबै साम्‌ अति प्रिय र प्रभावकारी साहित्य बन्न पुगेको छ ।

कथा शब्दमा अनेक नामहरू पनि प्रचलनमा आएको पाइन्छ । आधुनिक आर्य भाषाहरूमा कथाको अतिरिक्त किस्सा, कहानी, कथा, वृतान्त, वर्णन आदि शब्दहरू प्रचलनमा आएका छन् । यी शब्दहरू नै कथाका पर्यायवाची शब्दका रूपमा प्रचलित छन् । आधुनिक कथाको शुरुवात वि.सं. १९९१ को शारदा पत्रिकाको प्रकाशन पछि भएको पाइन्छ । आधुनिक कथाको ऐतिहासिक प्रारम्भ बिन्दु गुरूप्रसाद मैनालीको नासो (१९९१) कथा हो । कथाको इतिहास खोतल्दै जाँदा पूर्वीय साहित्य जगतका प्राचीनतम नमुना मानिएका रामायण, महाभारत, वेदन उपनिषद् पूराणका साथै वृहत् कथा, पञ्चतन्त्र र हितोपदेशमा विभिन्न किसिमका कथाहरू भेटिन्छन् । त्यस्तै पाश्चात्य जगतमा पनि प्राचीन ग्रिसेली पूरा कथा महाकाव्य आदि हेर्दा अनेकथरी कथाहरू भेटिन्छन् । हिजो आजका कथाले मानव जीवनका दैनिक घटना र समस्यालाई लिएर मानिसको पसिना, रगत, आँसु, हाँसो आदिको यथार्थ चित्रण गर्ने गरेको पाइन्छ ।

## २.२. कथाको परिभाषा

कथा विधा मानव सभ्यताको विकासँगै जन्मेर प्रत्येक मान्छेका संवेदना, संवेग, अनुभूति साटासाट गर्ने महत्त्वपूर्ण माध्यम बनी युगयुगान्तदेखि क्रमशः विकसित हुँदै

आएको छ । कथा हाल्ने र सुन्ने चलनबाट विकसित यो क्रम वैदिक प्राह्मण, उपनिषद्, उत्तरवैदिक पौराणिक आदि कालखण्डबाट गुज्रिएको देखिन्छ । कथालाई शुरुदेखि अन्त्यसम्म नै विद्वानहरूले आ-आफ्नै ढङ्गबाट परिभाषित गर्ने काम गरेका छन् । पूर्वीय एवम् पाश्चात्य विद्वान्हरूले कथालाई यसरी परिभाषित गरेका छन् :

कुनै एउटा पात्रको जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो - गुरूप्रसाद मैनाली (शर्मा, २०५९ :३१)

एक बसाइमा पढी सकिने छोटो इतिवृतात्मक पाठकका लागि प्रभावकारी, आफैमा पूर्ण रचना हो । - एड्गर एलेन पो (दोरङ्गाः २०६१ : ५) ।

छोटो किस्सा एउटा सानो आँखी झ्याल हो जहाँबाट एउटा साने संसार चियाइन्छ । ... यसको ढङ्ग नाटकीय हुन्छ, थोरैमा धेरै मिठो र भरिलो हुनु किस्साको बानी हो । ....यसमा सबै रस निकाल्न सकिन्छ ... जीवनलाई एक दृष्यमा देख्न सकिन्छ यसमा कला छ - लक्ष्मीप्रसाद देवकोटा (पौडेल, २०६९ :८) ।

माथि उल्लेखित कथाकारहरूको परिभाषाबाट कथा आयामका दृष्टिले सानो हुने कुरा प्रष्ट हुनका साथै यसमा पात्रको सीमिततामा जीवनको कुनै खण्डको कलात्मक चित्रण गर्दछ भन्ने कुरा पनि प्रष्ट हुन्छ । वास्तवमा कथा सङ्क्षिप्त हुन्छ र हुनु पनि पर्दछ । सङ्क्षिप्तता वा लघुता नै कथाको खास पहिचान हो । कथा मानव जीवनको शास्त्रीय विवेचना नभई विचार र भावना सञ्चार गर्ने एउटा कला हो । तसर्थ कथा गद्यात्मक, अख्यानात्मक र सङ्क्षिप्त फुटकर रचना हो ।

## २.३. कथाका तत्त्वहरू :

कथा बन्नका लागि नभई नहुने सामाग्रीहरूलाई नै कथाको तत्त्व भनिन्छ । अर्थात् कथालाई सबल र पूर्ण बनाउनका लागि आवश्यक पर्ने घटकहरू नै कथाका तत्त्वहरू हुन् । कथाका तत्त्वहरूका बारेमा मत मतान्तर भए पनि मोटामोटी रूपमा कथाको तत्त्वहरूलाई निम्नानुसार देखाउन सकिन्छ :-

२.३.१ कथानक/कथावस्तु

२.३.२ चरित्र चित्रण

२.३.३ परिवेश

२.३.४ उद्देश्य

२.३.५ दृष्टिविन्दु

२.३.६ भाषाशैली

२.३.७ शीर्षक

### २.३.१ कथानक तथा कथावस्तु

कथामा पात्रहरूद्वारा घटित घटनालाई क्रमैसँग मिलाएर राखिएका योजनाबद्ध कार्यलाई कथावस्तु भनिन्छ । यसरी कथावस्तु बनाउँदा त्यसको आदि, मध्य र अन्त्यलाई ध्यान दिएर लेखिएको पाइन्छ । कथामा कथावस्तुलाई आदि, मध्य र अन्त्यका आधारमा शृङ्खलित गरिएको छ भने त्यसलाई रैखिक ढाँचा भनिन्छ । त्यसै गरी कथावस्तु अन्त्यबाट सुरु भई फेरि अन्त्यमा नै गएर टुङ्गिन्छ भने त्यस्तो ढाँचालाई वृत्तकारीय ढाँचा भनिन्छ यस्ता कथामा क्रमबद्धतामा विचलन आई कथा भूमरी झैँ घुमेको हुन्छ । कथाकारले जुन ढाँचालाई अपनाए पनि कथावस्तुको स्रोत आर्थिक, सामाजिक, पौराणिक, राजनीतिक, धार्मिक, नैतिक, मनोवैज्ञानिक आदि हुन सक्छन् । आज यो तत्त्व निकै शक्तिहीन भएको छ र यसको पुर्ख्यौली लक्षण मुस्किलले बाँचिरहेको छ । (श्रेष्ठ, २०५७ : १०) यसरी कथा कहानीको रूपमा रहेको हुँदा यस्ता कथामा कथावस्तुको निश्चित क्रम पाइदैन ।

### २.३.२ चरित्र चित्रण

कथामा कुनै घटना विषयवस्तुलाई सार्थक रूपमा प्रस्तुत गर्न व्यवस्थित रूपले प्रयोग गरिने मानवीय वा मान वेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथामा कथाकारले जड वस्तुलाई पनि पात्र बनाएको पाइन्छ । लिङ्गका आधारमा स्त्री पुरुष पात्रको प्रयोग गरिएको हुन्छ भने कार्यका आधारमा मुख्य सहायक र गौण । त्यसैगरी प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल गरी प्रयोग गरिन्छ भने स्वभावगत आधारमा गतिशील र गतिहीन । जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत हुन्छन् भने आसन्नताका आधारमा मञ्चीय र नेपथ्य । त्यसैगरी आवद्धताका आधारमा बद्ध र मुक्त गरी पात्रको विभाजन गरिएको पाइन्छ । कथामा कथाकारले पात्रलाई आफ्ना विचारहरू संप्रेषण गर्ने माध्यम बनाएको हुन्छ । त्यसैले कथामा पात्रको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ ।

### २.३.३ परिवेश

परिवेश भन्नाले कथाका पात्रहरूले सम्पन्न गरेको कार्यव्यापार भएको स्थान, समय र वातावरणलाई बुझाउँछ । यसलाई अर्को शब्दमा देश, काल, परिस्थिति पनि भनिन्छ । स्थान भन्नाले कथाको कार्यव्यापार भएको ठाउँ, समय भनेको कार्यव्यापार हुँदाको समय र वातावरण भन्नाले त्यहाँको सामाजिक एवम् सांस्कृतिक पक्षलाई समेटेको पाइन्छ । परिवेशले कथालाई बढी विश्वसनीय र जीवन्त तुल्याउन सहयोग पुऱ्याउँछ । यसरी लेखिएको कथा समयसापेक्ष हुनुपर्दछ ।

### २.३.४ उद्देश्य

कुनैपनि कार्य विना उद्देश्य गरिदैन । कथाकारले कथाको रचना गर्दा आफ्नो कथाको उद्देश्य निर्धारण गरेको हुन्छ । कथाकारले कथाको रचना गर्दा उद्देश्यलाई समयानुकूल बनाएको पाइन्छ । कथामा कथाकारले कथानक, पात्र, सम्वाद, परिवेश आदिका माध्यमबाट कथाको उद्देश्य पाठक सामु पुऱ्याएको पाइन्छ । पाठकलाई नैतिक तथा सुधारवादी चेतना दिनु, यथार्थबोध गराउनु, भाव वर्णन गर्नु, सौन्दर्यात्मक प्रभाव दिनु कथाकारका उद्देश्य हुन्छन् । मानिसका मनोजगतलाई केलाउँदै त्यसमा आइपर्ने समस्या, सङ्घर्ष अनुभूति हुने रहस्यका कलात्मक ढङ्गले अङ्कन गर्नु नै कथाको मूलभूत उद्देश्य हो ।

### २.३.५ दृष्टिबिन्दु

कथाकारले कथा लेख्नका निम्ति कथावस्तुको परिकल्पना गरिसकेपछि उक्त कथावस्तुलाई मूर्त रूप दिन कल्पित पात्रलाई वैकल्पिक स्थानमध्ये कुनै एक निश्चित स्थानमा उभ्याएको हुन्छ । कथाकारले विचार अनुरूप कथामा दृष्टिविन्दुको प्रयोग गर्ने भन्ने कुरा हुन्छ । कुनै कथामा म पात्रको निर्णाय भूमिका हुन्छ भने कुनै कथामा ऊ पात्रको कथाकार र पाठकबिचका भाव विचार वा दर्शनको पारस्परिक विनियमको आधार नै दृष्टिबिन्दु हो । (श्रेष्ठ, २०५७ : ११) कथामा प्रयुक्त पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको हुन्छ । कथामा त्यस पात्रको निश्चित प्रकारको सम्बन्ध रहेको हुन्छ । कथामा रहने पात्रको भूमिकाका आधारमा दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् :-

क) आन्तरिक दृष्टिविन्दु

ख) वाह्य दृष्टिविन्दु

## क)	आन्तरिक दृष्टिविन्दु

आन्तरिक दृष्टिविन्दुलाई प्रथम पुरुष दृष्टिविन्दु पनि भन्ने गरिन्छ । यस्तो दृष्टिविन्दु भएको कथामा कथयिकाले घटना र पात्रको वर्णन गर्दा कथाभित्र आफूलाई संलग्न गर्दछन् । यसमा भनिएको कथा आत्मकथाका रूपमा आएका हुन्छन् । वैयक्तिक मानसिकता, संवेग, भाव, प्रतिक्रिया आदिको प्रस्तुतीकरणमा यो दृष्टिविन्दु धेरै उपयोगी हुन्छ । (श्रेष्ठ, २०५७ : ११) । आन्तरिक, दृष्टिविन्दु पनि दुई किसिमका हुन्छन् । केन्द्रीय र परिधीय । केन्द्रीय आन्तरिक दृष्टिविन्दुमा कथयिता नै कथाको प्रमुख पात्र हुन्छ । उले आफ्ना निजी विचारहरू व्यक्ति गरेको हुन्छ । परिधीय आन्तरिक दृष्टिविन्दुमा कथाको कथयिता म पात्र हुन्छ । केन्द्रीय घटना र चरित्र भन्दा अलि टाढा बसेर घटनाको वर्णन गरिरहेको हुन्छ ।

## ख)	वाह्य दृष्टिविन्दु

वाह्य दृष्टिविन्दुलाई तृतीय पुरुष वाह्य दृष्टिविन्दु पनि भनिन्छ । यस्तो कथामा कथयिता नै सम्पूर्ण घटना वा विषयको ज्ञाता हुन्छ । कथयिता घटना स्थल भन्दा टाढा रहेर अर्काको टिप्पणी गरिरहेको हुन्छ । यसमा तृतीय पुरुष -ऊ, त्यो, उनी, तिनी) को प्रयोग गरिन्छ । वाह्य दृष्टिविन्दु पनि सर्वदर्शी, सीमित र वस्तुगत गरी तिन किसिमको पाइन्छ । सर्वदर्शी वाह्य दृष्टिविन्दुमा कथाकारले पात्रहरूको मनभित्रका भावना चिन्तन, विचार आदिको वर्णन विश्लेषण गर्दै पात्रको आन्तरिक जीवनका बारेमा परिचय दिन्छ । सीमित दृष्टिविन्दुमा कथयिता एउटा पात्रप्रति मात्र केन्द्रीत रहेको हुन्छ । वस्तुगत वाह्य दृष्टिविन्दुमा पात्रका मनोदशामा नलागीकन कथाको सारवस्तुलाई स्पष्ट पार्न खोजिएको हुन्छ ।

पात्रको उपस्थिति, सार्थकता, जीवन्तता, विश्वसनीयता, दृष्टिविन्दुमा निर्भर पर्ने भएकाले कथामा यसलाई महत्त्वपूर्ण तत्त्वका रूपमा स्वीकार गरिएको हुन्छ ।

## २.३.६. भाषाशैली

भाषा विचार विनिमयको माध्यम हो । साहित्य पनि भाषामा नै लेखिन्छ । कथामा भाषाको प्रयोगद्वारा कथाकारले पाठक समक्ष आफ्ना विचारहरू व्यक्ति गर्दछ । कथामा कथाकारले प्रयोग गर्ने भाषा दुई किसिमको हुन्छ । जसमा कथाकार आफैले भाषाको प्रयोग गरेको हुन्छ । यस्तो भाषा नियमबद्ध, स्तरीकृत र लेखकीय, वैयक्तिक स्तर अनुरूप हुने गर्दछ भने दोस्रो किसिमको भाषा कथाकारले कथामा प्रयोग गरिएका पात्रहरूको

परिवेश अनुकूल, स्तरअनुरूपको गरेको पाइन्छ । यसरी भाषाको प्रयोग सरल र आलंकारिक गरी दुई प्रकारले गरिएको पाइन्छ ।

शैली कथाको समग्र पक्षसँग सम्बन्धित हुन्छ । शैलीलाई व्याख्यात्मक, वर्णनात्मक, काव्यात्मक, संवादात्मक र वैज्ञानिक आदि किसिमबाट कथाकारले कथामा प्रयोग गरेको पाइन्छ ।

### २.३.७ शीर्षक

क्थाको नभइ नहुने र महत्त्वपूर्ण तत्त्व शीर्षक हो । कथा भित्र रहेका सम्पूर्ण कुराहरूको प्रतिनिधित्व शीर्षकले गरेको हुन्छ । शीर्षक विनाको कथा अधुरो र अपुरो हुन्छ ।

## २.४. कथाको वर्गीकरण

साहित्यका विविध विधाहरूमध्ये कथा सशक्त गद्य विधा हो । कथा विधा समयानुकूल परिवर्तन हुँदै गतिशील रहेको छ । यो संसारभरि अति नै लोकप्रिय भएर रहेको छ । एउटा कथाकारका कथाहरू पनि वस्तु, विचार र प्रस्तुतिको सुक्ष्मतम् भिन्नताले गर्दा विविध प्रकारमा वगीकृत रहन सक्दछन् भने अहिलेको असीम कथा राशीलाई खास वर्ग भित्र वा प्रकार भित्र सीमित गर्नु असम्भव देखिन्छ । (शर्मा २०४९ : ८९) कथा अनेक प्रकारका हुन्छन् । कथालाई यति नै प्रकारमा विभाजन गर्न सकिन्छ भनेर किटान गर्न सजिलो छैन । तर आधुनिक समालोचकहरूले विभिन्न आधारमा कथाको विभाजन गर्ने प्रयास गरेका छन् । कथालाई विषयवस्तुका आधारमा, स्रोतको आधारमा, शैलीको आधारमा, रुचिक्षेत्रको आधारमा, रीतिक्षेत्रको आधारमा, दृष्टिविन्दुको आधारमा आदि विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ ।

### २.४.१. विषयवस्तुका आधारमा

क) ऐतिहासिक कथा

ख) पौराणिक तथा धार्मिक कथा

ग) सामाजिक कथा

घ) मनोवैज्ञानिक कथा

ङ) दार्शनिक कथा

च) राजनीतिक कथा

छ) साहसिक

ज)	जासुसी

झ)	प्रेमपरक

ञ)	नीतिवादी

ट)	लोक कथात्मक

ठ)	आदर्शपरक

ड)	समस्याप्रधान

ढ)	पौराणिक

### २.४.२. उद्देश्यका आधारमा

क)	घटना प्रधान

ख)	चरित्र प्रधान

ग)	विचार प्रधान

घ)	समस्यामूलक

### २.४.३. विषयवस्तुका आधारमा

हरेक कथाकारले कथा लेख्ने क्रममा आफ्नो रुचिअनुसार विषय छनौट गर्ने गर्दछन् । कथाकारले कुनै विषयलाई प्रस्तुत गर्न रुचि रखेको छ, त्यसकै आधारमा कथालाई वर्गीकरण गरिन्छ । रुचिक्षेत्रको आधारमा कथालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

### २.४.३.१ सामाजिक कथा

कथाकारले आफ्ना मूल्य र मान्यतालाई आधार मानेर कथा लेखेमा त्यस्तो कथा सामाजिक कथा हुन्छ । यस्ता कथामा कथाकारले समाजको यथार्थता पस्किएको हुन्छ । विकृतीलाई केलाएर आलोचना पनि गरेका हुन्छन् । समाजमा रहेका कमी कमजोरीलाई केलाएर मार्ग निर्देशन गर्ने काम सामाजिक कथामा हुन्छ । निम्न मध्यम वर्गीय समस्या, पारिवारिक तनाव विघटनको स्थिति, ग्रामीण जनजीवनका विविध पक्ष, सामाजिक विकृति र परिणाम, आर्थिक द्वन्द्व, सामाजिक मूल्य र मान्यता जस्तो विषयहरू सामाजिक यथार्थवादी कथामा उठाइन्छ । (श्रेष्ठ, २०३९ : ९) कथामा समाजको यथार्थता झल्केको हुन्छ । वि.सं. १९९२ को गुरूप्रसाद मैनालीको नासो कथाबाट आधुनिक नेपाली कथा

क्षेत्रमा सामाजिक कथा लेखनको प्रारम्भ भएको हो । यस कथामा समाज भित्र देखिएका दुष्परिणामलाई खोतली समाजको प्रतिबिम्ब खिच्ने काम गरिएको छ ।

### २.४.३.२ ऐतिहासिक कथा

समयको प्रवाहसँगै घटेका घटनालाई पृष्ठभूमि बनाएर रचना गरिने कथालाई ऐतिहासिक कथा भनिन्छ । देशको राष्ट्रियता, राष्ट्रिय अखण्डता र देशभक्ति पूर्ण भावना पाठकमा सञ्चरण गराउने काममा यस प्रकारका कथाले महत्त्वपूर्ण योगदान दिएका हुन्छन् । त्यसका साथै यस प्रकारका कथाले राष्ट्रको प्राचीन सभ्यता, धर्म, संस्कृति, रीतिरिवाज, चालचलन र आर्थिक स्थितिलाई पनि चित्रण गर्ने काम गर्दछन् ।

### २.४.३.३ मनोवैज्ञानिक कथा

पात्रका मनको अध्ययन विश्लेषण गरी लेखिएको कथा मनोवैज्ञानिक कथा हो । यस्ता कथामा मान्छेका मनस्थितिभित्रका विभिन्न गतिविधिलाई उद्घाटन गरेर कथा लेखिएको हुन्छ । यसमा कथाकारले मानव मनका अन्तर्तहरूलाई केलाएर कथा रचना गर्दछन् । मनोविज्ञानका जन्मदाता सिग्मण्ड फ्रायडको फ्रायडवादको प्रभावबाट लेखिएका कथाहरूमा यौनका विविध पक्षको चित्रण गरिएको छ । इद, अहम र पराअहमसँग सम्बद्ध चेतन र अचेतन मन बिचको द्वन्द्वलाई प्रस्तुत गर्दै मनोवैज्ञानिक कथाहरूमा यौनको दमित रूपबाट निस्कने समस्या र विकृतिहरूलाई दर्शाइएको हुन्छ । (श्रेष्ठ, २०५७ : १४) आधुनिक नेपाली कथा साहित्यमा वि.सं. १९९२ को शारदा पत्रिकामा प्रकाशित विश्वेश्वरप्रसाद कोइरालाको चन्द्रवदन कथाबाट मनोवैज्ञानिक धाराको थालनी भएको हो । यस धारालाई अगाडि बढाउने काम कोइरालापछि भवानी भिक्षु, गोविन्द बहादुर मल्ल गोठाले, विजय मल्ल, पारिजात आदिले गरे । मनोवैज्ञानिक कथाभित्र पनि बाल मनोवैज्ञानिक कथा, यौन मनोवैज्ञानिक कथा, अपराध मनोवैज्ञानिक कथा आदि विविध प्रकारका हुन्छन् ।

### २.४.३.४ अस्तित्ववादी कथा

जीवनमा स्वतन्त्रताको वकालत गर्ने र आफ्नो निर्णयको परिणाम पनि आफै भोग्न तत्पर हुने प्रवृत्ति अस्तित्ववादी कथामा पाइन्छ । अस्तित्ववादी कथामा विसङ्गत जीवनको चित्र गरिएको हुन्छ । विसङ्गतिले घेरिएको संसारमा मानिसले अनवरत अस्तित्वको खोजीमा सङ्घर्ष गरिरहेको हुन्छ । नैतिकता परम्परागत मूल्य एवम् मान्यता जस्ता

नचाहिने कुराहरू हुन् किनभने मानिसका साथमा रहने कुरा त एकलोपना, दुष्चिन्ता, मृत्यु आदि हुन् भन्ने मान्यता यसमा छ । सामाजिक बन्धनलाई भुलेर आफ्नो मूल्यको संरक्षण गर्नु मानिसको काम हो । (बराल र एटम, २०५८ : ६२) यही विषयवस्तु बनाएर लेखिएका कथा अस्तित्ववादी कथा हुन् । जीवनको निरासावादी पक्षको पृष्ठभूमिमा मानिसका जिजीविषा, बाध्यता, सङ्घर्षशीलता र अन्त्यमा पराजयको तितो स्थितिलाई अस्तित्ववादी कथाकारहरूले मुख्य विषयको रूपमा लिएका हुन्छन् । (श्रेष्ठ, २०५७ : १५) अस्तित्ववादी कथामा आत्म सङ्घर्ष र बाह्य सङ्घर्षका विभिन्न शृङ्खलामा मानिस पराजित हुन पुग्दछ तैपनि ऊ निस्सार र निरर्थक जीवन जीउन बाध्य हुन्छ ।

### २.४.३.५ प्रगतिवादी कथा

यस्ता कथामा कलाकारले समाजकै आर्थिक स्थितिलाई देखाउँछ र साथसाथै सामन्ती मनोवृत्ती अनि निमुखाहरूले भोग्नुपरेको दुर्दशापूर्ण परिस्थितिलाई देखाइएको हुन्छ । गरीवप्रति सहानुभूति देखाइएको हुन्छ । द्वन्द्वात्मक भौतिकवादको आधारमा समाजमा विद्यमान अन्र्तद्वन्द्वप्रति आफ्नो ध्यान आकृष्ट गरेर प्रगतिवादी कथाकारहरूले वर्ग, द्वन्द्व रहित आदर्श समाजको कल्पना गरेका हुन्छन् । (श्रेष्ठ, २०५७ : १५)

यस्ता कथाहरूमा समाजका निम्न वर्गीय मानिसहरूले उच्च सम्मानका साथ बाँच्न पाउनुपर्दछ र धनीहरूले गरीवहरूमाथि शोषण, अन्याय, अत्याचार गर्नुहुँदैन भन्ने प्रगतिवादी कृष्टिकोण व्यक्त भएको पाइन्छ । रुचि क्षेत्रको आधारमा कथाका केही मुख्य प्रकारहरू माथि उल्लेख गरिए पनि अन्य प्रकारका रूपमा पौराणिक, दार्शनिक, वैज्ञानिक, धार्मिक आदि कथाहरू पनि हुन्छन् ।

## २.४.४ रीतिक्षेत्रको आधारमा

रीतिक्षेत्रको आधारमा कथाको विश्लेषण गर्दा कथामा प्रयोग भएको रीति वा प्रणालीलाई ध्यानमा राखिन्छ । एउटै विषयको कथालाई विभिन्न रीति वा प्रणालीमा लेख्न सकिन्छ । (श्रेष्ठ, २०५७ : १५) कुनैपनि कथाकारले आफ्ना कथाका लागि चयन गरेको सामाजिक, दार्शनिक, मनोवैज्ञानिक आदि विषयवस्तुहरू प्रयोग गर्ने तरिका रीतिक्षेत्र हो । रीतिक्षेत्रको आधारमा पनि कथालाई विभिन्न प्रकारमा वर्गीकरण गरिएको हुन्छ । जस्तै यथार्थवादी कथा, स्वछन्दवादी कथा, आदर्शवादी कथा, प्रयोगावादी कथा आदि ।

यथार्थवादी कथामा जीवन र जगतको यथार्थ कुरालाई वस्तुपरक ढङ्गले प्रस्तुत गरिएको हुन्छ । समाजभित्रका यथार्थ कुरालाई सुक्ष्म किसिमले केलाएर प्रस्तुत गरिएको हुन्छ । स्वच्छन्दतावादी कथामा आदर्शवाद भावुकता तथा आत्मपरकता जस्ता कुरालाई महत्त्व दिइएको हुन्छ । विषयवस्तुलाई स्वछन्द पाराले प्रस्तुत गरिएको हुन्छ । कल्पना र सपनाको संसारमा पाठकलाई विचरण गराइएको हुन्छ । प्रयोगवादी कथामा परम्परागत कथा साहित्यको मूल्य मान्यतालाई नकार्दै नवीन शैलीलाई अवलम्वन गरिएको हुन्छ । यस्ता कथामा गद्य, पद्य वा मिश्रित भाषाका प्रयोग गरिएको हुन्छ । व्याकरणात्मक नियम भन्दा वैयक्तिक भाषालाई महत्त्व दिइएको र विसङ्गतिपूर्ण शैलीप्रति रुचि राखेको पाइन्छ । कथाकार इन्द्रबहादुर राइको खीर (२०१९) कथाबाट यस धाराको थालनी भएको हो । यस अन्तर्गत मूल रूपमा आयामेली कथा, कथाहीन कथा वा अकथा तथा स्वैरकाल्पनिक कथाहरू पर्दछन् ।

### २.४.५ शैलीको आधारमा कथाको वर्गीकरण

कथाको कथावस्तु वा घटनालाई प्रस्तुत गर्ने तरिका नै शैली हो । शैलीका आधारमा पनि कथालाई विविध तरिका बाट छुट्याउन सकिन्छ :-

क) वर्णात्मक शैली

ख) डायरी शैली

ग) पात्रात्मक शैली

घ) संवादात्मक शैली

# अध्याय तिन

# नेपाली कथाको विकासक्रम

## ३. नेपाली कथाको विकासक्रम

साहित्यका विविध विधाहरूमध्ये गद्य विधा अन्तर्गत पर्ने कथा पनि प्रमुख विधाका रूपमा चिनिन्छ । नेपाली कथाको विकासक्रम नेपाली लोक जीवनमा प्रचलित लोक कथा, दन्त्य कथा, लोक गाथा, बालुन, सोरठी, गाउँ खाने कथा आदि विभिन्न आख्यानयुक्त लोक साहित्यको पृष्ठभूमिबाट प्रारम्भ भएको हो ।

नेपाली कथाको प्रारम्भ संस्कृत भाषामा लेखिएका विभिन्न ग्रन्थहरूको अनुवादसँगै भएको पाइन्छ । मौखिक रूपमा अघि बढेको कथाको प्रारम्भिक स्रोत वैदिक साहित्य हो । लिखित रूपलाई हेर्दा नेपाली भाषाको पहिलो कथाकृतिको रूपमा शक्तिवल्लभ अर्यालको महाभारत विराट पर्व (१८२७) देखापर्दछ । यो अनुवादित कृति हो यसै कृतिबाट नेपाली कथा परम्पराको थालनी भएको मानिन्छ ।

नेपाली कथा साहित्यको इतिहास वि.सं. १८२७ देखि प्रारम्भ हुन्छ भने त्यसमा आधुनिकता वरण १९९१ पछि मात्रै भएको हो । यस अवधिमै पनि नेपाली कथाले प्रशस्त विकसका सोपानाहरू पार गरिसकेको छ । यही नेपाली कथा साहित्यको शृङ्खलालाई विभिन्न काल र चरणमा गरी अध्ययन गरेको पाइन्छ । कथाको विकासक्रमलाई विभाजन गर्ने क्रममा पनि विभिन्न विद्वानहरूबीच मतैक्यता रहेको पाइन्छ । काल विभाजनका क्रममा विभिन्न विद्वानहरूको बीच मतैक्यता देखिए तापनि अध्ययन सुविधाका लागि नेपाली कथाको काल विभाजन निम्नानुसार गरिएको पाइन्छ :-

प्राथमिक काल (वि.सं. १८२७ - १९५७ सम्म)

माध्यमिक काल (वि.सं. १९५८ - १९९१ सम्म)

आधुनिक काल (वि.सं. १९९२ - हालसम्म)

## ३.१ प्राथमिक काल (वि.सं. १८२७ -१९५७ सम्म)

नेपाली कथा परम्पराको थालनी शक्ति वल्लभ अर्यालद्वारा लिखित महाभारत विराटपर्व १८२७ बाट भएको पाइन्छ । यसैबाट नेपाली कथाले लेख्य रूप धारण गऱ्यो । यस अवधिमा खास गरी संस्कृत, अङ्ग्रेजी र भारतीय लिखित आख्यानात्मक सन्दर्भहरूको

प्रक्रिया देखापर्दछ । यस समयमा लेखिएका कथा विशुद्ध कथाहरू नभएर पनि गद्य आख्यानका राम्रा नमूना हुन् । नेपाली कथाको पृष्ठभूमि निर्माण गर्ने यस समयका कथाले नैतिक उपदेश दिने र मनोरञ्जन दिने कार्य गर्दथे ।

संस्कृतबाट अनुदित आख्यानात्मक कृतिहरू शक्तिवल्लभ अर्यालको **महाभारत विराट पर्व** (१८२७), भानुदत्त शर्माको **हितोपदेश मित्रलाभ** (१८३३), अज्ञात लेखकको **पिनाशको कथा** (१८८२), त्यसै गरी अङ्ग्रेजीबाट अनुदित कृतिहरूमा सेरामपुरको **बाइबल** (१९४६), फारसी भाषाबाट अनुदित गरिएको मुन्सीको **तिन आहान** आदि प्रमुख छन् ।

नैतिक एवम् सामाजिक सुधारको अपेक्षा राख्नु, धार्मिक सांस्कृतिक परिवेशलाई यथावत राख्नु यस अवधिका कथाहरूको विशेषता मानिन्छ । धार्मिक प्रभाव पार्ने खालका रचनाहरूको अनुवाद गरिनु वीरता र शौर्यको वर्णन आदि यस कालका प्रमुख प्रवृत्तिहरू हुन् ।

## ३.२ माध्यमिक काल (वि.सं. १९५८ - १९९१ सम्म)

नेपाली कथा परम्पराको माध्यमिक काल गोरखापत्र (१९५८) को प्रकाशनसँगै शुरु भई शारदा (१९९१) पत्रिकाको प्रकाशनसँगै समाप्त हुन्छ । माध्यमिककालीन कथाको विकासमा गोरखापत्रका अतिरिक्त **गोर्खे खबर कागज माधवी, गोर्खाली** र **चन्द्रिका** जस्ता पत्रिकाहरूको उल्लेख्य योगदान रहेको छ । यस अवधिमा प्रकाशित केही कथा र कथाकारका कथाहरू यस प्रकार छन्ः- सदाशिव शर्माको **सुन्दरी भुषण** (१९४६), रामप्रसाद सत्यालका **कलावती** र **वीरमती** (१९६४, १९६६), सूर्यविक्रम ज्ञावलीको **देवीको बली** आदि प्रमुख रहेका छन् । यसै अवधिमा प्रकाशित अन्य कथाहरूमा **विनास काले विपरित बुद्धि** ( १९४९), **उट्पट्याङ्** (१९५९), **कर्मको फल** (१९७८) आदि पर्दछन् ।

यस कालको आगमनसँग अनुवाद रूपान्तर गर्ने प्रवृत्तिको अन्त्य भयो । यस अवधिका कथामा नैतिक उपदेश, धार्मिक, सांस्कृतिक उत्थानमा जोड, जीवनको आदर्श पक्षको वर्णन, मानवीय र मानवेत्तर पात्रको उपस्थिति, सामाजिक सुधारको चेतना आदि यस कालका मुख्य प्रवृत्तिहरू हुन् । खासगरी आदर्शवादी मान्यतालाई अघि सार्नु विभिन्न कथाहरूको विशेषता मानिन्छ ।

विभिन्न भाषाहरूको अनुवाद रूपान्तरण परम्पराको विस्तारै अन्त्य भई मौलिक कथाहरू लेखिनु पनि यस उत्तरार्द्धकालीन कथाहरूको विशेषता रहेको छ । नेपाली कथा

परम्पराको यस अवधिमा आधुनिक कालको सुत्रपातको निम्ति विधागत सचेतता, व्याकरणिक अनुशासन एवम् सामाजिक विषयहरू समावेश हुनु उपलब्धिपूर्ण मानिन्छ ।

## ३.३ नेपाली कथाको आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

नेपाली कथाको आधुनिककाल वि.सं. १९९२ जेठमा शारदा पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको नासो कथाबाट प्रारम्भ हुन्छ । सामाजिक विषयवस्तु र नवीन शील्प तथा शुद्ध भाषिक प्रयोगसँगै नेपाली कथा परम्परामा आधुनिक कालको सुत्रपात भएको हो । नासो कथा छापिएको २/३ महिनापछि शारदा पत्रिकामा विश्वेश्वरप्रसाद कोइरालाको **चन्द्रवदन** (१९९२) कथा छापिएपछि नेपाली कथा झन् सुदृढ एवम् विकसित हुँदै गयो । आधुनिककालीन नेपाली कथामा देखा पर्दै गएका विभिन्न प्रवृत्ति र प्रयोगका आधारमा यसलाई निम्न लिखित दुई भागमा विभाजन गर्न सकिन्छ :-

३.३.१. यथार्थवादी धारा (१९९२-२०२०)

३.३.२ नवयुग (वि.सं. २०२० देखि हालसम्म)

### ३.३.१. यथार्थवादी धारा (१९९२-२०२०)

नेपाली कथा लेखनको सन्दर्भमा १९९२ देखि यथार्थवादी धाराको थालनी भएको हो । उक्त धाराको थालनी गुरुप्रसाद मैनालीको नासो कथाबाट भएको हो ।

#### ३.३.१.१ सामाजिक यथार्थवादी धारा

वि.सं. १९९१ को शारदा पत्रिकामा गुरूप्रसाद मैनालीको नासो कथा प्रकाशित भएपछि आधुनिक नेपाली कथा परम्परामा सामाजिक यथार्थवादी धाराको थालनी भएको हो । यस अवधिको मुख्य विशेषता यथार्थवाद नै हो । समाजका विभिन्न विषयवस्तुलाई लिएर यथार्थपरक चित्रण गरिएका कथालाई यथार्थवादी कथा भनिन्छ । मैनाली आधुनिक कथाका प्रवर्तक हुन् । यस धाराका कथामा नेपाली समाजमा भएका र हुन सक्ने घटनाको रोचक चित्रण गरिएको पाइन्छ । यस धाराका प्रमुख विशेषताहरूलाई निम्नानुसार देखाउन सकिन्छ :-

- सत् र असत् पात्रका बीचको द्वन्द्व,
- आदर्श समाजको स्थापनामा जोड,
- नैतिक मूल्य र मान्यताको स्थापना,
- नीति नियम र सामाजिक सुधारका पक्षमा जोड ।

यस समयका अन्य कथाकारहरूमा पुष्कर समशेर, कालकृष्ण सम, हृदयश्चन्द्र सिंह प्रधान, भिमनिधि तिवारी, शिवकुमार राई, शङ्कर कोइराला आदि प्रमुख रहेका छन् ।

### ३.३.१.२ मनोवैज्ञानिक धारा

मानवीय मनका विविध अवस्थाबारे यथार्थ चित्रण गरिनु नै मनोविज्ञान हो । यस धाराको थालनीकर्ता विश्वेश्वरप्रसाद कोइराला हुन् । १९९२ को शारदा पत्रिकामा कोइरालाको चन्द्रवदन कथा प्रकाशित भएपछि यस धाराको औपचारिक रूपमा सुत्रपात भएको हो । मानिसको मनलाई चेतन, अवचेतन र अचेतनका रूपमा विभाजन गर्दै तिनीहरूका बीचको द्वन्द्वलाई देखाउनु मनोवैज्ञानिक कथाहरूको विशेषता मानिन्छ । यस किसिमका कथामा बालमनोविज्ञान, यौन मनोविज्ञान र अपराध मनोविज्ञान लगायतका विषयवस्तुले विशेष प्राथमिकता पाएका हुन्छन् । यस धाराका कथाहरूमा फ्रायड, एड्लर र यूङ्को मनोविश्लेषणको चित्र पाइन्छ । मानवीय मनको विभिन्न अवस्थाको चित्रण गर्ने यस धाराका कथाकारहरूमा विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, गोविन्द बहादुर मल्ल गोठाले, देवकुमारी थापा आदि रहेका छन् ।

यस धाराका मुख्य प्रवृत्ति यस प्रकार रहेका छन् :-

- मानिसको मनलाई चेतन, अवचेतन र अचेतनका रूपमा विभाजन गरिनु ।
- नारीका विभिन्न अवस्थासँग देखा पर्ने विभिन्न घातप्रतिघातको स्वभाविक चित्रण ।
- अवचेतन मनका दमित कामवासनाको कारणले उत्पन्न कुण्ठा, नैराश्यता, आक्रोश, विक्षिप्तता आदिको चित्रण ।
- सामाजिक एवम् सांस्कृतिक सन्दर्भलाई पनि मानवीय मनोदशासँगै जोडेर हेर्ने गरिएको ।

### ३.३.१.३ प्रगतिवादी धारा

समाजमा विद्यमान विभेदहरूका कारण उत्पन्न द्वन्द्वलाई लक्षित गरी लेखिएका कथाहरू यस धारा अन्तर्गत देखा पर्दछन् । यिनमा विशेष गरी मार्क्सवादी सिद्धान्तको प्रभाव र वर्ग द्वन्द्व जस्ता विषयहरूको प्रधानता रहन्छ । वि.सं. २००६ सालमा प्रकाशित रमेश विकलको गरीव कथाबाट समाजवादी यथार्थवादी वा प्रगतिवादी धाराको सुत्रपात भएको पाइन्छ । आधुनिक नेपाली कथा परम्परामा देखापर्ने प्रगतिवादी कथाकारहरूमा

रमेश विकल, हृदयश्चन्द्रसिंह प्रधान, तारानाथ शर्मा, बालकृष्ण पोखरेल आदि । यस धाराका प्रमुख विशेषताहरूलाई निम्नानुसार देखाउन सकिन्छ :-

- आर्थिक विषमता, सामाजिक विकृति, विसङ्गति रुढीवादी, अन्धविश्वाससँग सम्बद्ध विषयहरूमाथि प्रकाश पार्नु,
- निम्न वर्ग प्रति विशेष सहानुभूति दर्शाउनु,
- समतामूलक समाजको परिकल्पना आदि ।

**३.३.२ नवयुग (वि.सं. २०२० देखि हालसम्म)**

वि.सं. २०२० देखि हालसम्मको समयावधिलाई आधुनिक कथा विकासको नवयुग मानिन्छ । यसको थालनी २०२० सालमा आयामेली आन्दोलनसँगै भएको हो । इन्द्रबहादुर राई, शङ्कर लामिछाने, ध्रुवचन्द्र गौतमका कथाहरू नेपाली कथालाई नयाँ दिशातिर मोडेका छन् । आधुनिक नेपाली कथामा नवयुगको सङ्क्रमण २०१७ सालतिर आरम्भ भए तापनि २०२० सालको आयामेली आन्दोलनबाट नवयुगको औपचारिक आरम्भ भएको हो । यस अवधिमा संरचना र रूप विधानमा नवीनता र अस्तित्ववादी विसङ्गतिवादी चिन्तनको प्रभावजस्ता कुराले महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

यस युगमा **आयामेली** (२०२०), **राल्फा आन्दोलन** (२०२३), **अस्वीकृत जमात** ( २०२५), **अमलेख** (२०२६), **बुट पालिस** (२०३०) जस्ता साहित्यिक आन्दोलनहरूले आधुनिक नेपाली कथाको नवयुगलाई सुदृढ, सशक्त र प्रभावपूर्ण बनाउँदै लगेको पाइन्छ । नैतिक र अनैतिक पक्ष अथवा इमान्दारी र बेइमानी पक्षका बीच देखा पर्ने द्वन्द्वलाई समेत नवयुगिन कथाहरूले प्रकाश पारेका छन् । आधुनिक नेपाली कथा परम्पराको नवयुग विभिन्न वाद, सिद्धान्त धारा, प्रवृत्ति शैली र प्रयोग आदिका आधारमा विकसित रहँदै आएको छ । यस अवधिमा देखापर्ने केही प्रमुख कथाकारहरूमा इन्द्रबहादुर राई, पारिजात, परशु प्रधान, ध्रुवचन्द्र गौतम, अशेष मल्ल, शैलेन्द्र साकार, गोपाल पराजुली आदि रहेका छन् भने यस युगमा स्याङ्जाली कथाकारहरूको उल्लेख्य भूमिका रहेको छ । जसमध्ये चिन्तु गिरी, विश्वप्रेम अधिकारी, महेश्वर शर्मा, गोविन्द बराल, गङ्गा पौडेल आदि कथाकारहरूले यस युगमा थप इट्टा थप्ने काम गरेका छन् ।

यस समयका मुख्य प्रवृत्ति र विशेषता :-

- कथ्य शील्पलाई विशेष जोड दिनु,

- संरचनात्मक जटिलताबाट सरलतातिर अभिमुखीकरण गर्नु,
- स्वैरकल्पनाको प्रयोग,
- ज्ञान विज्ञानका विविध विषयहरूलाई कथाको विषय बनाउनु,
- नविनतम् शैलीको प्रयोग,
- द्वन्दकालीन परिवेशको चित्रण आदि ।

# अध्याय चार

# रजस्थल पत्रिकामा प्रकाशित कथाहरूको तत्त्वका आधारमा अध्ययन

## ४.१ रजस्थल पत्रिकाको परिचय

साहित्य समाजको दर्पण हो । हरेक साहित्यिक पत्रिकाले साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याएका हुन्छन् । कविता, कथा नाटक, उपन्यास विभिन्न लेख समालोचना आदि साहित्यका मुटु हुन् । विभिन्न लेख रचनाहरूलाई पाठक समक्ष पुऱ्याउने काम यिनै साहित्यिक पत्रिकाहरूले गर्दछन् । रजस्थल त्रैमासिक पत्रिकाले स्याङ्जा जिल्लाभित्र अथवा बाहिर रहेका साहित्यप्रेमी व्यक्तित्वहरूको सीप, कला र क्षमतालाई उजागर गरी पत्रिका मार्फत प्रकाशन गरेको पाइन्छ । पुरानो भौगोलिक विभाजन अनुसार पश्चिम चार नम्बरमा सात जिल्ला थिए । सतौं, नुवाकोट, पैयू, पर्वत, गह्रौं, भीरकोट, ढोर सातै जिल्लाका राजाहरूको शक्ति प्रदर्शन गर्ने ठाउँ रजस्थल नै अहिले हामीले सम्झना गरेको रजस्थल हो । (रेग्मी रजस्थल : २०३३) **रजस्थल** राजस्थलको पयार्यवाची हो । यसरी रजस्थलको नामाकरण प्रतिकात्मक भएको पाइन्छ । नामाकरणमा विभिन्न मतहरू पाइएता पनि यो राजाको राजधानी हो भन्ने कुरामा दुईमत नै छैन । **रजस्थल** पत्रिको नामाकरण सम्बन्धमा स्याङ्जा सदरमुकामले सम्पूर्ण जिल्लाको प्रशासनिक नेतृत्व लिए जस्तै सदरमुकाम निकटको उचो डाँडो रजस्थलले सम्पूर्ण जातजाति, भाषा, संस्कृतिको संरक्षणका लागि अग्लो ठाउँबाट ऐक्यबद्धता जनाउन समाज दृष्टिले हेरेको हुनाले रजस्थल शीर्षक सार्थक देखिन्छ ।

स्याङ्जाबाट प्रकाशित हुने युगभाषा पत्रिकाको प्रकाशन बन्द भएपछि रजस्थल पत्रिकाले नेपाली साहित्यमा थप इट्टा थप्ने काम गऱ्यो । यसको सञ्चालनका एउटा सिङ्गो जमात नै सक्रिय भएर स्याङ्जा साहित्य प्रतिष्ठानको स्थापना गरी यसको प्रकाशन शुरु भयो । जिल्ला प्रशासन कार्यालय स्याङ्जामा २०५२ भाद्र २९ गते पञ्जीकरण गरी जि.प्र.का. स्याङ्जामा ४३०/०५२ दर्ता भएको रजस्थल पत्रिकाको सम्पादक समूहमा विश्वप्रेम अधिकार र जयप्रसाद पौडेल रहनुभएको थियो भने सल्लाहकारमा शिवकुमार अधिकारी र देवीप्रसाद वनवासी हुनुहुन्थ्यो ।

स्याङ्जाली साहित्य साधकहरूको पहलमा २०५५ सालमा रजस्थल त्रैमासिक पत्रिकाको प्रकाशन प्रारम्भ भएको हो । २०५५ को शरदमा श्री विश्वप्रेम अधिकारी र जयप्रसाद पौडेलको सम्पादकत्वमा स्याङ्जा साहित्य प्रतिष्ठानको विवरणिका नामक रजस्थलको प्रकाशन भयो । राजाहरूको स्थल ठाउँ भन्ने अर्थअनुसार पनि स्याङ्जा जिल्लाका विभिन्न ठाउँमा राजाहरूको बसोवास भएको हुनाले यस ठाउँमा प्राचीन शाहवंशीय राजाहरूको दरबार रहेको थियो । त्यसैलाई सङ्केत गर्दै यसको रजस्थल नामाकरण गरिएको हो ।

## ४.२ रजस्थल पत्रिकाको उद्देश्य

विना उद्देश्य कुनैपनि कार्य हुँदैन । जुनसुकै कार्यलाई अगाडि बढाई पूर्ण गर्न उद्देश्य अपरिहार्य हुन्छ । रजस्थल साहित्यिक पत्रिका भएकोले यसको मूल उद्देश्य साहित्यका विभिन्न विधालाई समेट्नु रहेको पाइन्छ । रजस्थलका सम्पादकीयमा यसका उद्देश्यलाई यसरी प्रष्ट पारिएको पाइन्छ । 'रजस्थललाई नियमित गराएर समग्र स्याङ्जाको इतिहास संस्कृतिका साथै कला, साहित्यका क्षेत्रमा आआफ्नै किसिमले केही लेखिरहेका, केही दिईरहेका स्थापित र नवोदित लेखक कलाकारहरूलाई एकै ठाउँमा समावेश गरी भाषा, साहित्य र कलाको विकासमा सहयोग गर्नु हो (सम्पादकिय : १) ।'

रजस्थलले साधना पुगेकालाई भन्दा साधनाको शुभारम्भ गरेकालाई बढी महत्त्व दिएको छ । यसको सुरुवात यही प्रयोजनका लागि भएको हो । स्याङ्जाको लोक विश्वास लोक परम्पराका साथै सांस्कृतिक सम्पदा र इतिहासको बारेमा खोजमुलक रचनाहरू लेखिउन् र आउन् भन्ने आग्रह गर्दछौं । (सम्पादकीय : २)

समय परिस्थितिले हामीलाई उनमुक्त हुन दिइरहेको छैन तापनि साहित्यको सार्वभौमिकतालाई चिन्ने , जान्ने र विचरण गर्ने चाहना रजस्थलले राखेको छ । ( सम्पादकीय : २)

यसरी रजस्थल पत्रिकाले स्याङ्जाली नवोदित प्रतिष्ठित साहित्यकारहरूका लेख रचनाहरूलाई प्रकाशित गरी समयको माग अनुसार दीर्घकालीन महत्त्वको साहित्यिक सामग्रीहरूलाई विशेष महत्त्व दिनुपर्ने बुझेर विभिन्न विधालाई समावेश गरी भाषा र साहित्यको सेवा गर्दै आइरहेको पाइन्छ ।

## ४.३ समष्टिगत रूपमा रजस्थल पत्रिकाले समेटेका विधाहरूः

साहित्यको मुटु भनेका कविता, कथा, उपन्यास, नाटक, व्यङ्ग्य लेख, समालोचना आदि हुन् । साहित्यिक पत्रिकाले साहित्यिप्रेमी व्यक्तिहरूका लेख रचनाहरूलाई क्रमिक रूपमा प्रकाशन गरी पाठकहरू समक्ष पुऱ्याउने काम गरेको हुन्छ । प्रकाशित रचनाका माध्यमद्वारा आफूलाई परिष्कृत गराउँदै साहित्य सेवा गर्ने अवसर प्राप्त भएको हुन्छ भने पाठकहरूलाई विभिन्न विधाको रसास्वादन गराई साहित्य तर्फ आकर्षित गराएको हुन्छ ।

## ४.४ 'रजस्थल' पत्रिकामा प्रकाशित कथाहरूको कालक्रमिक अनुक्रमणिका

रजस्थल त्रैमासिक पूर्ण कथाका साथै लघु कथाहरू पनि समावेश गरिएका छन् । यसमा लघु कथाहरू समावेश गरिएको छैन । पूर्णाङ्क ३३ देखि ४५ सम्म जम्मा ३४ वटा कथा समावेश भएतापनि स्तरीयताका दृष्टिले जम्मा २६ ओटा कथाहरूलाई मात्र समावेश गरी तत्वहरूका आधारमा विश्लेषण गरिएको छ । रजस्थल पत्रिकाको पहिलो अङ्कमा कथा विधालाई स्थान नदिए पनि अङ्क २ (दुई) बाट अन्य विविध सामग्रीहरूको साथै कथा विधाले स्थान पाएको छ ।

यस पत्रिकाको पूर्णाङ्क १ देखि पूर्णाङ्क ३२ सम्म समग्र रूपमा अध्ययन भइसकेकोले पूर्णाङ्क ३३ देखि पूर्णाङ्क ४५ सम्ममा अङ्कहरूमा प्रकाशित कथाहरूको मात्र अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ । यहाँ एउटै कथाकारका थेरै कथा भए तापनि अङ्कका आधारमा विश्लेषण गरिएको हुनाले एउटै कथाकारका कथाहरू पनि फरक-फरक स्थानमा रहेका छन् । माथि उल्लेखित अङ्कहरूमा प्रकाशित कथाहरूलाई कालक्रम अनुसार राखी अनुक्रमणिका तयार पारिएको छ :-

| क्र. सं. | शीर्षक | कथाकार | पृष्ठ | वर्ष | अङ्क | महिना |
|---|---|---|---|---|---|---|
| १ | पैसा धामीलाई बेथा हामीलाई | महेश्वर शर्मा | १-४ | ११ | ३३ | माघ-चैत्र २०६४ |
| २ | उसको प्रतिबिम्ब | नारायण गोदारे | २७-२९ | | | |
| ३ | सहिदका जिउँदा बाबुआमाहरू | सुन्दर मानन्धर | ३३-४० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | खुसीको खोजीमा | होशङ्कर बास्तोला | ४३-४५ | | | |
| ५ | गलत बाटो | गोबिन्द बराल | ४६-४८ | ११ | ३३ | माघ-चैत्र २०६४ |
| ६ | रुमाल | जी चञ्चल | ४९-५४ | | | |
| ७ | परिकल्पना | महेन्द्र लामिछाने | | | | |
| ८ | सम्झनाको शिकार | गोबिन्द बराल | १२-१४ | | | |
| ९ | खजे दूरा भन्दै थियो | सुन्दर मानन्धर | २२-२५ | | | |
| १० | उपहार | मेघनाथ ढकाल पवन | ४४-४५ | ११ | ३४ | वैशाख-असार २०६५ |
| ११ | एउटा कथा युद्धको | अनन्त अर्याल | ४६-४७ | | | |
| १२ | कुपोषण | गोबिन्द बराल | ३०-३२ | १२ | | साउन- |
| १३ | पश्चताप | हरिश्चन्द्र शाह | ५२-५४ | १२ | ३५ | असोज २०६५ |
| १४ | नयाँ जीवन | गायत्री परिरोशनी | ७७-८२ | १२ | ३६ | कार्तिक- |
| १५ | वात्सल्यको हत्या | वी.पी. पौडेल वेहोसी | ८८-९१ | १२ | | पुस २०६५ |
| १६ | कुल्ली | गोबिन्द बराल | ४५-४७ | | | वैशाख- |
| १७ | कुर नियति | जे.एल. काफ्ले | ७१-७५ | १२ | ३६ | असार २०६७ |
| १८ | प्रकाश र कुइरो | कृष्णप्रसाद पोखेल | ४७-४८ | १२ | ३९ | साउन-असोज २०६६ |
| १९ | सहभागिता | गोविन्द बराल | १३-१४ | १२ | ४० | कार्तिक-पुस २०६६ |
| २० | जागिर | गोबिन्द बराल | १२६-१२८ | १३ | ४१ | माघ-चैत्र २०६६ |
| २१ | धने र बखते | महेश्वर शर्मा | ४८-५० | | | |
| २२ | रातो भाले | गङ्गा पौडेल | ६३-६५ | | | वैशाख- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | १४ | ४२ | असार २०६७ |
| २३ | जलकुम्भी | टिकाराम वाग्ले | २६-३० | १४ | ४३ | साउन-असोज २०६७ |
| २४ | आमा नरुनुहोस् | गङ्गा पौडेल | ३१-३५ | | | |
| २५ | पारपाचुकी र मिलन | चिन्तु गिरी | ५२-५४ | १४ | ४५ | माघ-चैत्र २०६७ |
| २६ | महानता | गोबिन्द बराल | ५९-६१ | | | |

## ४.५ पूर्णाङ्क ३३ देखि ४५ सम्म रजस्थल पत्रिकामा रहेका कथाहरूको वर्गीकरण

रजस्थल पत्रिकामा प्रकाशित भएका समग्र कथाहरूलाई तिन भागमा वर्गीकरण गरिएको छ :-

४.५.१ सामाजिक कथा

४.५.२ ऐतिहासिक र धार्मिक कथा

४.५.३ मनोवैज्ञानिक कथा

### ४.५.१ सामाजिक कथा

समाजका मूल्य र मान्यतालाई आधार बनाएर लेखिएका कथा सामाजिक कथा हुन् । यस्ता कथामा कथाकारले समाजको यथार्थता पस्किएका हुन्छन् । समाजको पर्यवेक्षण गरेर त्यहाँ देखिएका कमी कमजोरीहरूको उल्लेख गर्नुका साथै विकृतिलाई केलाइएको हुन्छ र आलोचना गरिएको हुन्छ । रजस्थलमा प्रकाशित सामाजिक कथाहरू निम्नानुसार छन् :-

| क.सं. | शीर्षक | कथाकार | पृष्ठ | वर्ष | अङ्क | महिना |
|---|---|---|---|---|---|---|
| १ | पैसा धामीलाई बेथा हामीलाई | महेश्वर शर्मा | १-४ | ११ | ३३ | माघ-चैत्र २०६४ |
| २ | उसको प्रतिबिम्ब | नारायण गोदारे | २७-२९ | | | |
| ३ | रुमाल | जी चञ्चल | ४९-५४ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | परिकल्पना | महेन्द्र लामिछाने | २ | | | |
| ५ | कुपोषण | गोबिन्द बराल | ३०-३२ | १२ | ३५ | साउन-असोज २०६५ |
| ६ | पश्चताप | हरिश्चन्द्र शाह | ५२-५४ | | | |
| ७ | नयाँ जीवन | गायत्री परिरोशनी | ७७-८२ | १२ | ३६ | कार्तिक-पुस २०६५ |
| ८ | कुल्ली | गोबिन्द बराल | ४५-४७ | १२ | ३६ | वैशाख-असार २०६७ |
| ९ | सहभागिता | गोविन्द बराल | १३-१४ | १२ | ४० | कार्तिक-पुस २०६६ |
| १० | जागिर | गोबिन्द बराल | १२६-१२८ | १३ | ४१ | माघ-चैत्र २०६६ |
| ११ | घने र बखते | महेश्वर शर्मा | ४८-५० | १४ | ४२ | वैशाख-असार २०६७ |
| १२ | जलकुम्भी | टिकाराम वाग्ले | २६-३० | १४ | ४३ | साउन-असोज २०६७ |
| ११३ | आमा नरुनुहोस | गङ्गा पौडेल | ३१-३५ | | | |
| १४ | पारपाचुकी र मिलन | चिन्तु गिरी | ५२-५४ | १४ | ४५ | माघ-चैत्र २०६७ |
| १५ | महानता | गोबिन्द बराल | ५९-६१ | | | |

### क. पैसा धामीलाई बेथा हामीलाई : डा. महेश्वर शर्मा

महेश्वर शर्मा (१९८८) चिलाउनेवास स्याङ्जामा जन्मेका सामाजिक यथार्थवादी कथाकार हुन् । उनले कथासङ्ग्रह **बसिबियाँलो** (२०५२) का साथै थुप्रै कथा कविता लेख, निबन्ध, उपन्यासहरू प्रकाशित गरेका छन् । हालसम्म पनि उनको कलम साहित्य सिर्जनातिरै दौडिरहेको छ । ग्रामीण परिवेशको चित्रण, राजनीतिक चिन्तनको अभिव्यक्ति सामाजिक विकृतिको सशक्त रूपमा चित्र समाज सुधारको सन्देश, सामाजिकता भित्र मनोविज्ञानको मिश्रण उत्पीडित उपेक्षित र अपहेलित वर्गका मानिसहरूको कारुणिक संवेदनालाई कथामा उतार्नु र नेपाली जनजीवन र समाजका विविध पक्षलाई पूर्ण तया यथार्थपरक ढङ्गले प्रस्तुत गर्नु महेश्वर शर्माका प्रमुख प्रवृत्तिहरू मानिन्छन् । उनका थुप्रै

कथाहरू मध्ये पैसा धामीलाई, बेथा हामीलाई रजस्थल वर्ष ११ पूर्णाङ्क ३३ माघ-चैत्र २०६४ मा प्रकाशित सामाजिक कथा हो ।

**कथानक**

तिनवटी श्रीमतीका बुढा (श्रीमान्) अर्थात् डेढ दर्जुन छोराछोरी, बाबु छेउघरे बुढा लामो समयदेखि रोगाएर विछ्यौनामा पर्दछन् । समाजमा अलिअलि भएपनि प्रतिष्ठा जमाएका बुढाका इष्टमित्रहरूको दिनप्रतिदिन बोलाउनको लागि ताती लाग्न थाल्यो । उनको लागि धामीझाँक्री हेरफेर, स्वस्ती शान्ति केही बाँकी रहेन । पाँच-सात वर्ष अघि छुट्टीभिन्न भएका छोराबुहारीले जेनतेन आफ्नो जीविकोपार्जन गरेर बसेका थिए तैपनि जोरीपारीले के भन्लान् भनेर बुढालाई डक्टरी औषधीको निमित्त काठमाडौं लगियो । हस्पिटलमा पाँच हजार धरौटी राख्नुपरेको र पैसा थोरै भएको यथार्थ कुरा बुढाले छोरामार्फत थाहा पाए । छोरी ज्वाईंको लहैलहैमा लागेर काठमाडौं आएकोमा बुढा निकै पछुताउँदै घरमै फर्कने मनस्थिति बनाए ।

त्यसै वेला सेरो एप्रोन र स्टेथिस्कोप भिरेका दुईजना युवकको प्रवेश भयो । उनीहरूले बुढालाई २०-२५ हजार रूपैयाँ धरौटी राखी बुधवार अप्रेशनको लागि तयार रहन आग्रह गर्दै त्यहाँबाट बाहिरिए । केही समयपछि नर्सको अगमन भयो । बुढाले नर्ससँग केही कुरा सोधे तर नर्स जवाफै नदिई निस्किन । बोली पनि सकिन्छ कि जस्तो गर्ने यहाँका डक्टर र नर्सहरू देख्दा बुढा जिल्ल परी धरौटी झिकेर घर जाने तरखरमा बाबु छोरा तयार भए । न त बेथा निको हुन्छ न त पैसा नै जोगिन्छ यस्तो अस्पतालको क्याबिनमा बसेर पैसा खानुभन्दा घरमा गएर आफ्नै विछ्यौनामा मर्नु बेस भनी बाबु छोरा त्यहाँबाट निस्किए । डाक्टर नआइकन विद्यार्थीहरू आएर बिरामी हेर्ने गरेकोमा बिरामीका कुरुवाहरूले विभिन्न किसिमका गुनासाहरू गरे । एक हप्तामा निको हुने रोगलाई एक महिनासम्म राख्नु आजै अप्रेशन गर्नुपर्ने बिरामीलाई पुनः एक महिनापछि आउनु भनेर दुःख दिनु, व्यवस्थापकीय कमजोरीका साथै डक्टरहरूमा विवेक विचारको कमी भएको गुनासो बिरामीहरूले गरे ।

उता काठमाडौं छोडेको तिन दिनपछि छेउघरे बुढा बसबाट उत्रेर डोकोमा बोकिए । उनलाई बोलाउने छरछिमेकीहरू घरमा जम्मा भए । धेरै दिनको अनिन्द्रा साथै बसको लामो यात्राले बुढा निन्याउरा भएका देखिन्थे छेउघरे बुढालाई बोलाउन आउने

छिमेकीहरूले रोग र व्यथाको बारेमा यस बरेमा उनी जवाफ दिन्छन् पैसा धामीलाई, बेथा हामीलाई कथाको कथानक यत्तिमै समाप्त हुन्छ ।

**चरित्र चित्रण**

बुढो यस कथाको प्रमुख पात्र बुढो हो । उ विरामी भएर विछ्यौनामा सुतिरहेको छ । धामी झाक्री गर्दा पनि उसलाई निको हुदैन र अस्पताल लगिन्छ । अस्पतालमा भएका विविध गतिविधि देख्दा र आफ्नो उपचार राम्रो सँग नहुँदा उसलाई निकै रिस उठ्छ । उपचारको निम्ति शहरमा धाए पनि राम्रो सँग उपचार नपाएका पीडित विरामीहरूको प्रतिनिधि पात्रको रूपमा बुढो रहेको छ । ऊ कथामा सत् र गतिशिल पात्रका रूपमा रहेको छ अन्य पात्रहरूमा छोरी ज्वाँई छोरा बुहारी अस्पतालको डाक्टरहरू रहेका छन् ।

**परिवेश**

पैसा धामीलाई बेथा हामीलाई कथाको परिवेश ग्रामीण रहेको छ । धामी झाँक्रीमा विश्वास गर्ने, खेतीपाती गरेर जीवन धान्ने, डक्टरी औषधी साथै डक्टरहरूको विश्वास नमान्ने आदि कुराहरूले गर्दा यसमा ग्रामीण परिवेशको पूर्ण झल्को पाइन्छ । तिन दिन पैदल हिंडन्पर्ने, अभाव र पीडामा जिउनुपर्ने र अन्त्यमा अस्पतालदेखि व्यथा लिएर पुनः घरमै आउनुपर्ने कुरालाई कथाको परिवेश बनाइएको छ ।

**उद्देश्य**

पैसा धामीलाई बेथा हामीलाई कथाको उद्देश्य बिरामीको जीवन र मरणसँग सम्बन्ध राख्ने डक्टर र नर्सहरूको लापरवाहीले बिरामीहरू कति आक्रान्त बनेका छन् भन्ने कुरा दर्शाउनु नै यस कथाको उद्देश्य हो

**दृष्टिबिन्दु**

पैसा धामीलाई बेथा हामीलाई कथा तृतीय पुरुष वाह्य दृष्टिविन्दुमा रहेको छ ।

**भाषाशैली**

पैसा धामीलाई बेथा हामीलाई कथाको ढाँचा वृत्तकारीय रहेको छ । कथा व्याङ्ग्यात्मक साथै घोचपेंचको भाषामा छ । कथामा क्याबिन, बेड, अप्रेशन, डक्टर जस्ता अङ्ग्रेजी शब्द, नि, रे, त जस्ता निपात र घाँटी हेरेर हाड निल्नुपर्छ जस्ता उखानको प्रयोगले कथा रसिलो बनेको छ । कथा संस्मरणात्मक शैलीमा लेखिएको छ ।

**शीर्षक**

पैसा धामीलाई बेथा हामीलाई कथाले व्यङ्ग्यार्थ भाव बोकेको छ । कथामा औषधी उपचारको नाममा जति धेरै पैसा खर्च गरेपनि रोग निको हुन नसक्नुले कथाको घटनालाई बलियो बनाएको छ । धामी झाँक्री र झारफुक बाट रोग निको नभएका कारण पुनः अस्पताल जानु, त्यहाँ गएर पनि पैसा मात्र खर्च हुनु, स्वास्थ्यमा कुनै सुधार नभएका कारण पुनः घरमै फर्कन बाध्य हुनुले कथालाई चरमोत्कर्षमा पुऱ्याएको छ । जति नै पैसा खर्च गरेपनि रोग निको नभएकोले पैसा धामीलाई बेथा हामीलाई कथाको शीर्षक सार्थक बन्न पुगेको छ ।

**ख. परिकल्पना कथा : महेन्द्र लामिछाने**

महेन्द्र लामिछाने (२०२५) वाङ्सिङ्-२ काफ्लबोट स्याङ्जामा जन्मेका सामाजिक कथाकार हुन् । बुवा गङ्गाधर लामिछाने र आमा डल्ली लामिछानेको कोखबाट जन्मेका लामिछाने सिर्जना बिसौनी स्याङ्जाको संस्थापक अध्यक्ष रहेका छन् । कथा एकाङ्की नाटक र गजल विधामा सशक्त रूपमा कलम चलाउन सफल लामिछानेका प्रकाशोन्मुख कृतिहरूमा एकाङ्की सङ्ग्रह र गद्य कविता सङ्ग्रह रहेका छन् । समाजमा भएका विकृति र विसङ्गतिको पर्दाफास गर्नु उनको मूल प्रवृत्ति रहेको छ । उनको परिकल्पना कथा रजस्थल वर्ष ११ अङक ३३ माघ चैत्र २०६४ प्रकाशित सामाजिक कथा हो । खेतीयोग्य जमिन मासेर घर बनाउने प्रवृत्तिले आज हामी नेपालीहरू गरीव भएका छौ भन्ने कुरालाई नै कथामा विषयवस्तु बनाइएको छ ।

**कथानक**

अन्न फलाउने ठाउँमा घर र घर बनाउने ठाउँमा खर बन्ने लागेकोमा मनोरथ निकै दुःखी बन्छ । बाल्यकालमा लुकामारी खेलेको ठाउँ, लाँकुरीको फेदमा बसी शीतलता लिएको ठाउँ, अनि विकासका नाममा खले गह्राहरूमा ठडिएका तले घरहरू देख्दा मनोरथलाई डर लाग्छ । यसैगरी बेसीको अस्मिता लुटिने हो भने कयौं व्यक्तिका पेट भोका हुनेछन् । यस्तै-यस्तै तर्कनाहरूका साथ मनोरथ उकालो लाग्छ ।

दूरदर्शी र सामाजिक भावना भएको मनोरथको हातमा सहपाठी मित्र जीवनरामले चिठी दिएपछि चिठीको आशय अनुसार बेसीमा बस्ती बसाउनको लागि छलफल कार्यक्रम रहेको हुन्छ । आफू पनि त्यो कार्यक्रममा सहभागी भएको हुनाले मनोरथले जोडदारका

साथ आफ्ना भावनाहरू व्यक्त गर्दै आँठा फाल कार्यक्रम ल्याउनुपर्नेमा जोड दिन्छ । जीवनराम लगायत धेरै व्यक्तिहरूले ताली बजाउँछन् । अन्न फल्ने ठाउँमा आँठा लाएर चर्को मूल्यमा घडेरी बनाएर बेच्ने छलालहरूको भने त्यो भनाइले ओठ मुख सुक्छ । मनोरथ र जीवनराम आफ्ना ओजपूर्ण तर्कहरू पेश गर्दै देशले मुहार फेर्ने परिकल्पनामा आआफ्ना घरतिर लाग्छन् । मातापिता लगायत श्रीमती र छोराछोरीले पनि मनोरथका कुरामा सहमति जनाउँदै अझ उत्प्रेरणा जगाउँछन् ।

भोलिपल्ट बिहान बोडी साँहिलाको चिया पसलमा रमाइलो जमघटका साथ मनोरथले दिएको अभिव्यक्तिको मुक्त कण्ठले प्रशंसा हुन्छ । चमडीले बेंसीमा शहर बसाल्ने योजना मनोरथको फरक विचारका कारण विना निष्कर्ष कार्यक्रम टुङ्गिएको समाचार एफ.एम. रेडियोले दिएपछि सबैको ध्यान त्यतैतिर मोडिन्छ र कथानक यतिमै अन्त्य हुन्छ।

**चरित्र चित्रण**

परिकल्पना कथाको प्रमुख पात्र मनोरथ हो । आफू जन्मेको हुर्केको ठाउँलाई उसले सदा माया गर्छ । खेतीयोग्य जमिन मासेर बस्ती बसाउने कुरामा ऊ सहमत छैन र त्यसको विरोध पनि गर्छ । साथै मनोरथका कारणबाटै सहर बसाल्ने योजना तर्जुमा बैठक विना निष्कर्ष टुङ्गिन्छ । यस कथामा सहायक पात्रका रूपमा रहेको छ जीवनराम । उ पनि मनोरथका कुरासँग सहमत हुने र सहपाठी साथी हो । मनोरम र जीवनराम दुवैको आर्थिक अवस्था कमजोर रहेको छ । उनीहरू दुवैले खेतियोग्य जमिनको संरक्षण गरी अन्न उब्जाउनुपर्छ भन्ने मान्यता राख्छन् । मनोरथ र जीवनराम कथामा सत र गतिशिल पात्रको रूपमा रहेका छन् । त्यसगरी सहभागी व्यक्तिहरू साथै जग्गा छलालीहरू गौण पात्रका रूपमा रहेका छन् ।

**परिवेश**

परिकल्पना कथाको परिवेश सहरिया रहेपनि ग्रामीण भेगलाई समेत छोएको छ सहर विकास कार्यालयको तालिम कक्षले सहरिया परिवेश देखाएको छ भने बोडी साँहिलाको चिया पसलले हल्का ग्रामीण परिवेश दर्शाएको छ ।

**उद्देश्य**

खेतीयोग्य जमिनमा ठूला ठूला घरहरू बनाउँदै भोकमरीको समस्या सिर्जना भएको तीतो यथार्थलाई परिकल्पना कथाले प्रष्ट पार्दछ । रातारात खेतीयोग्य जमिन बेचेर पैसा

कुम्ल्याई धनी बनेका व्यक्तिको दुर्नियतिलाई देखाउनु कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

परिकल्पना कथा तृतीय पुरुष वाह्य सर्वदशी दृष्टिविन्दुमा आधारित छ ।

**भाषाशैली**

परिकल्पना कथाको आयाम सङ्क्षिप्त रहेको छ । कथा रैखिक ढाँचामा लेखिएको छ । कथामा मारामार काटाकाट लुछालुछ जस्ता द्वित्व शब्दको प्रयोग भएको छ भने अन्न फल्ने ठाउँमा घर र घर बन्ने ठाउँमा खर भन्ने उखानलाई पनि निकै मार्मिक ढङ्गबाट प्रष्ट पारिएको छ । तसर्थ परिकल्पना कथा रसिलो र मीठासपूर्ण रहेको छ ।

**शीर्षक**

कल्पना शब्दमा परि उपसर्ग लागेर बनेको परिकल्पना शब्दले सोच्नु अथवा अग्रगामी विचारधारा भन्ने जनाउँछ । यो कथा मनोरथको खेतीयोग्य जमिन बनाउ अभियानमा आधारित रहेको छ । इच्छा पूरा हुने सम्भावना रहेको हुँदा परिकल्पना कथाको शीर्षक सार्थक रहेको छ ।

**ग. कुपोषण कथा-गोविन्द बराल**

आधुनिक नेपाली कथा विधामा निरन्तर रूपमा कलम चलाएर आफ्नो अस्तितत्व कायम गर्ने गोविन्द बराल विशिष्ट व्यक्तित्व हुन् । समसामयिक घटनाहरूलाई कथामा समेटेर यथार्थेता प्रस्तुत गर्नु गोविन्द बरालको प्रमुख विशेषता रहेको छ । उनको कुपोषण कथा रजस्थल वर्ष १२ पूर्णाङ्कक ३५ साउन असोज २०६५ मा प्रकाशित सामाजिक कथा हो ।

**कथानक**

गाउँका गन्यमान्य पण्डित नरप्रसादको दिनचर्याबाट कथानक अघि बढेको छ । धार्मिक पूजा पाठमा दत्तचित्त रहेका नरप्रसाद सामाजिक कार्यमा पनि तल्लीन रहन्थे । लोभको लेसमात्र पनि नभएका नरप्रसादको घर पहाडको कुनामा थियो । सधैं टिपटप बनेर हिंढ्ने उनलाई चामलको अलि समस्या थियो तर वर्षायामदेखि मङ्सिरसम्म पण्डितलाई पैसाले नै खान पुर्‍याउँथ्यो । उनको इज्जत र मानमर्यादाले गर्दा पाहुना भने प्रशस्तै लाग्थे

। सालो आफ्नो घरमा आएको दिन उनले ढिंडो लुकाएर भात दिएको यथार्थताबाट भने यो प्रष्ट हुन्छ कि उनी पूरातनवादी सोंचबाट भने ग्रस्त थियो ।

नरप्रसादले आफ्नो छोराको विवाह धुमधामसँग गरे । तत्पश्चात एउटा छोरा समेत जन्म्यो । आफू ठूलो बन्नको निम्ति नातिलाई ढिंडो, मकै, कोदो नखुवाई भातैभात मात्र खुवाए । फलस्वरूप नाति पौष्टिक आहाराको कमीलो कुपोषणको शिकार बन्यो । गैह्र सरकारी संस्थाका सहजकर्ता आएर पौष्टिक खानाको बारेमा चर्चा गर्दा भने नरप्रसाद तिन छक परे । फुले साहिंलाको छोरा मोटाउनु र आफ्नो नाती दुब्लाउनुको रहस्या उनले बल्ल बुझे । गाउँमा आफ्नै पाखुरीले उब्जाएका ताजा अन्ननै पौष्टिक तत्त्वयुक्त हुने निचोड निकाली नरप्रसादले सबैलाई ताजा तरकारी फलफूल र अन्न खाएर हिंड्नुपर्ने सन्देश दिन थाले । यसरी कुपोषण कथाको कथानक अन्त्य हुन्छ ।

### चरित्र चित्रण

शहरमा जन्मेको नाति अनि समाजमा आफूलाई धनाढ्य देखाउनको लागि बजारमा पाउने तयारी खाजा किनेर खुवाउँछन् । त्यसको नकारात्मक असर स्वरूप नाति दुब्लाउदै जान्छ । कुपोषण कथाका प्रमुख पात्र नरप्रसाद हुन् । उनकै केन्द्रीयतामा कथावस्तु घुमेको छ । नरप्रसाद आलु खाएर पेडाको धाक लगाउने र आफ्नो सन्तानलाई कुपोषणको शिकार बनाउने बाबु आमाका प्रतिनिधि पात्र हुन् त्यसैगरी हरिप्रसाद फूले साहिलो नाति पण्डितनी बज्यै, सामाजिक सहजकर्ता गौंण पात्रको रूपमा आएका छन् ।

### परिवेश

कुपोषण कथाको स्थानगत परिवेश ग्रामीण भूभाग रहेको छ । समाजमा आफूलाई धनाढ्य सावित गर्न कुहिएकै भएपनि प्याकिङ्ग गरेका खाद्यवस्तु खुवाउने चलन सामाजिक परिवेशका रूपमा रहेको छ । उचित पौष्टिक आहाराको कमिले कैयौं बच्चाहरू कुपोषणको शिकार बनेको यथार्थता यहाँ समेटिएको छ भने अगेनामा ढिंडो पकाउनुले ग्रामीण परिवेशको झलक दिन्छ ।

### उद्देश्य

बालबालिकालाई पोषणयुक्त खानाको अभावमा शरीरको तुलनामा टाउको र भुँडी ठूलो हुन्छ । तसर्थ उचित शारीरिक वृद्धिको लागि खेतबारीमै उत्पादित अन्न र सागपातको प्रयोगबाट शारीरिक बृद्धि राम्रो हुन्छ भन्ने सन्देश दिनु नै कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

कुपोषण कथा तृतीय पुरुष सर्वदर्शी वाह्य दृष्टिविन्दुमा लेखिएको छ । यसमा नरप्रसाद, हरिप्रसाद पण्डितनी बज्यै जस्ता तृतीय पुरुषवाची शब्द प्रयोग भएका छन् ।

**भाषाशैली**

कथा रैखिक ढाँचामा छ मझौला आयाम र संवृत्त रूप विन्सायमा कथा लेखिएको छ । कथामा टिपटप, म्याच जस्ता आगन्तुक शब्दको प्रयोग भएको छ भने कपाकप द्वित्व शब्दको प्रयोग भएको छ ।

**शीर्षक**

पोषण शब्दमा कु उपसर्ग लागेर बनेको कुपोषण शब्दको अर्थ खराब आहारा भन्ने हुन्छ । शरीरलाई हानी गर्ने अथवा वेफाइदा गरी शरीर बृद्धि हुन नसक्नु कुपोषण हो । यस कथामा शक्ति दिने, शरीर बृद्धि गर्ने र रोगबाट बचाउने खानाको अभावमा एउटा सानो बच्चा कुपोषणको शिकार बनेको हुँदा शीर्षक आफैमा पूर्ण मान्न सकिन्छ ।

**घ. पश्चाताप कथा : हरिश्चन्द्र शाह ठकुरी**

कथाकार हरिश्चन्द्र शाह ठकुरीद्वारा लिखित पश्चाताप कथा रजस्थल वर्ष १२ पूर्णाङ्क ३५ मा रजस्थल त्रैमासिकमा प्रकाशित कथा हो सामाजिक विषयवस्तुमा आधारित यस कथामा मौकामा विचार नपुऱ्याउँदा पछुताउनु पर्ने अवस्थाको चित्रण गरिएको छ ।

**कथानक**

सूर्य जस्तै तेजिलो सूर्यको बाल्यकालीन अवस्थाबाट कथानक अघि बढ्छ । अनुशासित मिलनसार र बौद्धिक क्षमता तीब्र भएको सूर्यले कक्षा आडमा पुगेपछि सरला जस्ती मिलनसार साथी भेट्टायो । उनीहरू दुबैजना बीच एक अर्कामा गहिरो सम्बन्ध रहन पुग्यो । धनाढ्य र सन्भ्रान्तशाली बाबुकी छोरी सरला अनि गरीव आमाको छोरो सूर्य बीचका सम्बन्धलाई सरलाका बाबुआमाले पचाउन सकेनन् र छोरीलाई पनि यातना दिई सूर्यको घरमा केही गुण्डाहरू लगाएर आगो लगाइदिए ।

सूर्य र उसकी आमा पोखराको बगरमा गएर काम गर्दै सूर्यले पनि वि.एल. पास गऱ्यो । सरला घरबाट भागेर बुटवल गई राम्रो पढाइका कारण वकिन बनेर काम गर्न थालिन । केही समयपछि सूर्य न्यायाधिश बन्यो । दरबन्दी मिलानको क्रममा सूर्य

पुनरावेदन अदालत बुटवलमा पुग्यो । त्यहाँ उसको भव्य स्वागत हुन लागिरहेको थियो । सोही क्रममा सरला पनि पुगेकी थिइन् । न्यायाधिशको प्रवेश हुनासाथ सरला भावविह्वल भइन् । उनको बाल्यकालीन सूर्यको आगमनमा मन्तव्य दिने क्रममा सरलाको वाक्य फुटेन । शब्दरूपी आँशु बगाएर वाल्यसम्बन्ध दर्शाउँदै उनी विदा भइन् । समय मिलाएर न्यायाधीस सूर्य र वकील सरलाको बीचमा भेट भयो । उनीहरू दुबै जनाले मङ्सिर १२ गते विवाह गर्ने निधो गरी सरलाको बुवालाई निमन्त्रणा गरे  उही पूरानो परिचित सूर्यलाई देख्दा सरलाको बाबु पनि दङ्ग परे । आखिरमा मीठो मिलनका साथ सूर्य र सरलाबीच विवाह सम्पन्न भई कथा सुखान्तमा टुङ्गिन्छ ।

**चरित्र चित्रण**

पश्चाताप कथाको प्रमुख नायक वा पात्र सूर्य हो । शुरुमा आर्थिक अवस्था कमजोर भएको कारण सूर्यले सरलालाई पाउन सक्दैन । सूर्य मिहिनेती, लगनशील र परिश्रमी छात्र हो । उसको लगनशीलताको परिणाम स्वरूप नै उच्च गरिमामय सरकारी न्यायाधिश बन्न पुग्यो । तसर्थ कथामा सूर्य साँचो प्रेम गर्ने गतिशील पात्रका रूपमा रहेको छ ।

सरला यस कथाकी सहायक पात्र हो । उसले बाबुको जस्तोसुकै कठोर यातना पाएपनि सूर्यप्रतिको मायालाई आफ्नो अन्तरआत्माबाट छुटाउन चाहन्न । बरु उ घर छाडेर अन्यत्र गई बस्छे र आफ्नो पढाइलाई निरन्तरता दिईरहन्छे । कडा परिश्रम र मिहिनेतका साथ पढेर उ पनि सरकारी वकिल बन्छे । अन्त्यमा कुनै दिन दुबैको भेट हुन्छ र विवाह बन्धनमा बाँधिन्छन् । तसर्थ यहाँ सरला चोखो र पवित्र मायालाई त्याग्न नसक्ने यसको लागि बरु घर परिवारनै त्याग्न सक्ने सम्पूर्ण नारीहरूकी प्रतिनिधि पात्रका रूपमा रहेकी छ । यस कथामा सरलाको बाबुको पनि केही मात्रामा हात रहेको छ । सूर्य र सरलाको माया प्रेम छुटाई अन्तै धनाढ्य केटा रमेशसँग विवाह गरिदिन खोजेको छ उसले । तसर्थ यहाँ सरलाको बाबुले सामन्ती प्रवृत्ति देखाई छोरीको इच्छा विपरित कार्य गर्न खोजनेको छ र त्यस्तै सामन्ती प्रवृत्ति भएका व्यक्तिहरूको प्रतिनिधि सरलाको बाबु बनेका छन् । सूर्यकी आमा गाउँले र गुण्डाहरू गौण पात्रका रूपमा रहेका छन् ।

**परिवेश**

पश्चातम कथा ग्रामीण परिवेशमा आधारित छ । कथाको मुख्य पात्र सूर्य र उसकी प्रेमिका सरला एउटै स्कूलमा पढ्छन् । केही समय पश्चात दुबैजना शहरी क्षेत्रमा लागेका

छन् । नेपाली समाजमा रहेको धनी र गरीवको वर्गीय विभेदलाई कथाले परिवेशको रूपमा चित्रण गरेको छ ।

### उद्देश्य

पश्चातप कथामा धनी र गरीवको वर्गीय विभेदले शुरुमा सूर्य र सरलाको प्रेमका टुसाहरू राम्रोसँग अङ्कुराउन पाउँदैनन् तर पछि दुबै जनाको कठोर त्याग र मिहिनेतले उनीहरूको जीवन सफल बनेको देखाइएको छ । पवित्र प्रेमलाई सफल व्यवहारिक र टिकाउ गराउन वर्तमान विषम सामाजिक कुसंस्कार कुरिती र अन्धविश्वासको अन्त्य गर्नुपर्छ । समाजमा सकारात्मक परिवर्तन ल्याउनको लागि सङ्घर्ष र त्यागको अभ्यास सबैले गर्नुपर्छ भन्ने उद्देश्य कथाको रहेको छ ।

### दृष्टिविन्दु

पश्चाताप कथा सर्वदर्शी बाह्य दृष्टिविन्दुमा संरचित छ । कथा सरला र सूर्यको जीवनसँग सम्बन्धित रहेको हुनाले तृतीय पुरुष सर्वदर्शी वाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### भाषाशैली

कथाको भाषा सरल छ । कथा संवृत्त रूपविन्यास रैखिक ढाँचामा संरचित छ । कथामा सामान्य बोलीचालीको भाषा प्रयोग गरिएको छ । पश्चाताप कथामा तत्सम तद्भव र केही आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ ।

### शीर्षक

पश्चाताप कथाले अभिधात्मक अर्थ सम्प्रेषण गरेको छ । कथामा सूर्य र सरलाको बाल्यकालीन माया प्रेमलाई तोडेर दुबैको जीवनमा तघारो बनेको सरलाका बाबु धेरै वर्षपछिको पखाई पश्चात सूर्य र सरलाबीच वैवाहिक सम्बन्ध गाँसिदा पश्चातपको भुमरीमा रुमल्लिएकोले पश्चातप शीर्षक सार्थक रहेको छ ।

### ङ. नयाँ जीवन कथा - गायत्री परिरोशनी

स्याङ्जा चिन्नेवास-२ मा पिता नुवादत्त लम्साल र माता टाकामाया लम्सालको कोखबाट २०३६।३।२२ मा जन्मेकी गायत्री लम्साल परिरोशनी स्याङ्जाली कथाकार हुन् । गणित विषयमा वि.एड. र अर्थशास्त्रमा एम.ए. गरेकी परिरोशनीले धेरै कृतिहरू प्रकाशित

गरिसकेकी भएको छ । **झटारो** हास्यव्यङ्ग्य कविता सङ्ग्रह (२०६०) बोका पालन निबन्ध सङ्ग्रह (२०६२) लगायतका कृतिहरू प्रकाशित छन् । विभिन्न सङ्घसंस्थाहरूमा समेत आफ्नो अस्तितत्व कायम राख्नुभएकी गायत्री **भैरव अर्याल स्मृति सम्मान** (२०६६), **काजीरोशन साहित्य पुरस्कार** (२०६६), **तिलाकुमारी साहित्य पुरस्कार** (२०६०)बाट समेत पुरस्कृत भएकी छन् । उनको नयाँ जीवन कथा रजस्थल पूर्णाङ्क ३६ वर्ष १२ कार्तिक-पुष २०६५ मा प्रकाशित सामाजिक कथा हो । यस कथामा म पात्र र सन्तोष बीच भएका विविध क्रियाकलापहरूलाई विषयवस्तु बनाइएको छ ।

**कथानक**

आजीवन बिहे नगरी कसैको लथालिङ्ग भएको घरलाई सम्हाली बस्ने म पात्रको प्रतिबद्धताबाट कथानक अगाडि बढ्छ । म पात्रको अस्मिता टुट्न अनेक जालझेल गर्ने नरपशु र दैनिक परपुरुषसँग लम्पट भई आफ्नो विदेश गएको लोग्नेलाई विश्वासघात गर्ने पातकीलाई जेलभित्र हुली लथालिङ्ग भएको परिवारलाई आजीवन बिहे नगरी सम्हाल्ने प्रतिबद्धता जाहेर गरेकी म पात्रको जोहरीबाट कथानक अघि बढ्छ ।

कार्यालयको तेस्रो श्रेणीको अधिकृत सन्तोष र नायव सुब्बा म पात्र बीच कुनैदिन बसमा भेट हुन्छ र दुबैबीच मित्रताको बलियो गाँठो कसिन पुग्छ । मान्छेको मन त हो कतिवेला कसलाई कहा राखिन्छ थाहै हुँदैन । तसर्थ म पात्रले पनि सन्तोषलाई हृदयको कुनामा सजाउन थाल्छिन् । विदाको कुनै एक दिन म पात्र र सन्तोष रमाइलो जंगलको बाटोमा रमाउन थाल्छन् । दुबैजना बीच प्रेमपरक भलाकुसारी हुन्छ । सन्तोषले सुहागसाँझ त्यही मनाउने विचार गर्दै म पात्रलाई आग्रह गर्छ तर म पात्रले त्यस कुरामा असहमति जनाउँछिन् ।

मागेर बिहे गर्ने बचन दिएको सन्तोष चार वर्षसम्म म पात्रलाई माग्न आउँदैन । म पात्रले कुनै दिन कालो चश्मा लगाएर पार्कमा देख्छिन् त उसले नचिनेको बहाना गर्छ । त्यसपछि क्रमशः दुबैजनाको  भेट कम हुन थाल्छ । अफिसमा कामको निम्ति आउने महिलाहरूसँग सन्तोष जिस्की जिस्की कुरा गर्छ । म पात्रकी साथी प्रियासँग दैनिक रूपमा मनोरञ्जनको लागि सन्तोष त्यहाँ पुग्ने कुरा उनले थाहा पाउँछिन् । यौन मनोरञ्जनको क्रममा आफ्नो अस्मिता नै गुमाउने साथी द्रेख्दा म पात्रलाई भित्रभित्रै रीस उठ्छ । श्रीमान् विदेश, जाने भनेर भिसा बनाउन जाँदा सन्तोषसँग परिचय भएको र पछि दैनिक

रूपमा सन्तोष आफ्नो कोठामा आई श्रीमानले गर्ने सबै कार्य गरेको कुरा प्रियाले म पात्रसँग बताउँछिन्

नरपशु तथा यौन खेलाडीका रूपमा रहेको सन्तोषको परिवारको बारेमा जान्ने उत्सुकताले म पात्र उसको डेरामा पुग्छिन् । हाकिमको डेरा भन्न नसुहाउने, अस्तव्यस्त अवस्था, २ महिनाकी छोरी रोइरहेकी, श्रीमतीले माइतबाट खानेकुरा ल्याएर गुजारा टारेकी इत्यादि अवस्था देख्दा म पात्रलाई ज्यादै दया लाग्छ । नपढेकी नराम्री भनेर श्रीमान् डेरामा नआउने, आठ-दश दिनमा एक दिन आएपनि टन्न रक्सी पिएर आउने गरेको कुरा सन्तोषकी श्रीमती मार्फत म पात्रले थाहा पाउँछिन् । बुवाआमाकी एक्ली छोरी म पात्रले पनि वेला यही हो भनेर सन्तोषको र प्रियाको बारेमा सबै कुरा बताई सन्तोषकी श्रीमतीलाई सम्बन्धविच्छेको लागि आग्रह गर्छिन र सन्तोषले थाहा नपाउने गरी सबै कुरा बताइदिन्छिन् । तेस्रो दिन सन्तोषसँग सम्बन्धविच्छेद गरी सन्तोषकी श्रीमतीले म पात्रलाई बोलाउँछिन् ।

भोलिपल्ट दिउँसो सन्तोष प्रियाको कोठामा जाने समयको प्रतीक्षा गर्दै म पात्रले सुरक्षाकर्मीलाई साथमा लिई जान्छिन् । प्रिया र सन्तोष रंगेहात समातिन्छन् । म पात्रका अनुहारमा खुशीको फूल ढकमक्क फूल्छ । भोलिपल्ट म पात्र र बुवा आमा सहित सन्तोषकी श्रीमतीलाई लिन गाडी लिएर जान्छन् र बाँकी रहेको घरभाडा तिरी सबैजना म पात्रको घरमा फर्किन्छन् । धेरै अगाडिदेखि शुरु भएको युद्धमा विजय भएको अनुभूतिसँग म पात्रको नयाँ जीवनको शुरुवातसँगै कथानकको अन्त्य हुन्छ ।

**चरित्र चित्रण**

म पात्र कथाकी प्रमुख पात्रको रूपमा रहेकी छन् । उनकै केन्द्रीयतामा रहेर कथा लेखिएको छ । नयाँ जीवन कथाको सहायक पात्रको रूपमा सन्तोष रहेको छ । म पात्र यस कथाकी गतिशील पात्र हुन् । उनी यस कथामा सत् र पूर्ण रूपमा रहेकी छन् । सन्तोष जस्तो यौनपिपाशु तथा नरपिचाश व्यक्तिलाई प्रहरीको कठघरामा उभ्याउन सफल भईन् । म पात्र यस कथामा साहसी र निडर नारीका रूपमा उपस्थित भएकी छन् । सन्तोष चरित्रहिन व्यक्तिको रूपमा यहाँ उपस्थित भएको छ । आफ्नो घरमा श्रीमती र छोराछोरी हुँदा हुँदै पनि अरुका श्रीमतीहरूसँग शारीरिक सम्बन्ध राख्दै हिड्ने यौन खेलाडी सन्तोष रहेको छ । निजामती सेवाको उच्च कर्मचारी भएर पनि आफ्नो अस्तितत्व कायम गर्न

नसक्ने इज्जतको ख्याल नभएको व्यक्ति हो । र त्यस्तै खराब चरित्र भएका व्यक्तिहरूको प्रतिनिधि पात्र पनि हो ।

**परिवेश**

नयाँ जीवन कथाको परिवेश थोरै मात्रामा ग्रामीण छ भने धेरै शहरिया रहेको छ । रमाइलो जंगलको बाटो, एकान्त ठाउँ आदि कुराले ग्रामीण परिवेशको झल्को दिन्छ । शहरको डेरा, प्रियाजस्ती दैनिक परपुरुषसँग लम्पट हुने स्त्री, स्कुटर, मोटरबाइक आदि कुराले शहरी परिवेशलाई देखाएको छ । विभिन्न किसिमका विकृति र विसङ्गतिले सामाजिक परिवेशलाई समेटेको छ । म र सन्तोषको बीचमा भेट, प्रेम प्रसङ्ग र विश्वासमा धमिलोपन आएपछि नयाँ जीवनको थालनी नै यस कथाको परिवेश रहेको छ ।

**उद्देश्य**

नयाँ जीवन कथाको उद्देश्य समाजमा हुने विभिन्न किसिमका विकृतिहरू र ती विकृतीहरूबट निस्केका परिणामहरूलाई देखाउनु खोजेको छ । आफ्ना श्रीमती र छोराछोरीलाई रुवाएर शहरमा तरुनी राखेर रमाइलो गर्ने प्रवृत्तिले कैयौंको परिवार विचल्ली भएको तीतो याथार्थलाई देखाउनु कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

नयाँ जीवन कथाको दृष्टिविन्दु प्रथम पुरुष आन्तरिक परिधिय रहेको छ । यहाँ म पात्र नै केन्द्रिय पात्रको रूपमा रहेकी छन् । तसर्थ यो कथा प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ ।

**भाषाशैली**

नयाँ जीवन कथाको भाषा सरल र सहज छ । पूर्व दीप्ति शैलीमा रहेको कथामा नयाँपन रहेको छ । कथामा सुक्कसुक्क, टुप्लुक्क जस्ता अनुकरणात्मक शब्द प्रयोग भएका छन् भने केहि तत्सम, तद्भव र आगन्तुक शब्दहरूको पनि त्यत्तिकै मात्रामा प्रयोग गरिएको छ ।

**शीर्षक**

अभिधात्मक अर्थ सम्प्रेषण गर्ने कथाको शीर्षक नयाँ जीवन मा श्रीमान्को ताडना र भोकभोकै बस्नुपरेकी सन्तोषकी श्रीमतीले म पात्रको सहायताले जीवनमा खुशी पाएकी

छन् भने सधैंभरि अविवाहित बस्ने बाचा गरेकी म पात्र सन्तोषकी श्रीमती र छोराछोरीसँग सधैं सँगै बस्न पाउँदा नयाँ जीवनको थालनी भएको महशुस गर्छिन् । तसर्थ नयाँ जीवन कथाको शीर्षक सार्थक रहेको देखाइएको छ

**च कुल्ली कथा - गोविन्द बराल**

कथाकार गोविन्द बरालको कुल्ली कथा रजस्थल वर्ष १२ पूर्णाङ्कक ३५ वैशाख असार २०६७ मा प्रकाशित सामाजिक कथाा हो । यहाँ गरिविको रेखामुनि रहेको नरेको दिनचर्यालाई विषयवस्तु बनाइएको छ ।

**कथानक**

वित्थड बजारमा गाडी आउनासाथ कछाडको फेर समात्दै दगुर्ने नरेको जीवनचर्याबाट कथानक शुरु हुन्छ । डल्लीले रोटा खान बोलाउँदा पनि ऊ दौडदै सेठको दोकानमा बोरा ओसार्न पुग्छ । पाँच घण्टा सामान ओसारेपछि डल्लीले त्यहीं रोटा ल्याइदिई । उसले साह्रै मीठो मानेर सितनविना रोटा चपाउँछ । 'भोजनभन्दा भोक नै मीठो ' हुँदोरहेछ । नरेले आफ्नो पारिश्रमिक साहुसँग माग्छ तर साहुले पछि लैजालास् मलाई फूर्सद छैन भन्दै पठाईद्रिन्छ । सधैंभरि छोटो कछाड लाएर गाडीकै सहारामा जहान बच्चा पालेको नरेलाई सेठले २ सय दिई पुनः दश रूपैयाँ खाजाको लागि दिन्छ । पाँच घण्टा काम गर्दा २०० दिन सेठका अगाडि ऊ रिसाउन सक्दैन किनभने सेठ रिसायो भने उसको घरमा चुल्हो बन्दैन । नरे रिसाउँदै एक क्वाटर खाएर घरमा आउँछ । डल्लीले आज धेरै थाक्यौ कि क्या हो मात्र के भनेकी थिई उसले चिर्पट दाउराले डल्लीको टाउकामा हिर्काउँछ । ऊ मुर्छा परेर ढल्छे । भोलिपल्ट डल्लीलाई अस्पतालमा लगिन्छ । औषधीमा वार्गेनिङ् नहुने कुरा डक्टरले बताएपछि ऊ चुपचाप पैसा बुझाएर हिड्छ । उसले पसल थापेर छिट्टै धनी हुने सपना देख्छ । त्यास सपना उसले पूरा गर्न सक्दैन । जुनसुकै दुःखी कामको लागि पनि नरेलाई सम्झने सेठले नरेलाई गाडीले किचेर घाइते हुँदा सहयोग गरेन । पाखुराको लागि मात्र पैसा दिने धनाढ्य सेठको नमिठो भाषाले डल्लीकी आमा हेरेको हेर्‍यै हुन्छे कथानक यही टुङ्गिन्छ ।

**चरित्र चित्रण**

कुल्ली कथाको प्रमुख पात्र नरे हो । दैनिक रूपमा ज्याला मजदुरी गरेर जिविकोपार्जन गर्ने सम्पूर्ण मजदुरहरूको प्रतिनिधिको रूपमा नरे रहेको छ । मान्छेलाई

पीडा र अभावले रिसाहा तथा क्रोधी बनाउँछ भन्ने पुष्टि उसको व्यवहारबाट भएको छ। सहायक पात्रको रूपमा रहेको सेठ यहाँ शोषक र सामन्ती वर्गका व्यक्तिहरूको प्रतिनिधि बनेको छ। गरिबहरूको पसिनामा रमाएर आफूलाई धनी बनाउने गलत नियतिले जरा गाडेको कुरा उसको व्यवहारबाट प्रष्ट हुन्छ।

**परिवेश**

कथाको मुख्य स्थानगत परिवेश ग्रामीण रहेको छ। नरेजस्तो कल्ली काम गरेर खाने मजदुरको पीडादायक दिनचर्यालाई यहाँ परिवेशको रूपमा चित्र गरिएको छ। यसमा साहु महाजन र सेठ जस्ता व्यक्तिले गरिबको श्रम शोषण गरेको तीतो यथार्थलाई पनि परिवेशको रूपमा चित्र गरिएको छ।

**उद्देश्य**

समाजमा धूर्त र सेठ व्यक्तिले अनेक जुक्तिको प्रयोग गरेर सोझासिधा मजदुरहरूबाट फाइदा लिन्छन् र नरेजस्ता व्यक्ति तिनीहरूका दास बन्छन् भन्ने कुराको चित्रण गर्नु नै कथाको उद्देश्य रहेको छ

**दृष्टिविन्दु**

कुल्ली कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ। यहाँ नरे डल्ली जस्ता तृतीय पुरुषवाची शब्द प्रयोग भएका छन्।

**भाषाशैली**

कथा, संवृत रूपविन्यास र रैखिक ढाँचामा संरचित छ। आयामको दृष्टिले कथा सङ्क्षिप्त छ। कथाको भाषा स्वादिलो र मीठासपूर्ण रहेको छ। वार्गेनिङ् र नोटजस्ता आगन्तुक शब्द र भोजनको मीठो भोकैमा भन्ने जस्ता उखानले कथालाई अझ श्रुतिमाधुर्य बनाएको छ।

**शीर्षक**

कुल्ली कथामा भारी बोकेर जीवन निर्वाह गर्ने नरेको दैनिक दिनचर्यालाई उल्लेख गर्न खोजिएको छ। गरिबी र अभावमा तड्पिएका व्यक्तिहरूको प्रतिनिधित्व नरेले गरेको छ। त्यसैले कथावस्तु अनुसार शीर्षक सार्थक देखिन्छ।

## छ. सहभागिता कथा - गोविन्द बराल

कथाकार गोविन्द बरालको सहभागिता कथा रजस्थल वर्ष १२ पूर्णाङ्कक ४० मा प्रकाशित सामाजिक कथा हो जसमा ठेकी बेच्दै हिड्ने मनजितेको दिनचर्चालाई प्रमुख विषयवस्तु बनाइएको छ ।

### कथानक

दैनिक ठेकी बेच्दै हिड्ने मनजितेको हातमा पियनले चिठी दिएपछि मास्टरको छोरा सम्भुलाई चिठी बाँच्नको लागि आग्रह गर्छ । कहिल्यै नसम्झने सचिवले चिठी पठाउँदा मनजिते दङग पर्छ । उसले आफ्नी श्रीमतीलाई ठेकी बेच्न जान आग्रह गर्दै आफू गाउँ परिषदको बैठकमा जान्छ ।

तलाई त ठेकी बेच्दैमा फुर्सद हुन्नथ्यो आज आएछस ए यहाँ सम्म भेलामा उपस्थित एकजना भलादमीले प्याच्च भन्छ । ठाउँ पाएदेखि राष्ट्रको लागि जस्तो सुकै काम पनि गर्न सक्ने जवाफ मनजिते बाट आउँछ । परिषदमा सबैले आ आफनै गाउँ र टोल बनाउनका लागि बजेट तनातान गर्दछन् । उ दङग परेर सुनिरहन्छ । पिछडिएका वर्गको लागि केही सुनुवाई हुदैन । खै हाम्रो सहभागिताको खाँचो भन्दै उ खित्तु हुन्छ । आफ्नो कुरा राख्न खोज्दा त्यहाँको भीडले नबोल भन्दै झपार्छ । गा.वि.स.को सबै बजेटको स्कुल भवन बनाउने निर्णय हुन्छ । यो कुरा मनजितेलाई मन पर्दैन । उसले स्कुल नजाने पिछडिएका बालबालिकालाई स्कुल पढ्न जाने अभियानमा खर्च गर्नुपर्छ भन्ने माग राख्छ । समावेशी शब्द भाषणमा र लेखाइमा मात्र हुने तर व्यवहारमा लागु नहुने देख्दा मनजितेको मन निकै दुख्छ । मनजितेको मागलाई अर्को साल सम्बोधन गर्ने भन्दै भेला टुङगिन्छ । उ धमिलो मन लिएर घर पुग्छ । के लिएर आयौ त बुढा परिषदबाट ? बुढीको प्रश्नको उत्तर दिन नसकेर मनजिते नबोली बस्छ कथानक यही टुङिगन्छ ।

### चरित्र चित्रण

सहभागिता कथाको प्रमुख पात्र मनजिते हो । मन जितेकै केन्द्रियतामा कथा घुमेको छ । उ ठेकी बनाएर बेच्ने काम गर्छ । त्यसैबाट उसले आफ्नो जिविका चलाएको हुन्छ । आफूलाई पनि विकास निर्माणका काममा सहभागी गराएपछि नहट्ने भावना उसमा रहेको छ । सबैले आ आफ्नै स्वार्थको लागि काम गरेको देख्दा उसको मन खिन्न हुन्छ । तसर्थ मनजिते यस कथाको गतिशिल पात्र हो ।

मन जितेकी श्रीमती सहायक पात्रका रूपमा आएकी छ भने सम्भु सचिव भेलामा उपस्थित व्यक्तिहरू गौण पात्रका रूपमा आएका छन् ।

**परिवेश**

सहभागिता कथाले निम्न वर्गीय नेपालीहरूको सामाजिक परिवेशलाई प्रस्तुत गरेको छ । ठेकी लिएर गाउँघर चाहार्नु गा.वि.स. बाट चिठी आउनु चिया पसलमा गफ गरेर बस्नु स्कुल नजिकैका बच्चाहरू पनि पढ्न नजानु आदि कुराले ग्रामीण परिवेशको स्पष्ट सङ्केत गरेको छ ।

आफ्नो मिहिनेत र परिश्रमबाट जीवन चलाएको मनजितेलाई दलितका कोटा पुऱ्याउन सहभागिताको लागि परिषदको बैठकमा बोलाइएको हुन्छ । तर उसले बोलेका कुराहरूको कुनै सुनुवाई नभएको र ठूला ठालुको मात्रै बोलवाल रहेको हुँदा यस्ता गरिब र दलितहरूको जीवन कष्टकर बनेका कुराहरू परिवेशको रूपमा आएका छन् ।

**उद्देश्य**

सहभागिता कथामा सामाजिक वेथिती र सामन्ती संस्कारले आक्रान्त बनाएको मनजितेको पीडालाई उद्घाटन गर्दै निम्न वर्ग प्रति गरिने दमनको यथार्थतालाई देखाउने उद्देश्य कथाले राखेको छ ।

**दृष्टिविन्दु**

सहभागिता कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । मन जिते सम्भु आदि जस्ता तृतीय पुरुषवाती शब्दहरू यहाँ आएका छन् ।

**भाषाशैली**

सहभागिता कथामा सरल एवम् सुबोध भाषाको प्रयोग गरिएको छ । सर्वसाधारण पाठकले पनि सहजै बुझ्ने भाषा यसमा रहेको छ । कथाका बीच बीचमा अनुकरणात्मक निपात र आगन्तुक शब्दहरू आएका छन् । जसले गर्दा शैली शील्पमा नवीनता ल्याई कच्चा मीठो र रसिलो बनेको छ ।

**शीर्षक**

सहभागिता कथा सामाजिक कथा हो यसले सबै जातजाति र सम्प्रदायक व्यक्तिहरूलाई सरकारका जुनसुकै कार्यक्रममा समावेश गर्नुपर्छ भन्ने मान्यता अनुसार

दलित समुदायको मनजितेलाई गा.वि.स.को परिषदमा बोलाइन्छ । सधैंभरि ठेकी बेच्न बुढीलाई पठाउँछ र आफु बैठकमा जान्छ । त्यहाँ उसले राखेको कुनै पनि प्रस्तावलाई अनुमोदन गरिदैन त्यसपछि उ सहभागिता मात्र जनाएर घर फर्कन्छ । तसर्थ सहभागिता शीर्षक विषयानुकुल सार्थक बनेको छ ।

**ज. जागिर कथा- गोविन्द बराल**

कथाकार गोविन्द बरालको जागिर कथा रजस्थल वर्ष १३ पूर्णाङ्क ४१ मा प्रकाशित सामाजिक कथा हो । यसमा बेरोजगारीको समस्याले छट्पटाइरहेका युवाहरूको कथा र व्यथालाई सामाजिक विषय बनाइएको छ ।

**कथानक**

गाउँमा समाजसेवीको रूपमा रहेका राजेन्द्रको अघि पछि सधैं युवाहरूको जमात देखिन्थ्यो । युवाहरू सधैं रोजगारको निम्ति उनको वरिपरि मीतारिन्थे पढेलेखेको हुनाले ती युवाहरू गाउँघरको सामान्य काम गरेर जीविका चलाउनुलाई तुच्छु सम्झन्थे । आफ्नो कामलाई थाती राखेर सधैं अरुको कामको लागि हिड्नु पर्दा राजेन्द्रलाई दिक्क लाग्दथ्यो । जतिसुकै पन्छाउन खोजेपनि पाँच जना युवाहरू उनको पछि पछि लागि नै रहे । राजेन्द्रले गाउँ छोडेर जान नपर्ने तिनीहरूले सानैदेखि जानेको र सिकेको काममा लगाइदिने निधो गरे मासिक रूपमा पाँच देखि दश हजार दिने सर्तमा राजेन्द्रले पाँच विधा खेत भाडामा लिई विभिन्न किसिमका तरकारीका विउका साथै त्यसको लागि आवश्यक पर्ने औजारहरू समेतको व्यवस्था मिलाइदिए ।

राजेन्द्रले सहकर्ताको भूमिका मात्र खेले । तरकारी उत्पादन भइसकेपटि नाफा घाटाको बारेमा राम्रोसँग जानकारी राखी सम्पूर्ण कारोबार युवाहरूले गरे । त्यहाँ नियुक्त व्यवस्थापक युवाले नाफा घाटाको हिसाब निकाले । सबै खर्च कटाएर वाषिएक ४ लाख रूपैया नाफा भएछ । त्यो देखेर ती युवाहरू अचम्ममा परे यस्तो पैसा आर्जन गर्ने धन्दाहरू पनि हाम्रै गाउँमा हुँदा रहेछन् । भन्दै समाजसेवी राजेन्द्रको भागमा रहेको ४ लाख रूपैयामा सबैले आँखा गाडे आफ्नो देशमा काम गर्न हिचकिचाउने नेपाली युवाप्रति लक्ष्य गर्दै राजेन्द्रले यसबाट सबै बेरोजगार युवाहरूले शिक्षा लिनुपर्ने कुरामा जोड दिए । नाफा भएको चार लाख रूपैया काम गर्ने पाँचै जना युवाहरूलाई बराबर बाँडिदिए यस्तो प्रशंसनीय काम गरेकोमा राजेन्द्रको महानताप्रति सबैले ताली बजाए ।

## चरित्र चित्रण

जागिर कथाको प्रमुख पात्र राजेन्द्र हुन् । उनकै केन्द्रियतामा कथा घुमेको छ । उनले बेरोजगार युवाहरूलाई रोजगार दिलाएर प्रशंसनीय काम गरेका छन् । राजेन्द्रले जस्तै समाजमा रहेका अन्य व्यक्तिहरूले पनि सोही किसिमको सकारात्मक सोच राखिदिने हो भने युवाहरू बेरोजगार हुनुपर्दैन । राजेन्द्र कथामा गतिशिल पात्रका रूपमा रहेका छन् । पाँच जना युवाहरू सहायक पात्रका रूपमा रहेका छन् भने गाउँलेहरू गौण पात्रका रूपमा रहेका छन् । बेरोजगारीको चपेटामा पुरेर छट्पटिएका युवाहरूको प्रति निधित्व पाँच जना युवाहरूले गरेका छन् ।

## परिवेश

जागिर कथामा ग्रामीण क्षेत्रमा रहेको बेरोजगारीको सजीव चित्र उतारिएको छ । धेरै पढेर पनि बेरोजगार भएका आफ्नो घरको काम धन्दा गर्न सानो भइन्छ भन्ने समाजमा गन्य मान्य मानिसको व्यक्तिका पछि लागेर जागिरको आशा गर्ने शहर बजारमा गएर दुई चार पैसा कमाए मात्र त्यसलाई जागिर भन्ने समाजका बेरोजगार युवाहरूको कथा व्यथालाई कथाले परिवेश बनाएको छ । विशुद्ध ग्रामीढा परिवेशलाई हेर्दा यस कथाले लगभग १ वर्ष जातिको समयलाई समेटेको छ । जागिरको खोजीमा समाजसेवी राजेन्द्रको अघिपछि युवाहरू दौडिने गरेको र अन्त्यमा तरकारी बेचविखनको पैसा हात पारेको कुरालाई पनि परिवेशमा समेटिएको छ ।

## उद्देश्य

जागिर कथामा बेरोजगारीको अवस्था भोगिरहेका युवाहरूको दिनचर्यालाई देखाइएको छ । जागिरको लागि नातावाद र कृपावादको पछि लाग्नु नेपाल कृषि प्रधान मुलुक भएको कारण कृषि क्षेत्रलाई व्यवसायीकरण गर्ने सन्देश दिनु काम ठूलो र सानो हुदैन आफू नैतिकतामा रहेर काम गरियो भने जुनसुकै कार्यमा पनि इज्जत रहने कुरालाई देखाउनु जागिर कथाको उद्देश्य रहेको छ ।

## दृष्टिविन्दु

जागिर कथामा राजेन्द्र युवाहरू जस्ता तृतीय पुरुषवाची शब्दहरू आएको हुँदा कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ ।

**भाषाशैली**

जागिर कथाको ढाँचा रैखिक छ । आगन्तुक र भरो नेपाली शब्दहरूले कथालाई रुचि पूर्ण बनाएका छन् । कथामा संवादात्मक शैली अधिक भएकोले कथा नाटकीय बन्न पुगेको छ । कस्तुरी आफ्नो जीउमा भएको सुगन्ध आफैले थाहा पाउँदैन भन्ने उखानले कथालाई अझ मार्मिक बनाएको छ ।

**शीर्षक**

नेपाली युवहरूमा रहेको जागिरको दौडधुप र जागिर नखाई जीविकोपार्जन गर्न सकिदैन भन्ने संकुचित मान्यतालाई कथाले देखाउन खोजेको छ तर समाजसेवी राजेन्द्रले गाउँको खेतीयोग्य जमिनलाई प्रयोगमा ल्याई पाँच जना युवाहरूले पाएको रोजगारीलाई देखाउदै जागिर कथाको शीर्षक साथक बनाइएको छ ।

**झ. धने र बखते कथा : महेश्वर शर्मा**

वर्ष १४ पूर्णाङ्क ४२ मा प्रकाशित महेश्वर शर्माको धने र बखते कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो ।

**कथानक**

गैराको खेतभमा ढुङ्गो झुण्डाएर घाँस आफ्नो बनाएको धनेको जग्गामा बखतेले घाँस काटेपछि कथानक अघि बढ्छ । धने बखते विरुद्ध उजुर गर्नको लागि बराजु मानिएका पिपलडाँडा मुखिया कहाँ दुःखेसो पोख्छ । मुखियाकी बुढीले पनि बखतेलाई असत्तेराको संज्ञा दिन्छिन् । धनेले घाँस रोक्का गर्न खेतको आलीमा घोचो गाडेर ढुङ्गो झुण्डाएको थियो । परम्परागत व्यवहारमा यसलाई हटक भनिन्छ । अहिलेको कानूनी प्रक्रियामा यसलाई प्रतिबन्ध भनिन्छ । अहिले पनि समाजमा परम्परागत नियमहरू नै रहेको पाइन्छ । हिजो आज संचारको साधनले गर्ने काम परम्परागत मान्यता अनुसार कटुवालले गर्ने गर्दथे । आजको भाषामा आचार संहिता उल्लङ्घन गर्दा लाग्ने कानून पहिला-पहिला हटक उल्लङ्घन गर्दा लाग्दथ्यो । डाउँघरमा सरुवा रोग लाग्यो भने काँढा लगाएर बाटो समेत बनद गरिन्थ्यो र आवतजावतको माध्यम बन्द हुन्थ्यो । मुर्दाको दाहसंस्कार गरेर फर्कंदा मलामीले बाटामा काँढा राखेर ढुङ्गाले अँठ्याएर छोड्थे किनभने त्यसको अर्थ थियो । मशान र भूत प्रेत फर्केर नआओस् भन्ने ।

धने र बखतेको बारेमा पिपलडााडामा कचहरी बस्यो । पञ्च भलादमीका अगाडि धनेले आफ्नो कुरा राख्यो । बखतले भने धनेलाई नराम्रोसँग गाली गर्दै हपाऱ्यो । उसले धनेलाई आफ्नो पार्टीको विरोधी भएको कुरा बताउँदै सबै व्यक्तिहरू शोषक, सामन्ती र फटाहा भएको कुरालाई औल्याउँदै गाली गऱ्यो । धेरै व्यक्तिहरूले सम्झाउँदै पनि ऊ उफ्री नै रह्यो । त्यसपछि पिपलडाँडा मुखियाले बखतेलाई राम्रोसँग सम्झाए । बखतेले पनि कुरा बुझ्ने मौका पायो । पार्टीको लहैलहैमा लागेर छिमेकीलाई चिढ्याउन राम्रो रहेनछ भन्ने कुरा बखतले राम्रोसग बुझ्यो । मुखियालले बखतेलाई धनेको घाँसको मूल्य तिरीदिन आग्रह गर्दै कचहरी समाप्त हुन्छ ।

## चरित्र चित्रण

धने र बखते कथाका प्रमुख पात्र पिपलडाँडे मुखिया हुन् । धने र बखते सहायक पात्रका रूपमा रहेका छन् । पञ्च भद्रभलादमीहरू गौण पात्रका रूपमा रहेका छन् । यहाँ पिपलडाँडे मुखियाले गाउँका विशिष्ट र गन्यमान्य व्यक्तिको प्रतिनिधित्व गरेका छन् । बखतेसँग घाँसको विषयमा भएको मनमुटावमा धने पिपलडाँडे मुखियाँसँग आएर गुहार मागेको थियो र अन्त्यमा मुखियाबाट नै समस्या समाधान भएको छ । तसर्थ यहाँ मुखीया सत् र गतिशील पात्रका रूपमा रहेका छन् ।

## परिवेश

धने र बखते कथामा र रुढीवादी अन्धविश्वासी परम्पराको बारेमा जीव चित्र उतारिएको छ । खतको आलीमा ढुंगो झुण्डाएर घाँस रोक्का गर्ने, आफूभन्दा उपल्लो जातिलाई अथवा ब्राह्मण क्षेत्रीलाई बराजु भन्ने, परम्परागत सामाजिक नीति नियम तोड्न नसक्ने, सरुवा रोग एक अर्कामा सर्दछ भन्ने मान्यताले बाटामा काँढा लगाउने र आवत-जावत बन्द गर्ने, सामाजिक नियम अनुसार गाउँमा कचहरी बसी न्याय निशाफ मिलाउने आदि कुराले ग्रामीण परिवेशको झल्को दिन्छत । धने र बखते बीच भएको झगडामा बखते समर्थक भएको पार्टीको पनि केही हदसम्म हात रहेको हुन्छ । आफ्नो पार्टीका कार्यकर्ताको लहैलहैमा लागेर बखतेले धनेप्रति मिचाहा प्रवृत्ति राखेको हुन्छ । धनेले हडप गरी राखेको घाँस बखतेले काटिदिन्छ । त्यसपछि पिपलडाँडेको घरमा बसेको कचहरीले दोषीलाई दण्ड र निर्दोषीलाई न्याय गरेको कुरालाई परिवेशमा समेटिएको छ ।

**उद्देश्य**

धने र बखते कथामा समाजमा हुने आपसी मतभेद र मिचाहा प्रविृत्तलाई देखाइएको छ । आफ्नो पार्टीको लहैलहैमा लागेर वास्तविकता नबुझी धनेको घाँस हडप गर्ने दुष्ट प्रवृत्ति बखतेमा रहेको छ । समाजले निर्धारण गरेका नीति नियम र आचारसंहितालाई मान्नुपर्छ भन्ने मान्यता यहाँ रहेको छ । तसर्थ कसैप्रति रीसरागको भावना नराखी एक अर्कामा मिलेर बस्नुपर्छ भन्ने मान्यता राख्नु धने र बखते कथाको उद्देश्य रहेको छ ।

**दृष्टविन्दु**

धने र बखते कथामा तृतीय पुरुष वाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**भाषाशैली**

धने र बखते कथाको भाषा शैली रैखिक रहेको छ । यसमा लोभानी, पापानी, असत्तेरो जस्ता झर्रा नेपाली शब्दका साथै र लौ पो निपातको प्रयोग गरिएको छ । चिलिमको मुट्ठामा घ्याम्पाको खर्च, रीसले आफू खा, बुद्धिले अरु खा भन्ने जस्ता उखानहरूले कथालाई रुचिपूर्ण बनाएका छन् । शैली शील्पमा नवीनता रहेको प्रस्तुत कथाको भाषा शैली आज पूर्ण रहेको छ ।

**शीर्षक**

छिमेकमा बसेर एक अर्काबीच हुने गरेको नकारात्मक प्रवृत्तिलाई कथाले देखाउन खोजेको छ । छिमेकीबीच वेमेल असमझदारी आदि कुरालाई कथाले समेटेको छ । आफू एउटा पार्टीमा लागेपछि अर्को पार्टीको व्यक्तिलाई देखिसहने प्रवृत्ति पनि यहाँ रहेको छ । यहाँ पिपलडाँडे मुखियाले धने र बखते दुबै जनालाई सहमतिमा ल्याएर मेलमिलापको भावना जागृत गराउनमा मध्यस्थकर्ताको भूमिका खेलेका छन् । तसर्थ धने र बखते कथाको शीर्षक विषयवस्तु अनुकुल सार्थक बनेको छ ।

**ञ. जलकुम्भी कथाः -टीकाराम वाग्ले**

टीकाराम वाग्ले स्याङ्जामा जन्मिएका सामाजिक कथाकार हुन् । समाजमा हुने विकृति र विसङ्गतिलाई पर्दाफास गरी कथा लेखन कार्यमा कलम चलाउनु वाग्लेको

प्रमुख प्रवृत्ति हो । उनको जलकुम्भी कथा रजस्थल वर्ष १४ पूर्णाङ्क ४३ साउन असोज २०६७ मा प्रकाशित सामाजिक कथा हो ।

**कथानक**

अफ्रिकी मुलुकका मानिसको अनुहारसँग ठ्याम्मै मिल्ने अठासी वर्षको सुमन नारायण नेवार पत्नी बिहिन थिए । बोलाउँदाखेरी सम्नेत्यार भनिने सुमनको ढाँड धनुषाकारमा नुहेको थियो । ब्रिटिस आर्मीमा केही वर्ष जागि गरेको हुनाले उनलाई भू.पू. सैनिक वेलफेयर फण्डबाट राहत स्वरूपष चार हजार प्रतिमहिना दिइन्थ्यो । लुगा नमिलाईकन लगाउने, कहीं पाहुना बस्न जाँदा जुत्ता, चप्पल, हातैमा लिएर जान्थे । आफ्नो पालामा बटौली गएर नून ल्याएको कुरा उनले आफ्ना छोराछोरीलाई सुनाउँथे । आफू ब्रिटिशको लाहुरे भएका कारण कसैको भारी नबोकेको बताउँथे सुमन बुढा ।

काखमा खेलिरहेको दुधे बालक समेत तर्सिने रूप र सौन्दर्य थियो । उनको गाउँघरको हिसावमा उनको आर्थिक अवस्था त्यति नराम्रो त होइन तर पैसाभन्दा मरुहत्ते गर्ने बुढाले बरु कोदाको फाँडोसित कोदाको ढिंडो खालान् मासु भने कहिल्यै किनेर खाँदैनथे । ब्याजमा लगाएका पैसाले एक बोत्तर घरपाला खाने गर्दथे । जेठी छोरी सुत्केरी हुँदा कान्छी छोरी स्याहार गर्न गएको वेला लाहुरे ज्वाईंले सालीको राम्रो हेरचाह गरिदिनाले भुँडी बोकेको गुनासो पोख्छन् । कान्छी छोरी र उनका सन्तानलाई आफूले पाल्नुपरेकोमा दुःखेसो पोख्छन् । छोरीले लुकीछिपी अन्य बेचिदिने र नातिले पैसा चोर्ने, भोक लागेको वेला समयमा खान नपाउँदा बुढालाई साह्रै रीस उठ्थ्यो । तिन भाइ छोरा जन्माए पनि सबैले आआफ्ना श्रीमती लिएर सहर पसेको सहरिया प्रदुषणमा फसेको गुनासो गर्ने, प्राकृतिक सौन्दर्यपूर्ण तालको नगरी पोखरा जलकुम्भीले प्रदुषित भए झैं लाहुरेहरूको छाडावादले पोखरा झनै प्रदुषित भएको कुरामा उनी चिन्तित हुन्थे ।

एस.एल.सी. को पाठ्यक्रम भन्दा गुण्डागर्दीको पाठ्यक्रममा पास भएको उनको नातिको चाला पनि ठीक नहुँदा सम्ने बुढालाई नरमाइलो लाग्थ्यो । माओवादीमा लागेको नातिका कुकृत्यहरूले गर्दा त्यस पार्टीबाट निष्कासित भएर पनि माओवादीकै धाक र रखाफमा हिंडिरहन्थ्यो । उनको नातिको बर्मामा लडाईं लडेको सम्ने बूढो घरको लडाईंमा जहिले पनि हार्थ्यौ । देशमा लोकतन्त्र, आएपनि उसको मष्तिष्कमा कुनै नयाँ परिवर्तन

आएको थिएन । बनमानुस मसाने बुढो, भालु आदि नामले चिनिएको सम्ने बुढाले समय हुँदै दोस्रो विहे नगरेकोमा पछुतो मानेको थियो ।

### चरित्र चित्रण

जलकुम्भी कथाको मुख्य पात्र सम्नेन्यार अथवा समनारायण नेवार हो । कथा सम्नेन्यारको रूपाकृति र नानी व्यहोराबाट शुरु भई उसकै, क्रियाकलापसँग अन्त्य भएको छ । उ पैसाको मामिलामा पाषण युगमा जन्मेजस्तो देखिन्छ । पैसा खर्च गर्न भनेपछि उसलाई पहिल्यै ज्वरो आउँथ्यो । मिहिनेत र परिश्रम गरेर जिविकोपार्जन गर्नुपर्छ भन्ने उसको मान्यता थियो । उमेर अवस्था छँदै दुई चार पैसा जोड्न सके बुढेसकालको सहारा हुन्छ भन्ने मान्यता उसमा थियो । तसर्थ सम्नेन्यार जलकुम्भी कथामा गतिशील र सत् पात्रका रूपमा रहेको छ । बुहारी छोरा र छरछिमेकी गौण पात्रका रूपमा रहेका छन् ।

सहायक पात्रका रूपमा आएका कान्छी छोरी र नाति खराब प्रवृत्तिका छन् । लुकीछिपी अन्न बेचेर घर रित्तो बनाउने काममा छोरी लागेकी छ । भने विभिन्न किसिमका कुकर्महरू गरेर बेइज्जती र बद्नामी कमाउने कामु नातिबाट भएको छ । तसर्थ यहाँ कान्छी छोरी र नाति असत् पात्रका रूपमा रहेका छन् ।

### परिवेश

जलकुम्भी कथाको परिवेश ग्रामीण र सहरिया दुबै रहेको छ । सम्ने बुढाको क्रियाकलापले सहरिया परिवेशको झल्को दिन्छ । लाहुरेहरूको छाडावाद र जलकुम्भीको प्रदुषणले पोखराका विभिन्न सौन्दर्यमूलक तालहरू कुरूप भएको कुरालाई पनि परिवेशमा समेटिएको छ ।

### उद्देश्य

जलकुम्भी कथाले खासगरी गाउँ सहरमा हुने विकृति विसङ्गति साथै छाडावादी प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरेको छ । मिहिनेत परिश्रम नगरी गुण्डागर्दी चोरी डकैती गरेर खाने आजका अल्छी मानिसहरूलाई सही बाटोमा हिंड्न अभिप्रेरित गर्नु कथाको उद्देश्य रहेको छ । जन्म दिने बाबुआमाका अर्ती उपदेश नमान्ने, विदेश गएकाहरूकी तरुनी स्वास्नीसँग रमाउने युवाहरूले मान मर्यादा र इज्जतमा दाग लगाएका छन् । आफ्नो छोराछोरी नाति, नातिनीलाई जति गरी हुर्काए पनि तिनीहरूबाट नै अपमानित र तिरस्कृत भएर बाँच्नुपर्ने

बाध्यता बुढाबुढीहरूको रहेको छ । जिन्दगीको उत्तरार्धतिर बुढाको सहारा बुढी र बुढीको सहारा बुढो हुने कुरालाई प्रष्ट पार्न खोज्नुपनि कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

जलकुम्भी कथा तृतीय पुरुष  वाह्य दृष्टिविन्दुमा संरचित छ । कथा रैखिक ढाँचामा अगाडि बढेको छ ।

**भाषाशैली**

जलकुम्भी कथाको भाषा सरल छ । यसमा तत्सम शब्द केही आगन्तुक र झर्रा नेपाली शब्दको समुचित प्रयोगले कथा सुन्दर बनेको छ । कथालाई रोचक र प्रभावकारी बनाउन कतैकतै उखान टुक्का र निपातको समेत प्रयोग गरिएको छ । तसर्थ जलकुम्भी कथाको संरचना प्रभावकारी रहेको छ ।

**शीर्षक**

जलकुम्भीको शाब्दिक अर्थ पानीमा उम्रने झार भन्ने बुझिन्छ । ताल तलैयामा उम्रने झारले पानीलाई प्रदुषित बनाए झैं आज शहर बजार साथै ग्रामीण क्षेत्रमा हुने विकृति र विसङ्गतिले सम्पूर्ण मानव समुदायलाई नै आक्रान्त पारेको छ । आफ्नो तरुनी श्रीमतीहरू घरमा छाडेर विदेसिने पुरुषहरूका श्रीमतीबाट विभिन्न किसिमका विकृतिहरू आइरहेका छन् । त्यसैगरी पुरुषमा हुने छाडावाद र मोबाइल फोन पनि विसङ्गतिका कारक तत्वहरू हुन् । छोराछोरी र नाति नातिनीका लागि बुढाबुढीले जति नै दुःख गरेपनि अन्तिम अवस्थामा उनीहरूबाटै तिरस्कृत र अपमानित हुनुपरेको यथार्थता यहाँ देखाइएको छ । तसर्थ कथाको शीर्षक विषयानुकुल सार्थक देखिन्छ ।

**ट पारपाचुकी र मिलन :        -चिन्तु गिरी**

पिता  नरभूपाल गिरी र माता खगीसरा गिरीका सुपुत्र चिन्तु गिरीको जन्म पु.व.न.पा. -९, लामागेमा वि.सं. २०११ असार ११ गते भएको हो । गिरी स्याङ्जा साहित्य प्रतिष्ठानका विशेष आजीवन सदस्य रहेका छन् ।

कविता विधाको साथसाथै कथा विधामा पनि सशक्त रूपमा कलप चलाउने गिरीको पारपाचुकी र मिलन कथा रजस्थल वर्ष १४ पूर्णाङ्क ४५ माघ-चैत्र २०६७ मा प्रकाशित

सामाजिक कथा हो । पारपाचुकी र मिलन कथामा सत्र वर्षकी सावित्री र शङ्करेको वैवाहिक जीवनलाई प्रमुख विषयवस्तु बनाइएको छ ।

**कथानक**

सत्र वर्षकी सावित्रीको विवाह शङ्करेसँग पञ्चेबाजा बजाएर गरिन्छ । लोग्ने स्वास्नीमा हुनुपर्ने जुन किसिमको माया ममता हो, त्यो शङ्करेमा थिएन । फलस्वरूप सावित्रीका सन्तान समेत भएनन् । श्रीमान्ले हेला गरेपछि सासु ससुरा पनि आफ्ना हुन सकेनन् । शङ्करे काठमाण्डैं गएर जागिर खान थाल्यो । त्यहीं उसले अर्को विवाह पनि गऱ्यो । यता सावित्री माइतीको घरमा बस्दै आएकी थिइन् ।

घरमा अर्की स्वास्नी भएको कुरा कान्छीले पनि थाहा पाई र जेठीसँग पारपाचुकी गर्नको लागि कान्छीले शङ्करेलाई अनुमति दिई । सोही अनुरूप माइत बसेकी जेठीलाई पारपाचुकीको खबर सुनाइयो । पहिला त त्यो कुराले उनी छाँगाबाट खसे झैं भइन् । पहिल्यै पारपाचुकी भए जस्तै गरी बसेकी सावित्रीले फेरी शङ्करसँग जिन्दगी बिताउनु मुर्खता भन्ने सोंचेर त्यस कुरामा उनी मञ्जुर भइन् । शङ्करे र कान्छी कार लिएर आफ्नो जिल्लाको सदरमुकाम आए । धन कमाएको हुनाले उसको तारिफ गर्ने भरौटेहरू वरिपरि झुम्मिदै उसलाई घरसम्म पुऱ्याईदिए । भोलिपल्ट सावित्रीलाई पचास हजार दिएर सम्बन्ध विच्छेद गरियो । कान्छी र शङ्करेपनि त्यहाँबाट काठमाडौं गए । सावित्री चाँही लोग्ने छोराछोरी सम्पत्ति र आफ्नो जिन्दगीलाई त्यही पचास हजारको पोकोभित्र साँघुरयाएर विवाहको दिन सम्झी रुन थालिन् ।

समय सधैं एकैनासको हुँदैन । शङ्करेकी कान्छी उमेर नपुग्दै स्वर्ग भइन् । शङ्करे विचलित हुँदै रुन थाल्यो । तर रोएर समस्या समाधान नहुने सोची जीवनको अन्त्यमा एक्लो जीवन बिताउन अप्ठ्यारो पर्ने हुँदा पुनः जेठीलाई नै भित्र्याउने निधो गर्दै आफन्तसँग सल्लाह लियो । शङ्करेले पारपाचुकी गरेकी श्रीमतीलाई तेस्री श्रीमतीको रूपमा भित्र्याएर घरजम चलाउन थाल्यो ।

**चरित्र चित्रण**

पारपाचुकी र मिलन कथाकी प्रमुख नारी पात्र सावित्री हुन् । उनी लोग्नेबाट अपमानित र तिरस्कृत भएर माइतीमा गएर बसेकी छन् । सहनशीलता, कोमलता, भावुकता सावित्रीका चरित्रगत विशेषता हुन् । उनी कोमल र दयालु पनि छिन् । पतिले सौता ल्याएपछि

पारपाचुकीको कुरा सुन्दा उनको मनमा ठूलो आघात पर्छ तर सहन सक्ने नारी भएकीले उनी पतिको प्रस्तावलाई स्वीकार गर्छिन । मिलन, विछोड हाँसो, रोदन प्राकृतिक नियम हुन् । केही समयको अन्तरालपछि पुनः तेस्रो श्रीमतीको सावित्री त्यही घरमा भित्रिन्छन् । तसर्थ सावित्री परिस्थिति अनुसार चल्नसक्ने शत् गतिशील पात्रका रूपमा रहेकी छिन्

यस कथाको प्रमुख पुरुष पात्र शङ्करे हो । ऊ नारी माथि अनयाय अत्याचार गर्ने व्यक्ति हो । सावित्रीसँग पारपाचुकी गरी नयाँ घरजम गर्न खुशी हुन्छ शङ्करे । उसलाई महिलाको एक्लो जीवन कस्तो हुन्छ भन्ने थाहा हुँदैन । तसर्थ उ आडम्बरी स्वार्थी प्रवृत्तिको पात्र हो । अन्त्यमा फेरि स्वार्थ पूरा गर्न उही पारपाचुकी गरेकी सावित्रीसँग पुनः विवाह गर्छ । त्यसैले स्वार्थी प्रवृत्ति भएका पुरुष पात्रहरूको पनि प्रतिनिधित्व गरेको छ । यहाँ शङ्करेले ऊ असत र गतिशील पात्रको रूपमा रहेको छ र शङ्करेका बाबुआमा सावित्रीका दाजु र गाउँलेहरू गौण पात्रका रूपमा रहेका छन् ।

**परिवेश**

पारपाचुकी र मिलन कथा ग्रामीण परिवेशमा आधारित छ । ग्रामीण परिवेशका प्रस्तुतीकरणमा खप्पिस कथाकार चिन्तु गिरीले यस कथामा तत्कालीन समाजको यथार्थ चित्र जीवन्त रूपमा उतारेका छन् । सानै उमेरमा विवाह गर्ने, श्रीमतीसँग राम्रो सम्बन्ध कायम राख्न नसक्ने, श्रीमतीलाई खुट्टाले कुल्चने जुत्ता सरह मानने पुरुषको हैकमवादी प्रवृत्ति, एउटी श्रीमती मन नपरे अर्को विवाह गर्ने, कार किनेर मन परेकी श्रीमती र छोराछोरीलाई ऐस अराममा राख्ने, आदि कुराले केही मात्रामा शहरिया परिवेशको छनक दिन्छ ।

**उद्देश्य**

सामाजिक यथार्थता झल्काउने पारपाचुकी र मिलन कथाले समाजका विभिन्न किसिमका समस्याहरूको वकालत गर्न खोजेको छ । सानै उमेरमा विवाह भएका महिलाहरू पुरुषको कुटपिट सहेर बस्नुपरेको छ । त्यतिमात्र नभएर आफूमाथि लोग्नेले सौता हाले पनि नारीहरू चुपचाप सहेर बस्नुपरेको नीति यथार्थतलाई कथाले देखाएको छ । यस कथमा रहेकी सावित्री घरमा कसैको सहारा नपाएपछि माइतमा गएर बस्ने बाध्य हुन्छिन् । श्रीमान् शङ्करले पारपाचुकी गर्ने व्यवस्था मिलाउँछ । नेपाली समाजका विविध मर्महरू प्रस्तुत गर्नु, सामाजिक समस्या उद्घाटन गर्नु, अन्त्यमा हेला गरेर पारपाचुकी

गरेको श्रीमती जीवनको उत्तरार्धतिर सहारा बन्न पुगेको कुरालाई दर्शाउन खोज्नु कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

पारपाचुकी र मिलन कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । यहाँ शङ्करे सावित्री गाउँलेहरू जस्ता तृतीय पुरुषवाची शब्दहरू आएका छन् ।

**भाषाशैली**

पारपाचुकी र मिलन कथामा सुरल एवम् कथ्य भाषाको प्रयोग गरिएको छ । यसमा सर्वसाधारण पाठकले पनि सहजै बुझ्न सक्ने भाषा प्रयोग भएको छ । भाषा रल भएको कारण शैली पनि सरल नै छ । विषषनुकुल घटनाको तारतम्ब र सरल शब्द चयन तथा छोटा वक्यहरूको संयोजनका कारण यस कथाको भषाशैली प्रभावकारी भएको पाइन्छ । रैखिक ढाँचामा संरचित प्रस्तुत कथाका भाषाशैली सरल प्रकृतिको रहेको छ ।

**शीर्षक**

पारपाचुकी र मिलन कथा सावित्री र शङ्करेको जीवनसँग सम्बन्धित रहेको छ । पारपाचुकीको शाब्दिक अर्थ सम्बन्ध विच्छेद हो । शङ्कर र सावित्रीको विछोड भइसकेपछि अर्थात् सम्बन्ध तोडिइसकेपछि पनि शङ्करले सावित्रीलाई विवाह गरेर भित्र्याउँछ र अन्त्यमा मीठो मिलन हुन्छ । शुरुमा वैवाहिक सम्बन्धमा गाँसिएका सावित्री र शङ्करेको कथाको बीचमा गएपछि सम्बन्ध विच्छेद हुन्छ । शङ्करेकी कान्छी श्रीमती मरिसकेपछि शङ्करले सावित्रीलाई नै तेस्री श्रीमतीको रूपमा भित्र्याई दुई जना बीच पुनः मिलन भएको कारण पारपाचुकी र मिलन शीर्षक सार्थक बनेको छ ।

**ठ. महानता कथा : गोविन्द बराल**

कथाकार गोविन्द बरालको महानता कथा रजस्थल वर्ष १४ पूर्णाङ्क ४५ मा प्रकाशित सामाजिक कथा हो ।

**कथानक**

सन्ध्याको रगतको रिपोर्टबाट कथानक अघि बढ्छ । स्वास्थ्यकर्मीले सन्ध्यालाई नआत्तिनको लागि आग्रह गरे । एच.आई.भी. संक्रमित सन्ध्याले जानी नजानी कुलतमा फसेका युवा युवतीलाई सङ्क्रमण हुनबाट बचाउन समाज सेवामा लाग्न अठोट गरिन् ।

बेलुका ओछ्यानमा पल्टेर राजेशसँग जीवन बिताउन असमर्थ भएको र बाबु आमालाई नाति नातिनी हेर्ने धोको पुऱ्याउन नसक्ने कुरा सम्झदै मनमनै क्षमा मागिन् । अवसरवादी सरिता र मुकेशको लहैलहैमा लागेर बलात्कारको शिकार बनेकोमा उनीहरूलाई सन्ध्याले सरापिन् ।

आफ्नो प्रेमी राजेशलाई आफू संक्रमित भएको भन्ने कि नभन्ने बुवा आमा छरछिमेकीहरूले के भन्लान् यो कुरा थाहा पाए भने साथीसंगीले पनि छि ! छि ! र दूरदूर गर्ने छन् आदि विविध कुराहरू सोचिन् सन्ध्याले । जे भएपनि बाँचुञ्जेल केही गर्नुपर्छ भन्ने मनसायले आफू जस्तै पीडितहरूलाई सान्त्वना सहयोग र संरक्षण दिनका लागि सामाजिक संस्था खोलिन् । राजेशले उनीसँग विवाह गर्ने प्रस्ताव राख्दा भो तिम्रो जीवन बिग्रिन्छ भन्ने जवाफ दिइन् । राजेशले सन्ध्याको कुरा बुझ्न सकेन ऊ जिल्ला पऱ्यो । बुवा आमाले विवाहको प्रस्ताव राख्दा पनि उनको जवाफ यस्तो हुन्थ्यो । मान्छे जहिले पनि अर्काको कल्याणका लागि हुनुपर्छ न कि कसैको वर्वादको लागि सन्ध्याको यस्तो भनाइपछि विवाहको प्रस्ताव पनि आउन छाड्यो । केही समयपछि सन्ध्या वा छाडेर भागिन् । कहाँ गइन ? के गर्दैछन् भन्ने बारेमा केही जानकारी भएन । दश वर्ष बितेपछि एकाएक अप्रत्याशित समाचार आयो । अन्तराष्ट्रिय पुरस्कारबाट सम्मानित सन्ध्या हालै अस्पतालमा । एकातिर हर्षाश्रु अर्कोतिर दुःखका आँसु दुबै आए आमाबुवाको आँखाबाट । बुवा आमा हतार हतार अस्पताल पुगे । त्यहाँ प्रधानमन्त्री राष्ट्रपति मन्त्री विदेश राजदूत उच्च पदस्थ कर्मचारीहरू सन्ध्याको सु-स्वास्थ्यको कामना गरिरहेको थिए । सन्ध्यालाई एड्स भएको थाहा पाएपछि आक्रोशित बुवाको मन छोरीको महानताले पग्लियो । छोरीको महानताको प्रशंसा गर्दै बाबु खुशी भए । यत्तिकैमा कथा टुङ्गिन्छ ।

**चरित्र चित्रण**

महानता कथा विकृति र विसङ्गतिको विषयवस्तुमा आधारित छ । चरित्र प्रधान यस कथामा प्रमुख नारी पात्रको रूपमा सन्ध्या रहेकी छिन् । उनकै केन्द्रीयतामा कथा घुमेको छ । त्यसैगरी अन्य पात्रहरूमा राजेश, स्वास्थ्यकर्मी, सरिता, मुकेश सन्ध्याका बाबुआमा, मामा, राजदूत प्रधानमन्त्री आदि रहेका छन् । मुकेशको इन्द्रजालमा फँसेर एड्स जस्तो भयानक रोगको शिकार बनेकी सन्ध्या आजीवन विवाह नगर्ने निर्णय गरेकी छन् । आफू रोगको शिकार बनेपनि अरु कसैको जीवन वर्वाद नपार्ने उदको दृढता छ । एड्स

रोगीहरूलाई सान्त्वना सहयोग र संरक्षण दिन समाज सेवामा तत्लीन रहे वापत उनी अन्तर्राष्ट्रिय पुरस्कारबाट समेत सम्मानित भईन् । अन्त्यमा मृत्यु पश्चात बाबुबाट पनि छोरीको महानताको प्रशंसा गरियो । तसर्थ सन्ध्या यहाँ गतिशील र सत् पात्रका रूपमा रहेकी छन् ।

## परिवेश

महानता कथाले नेपालीहरूको सामाजिक परिवेशलाई प्रस्तुत गरेको छ । खासगरी शहरी क्षेत्रमा हुने विभिन्न किसिमका विकृतिलाई औंल्याएको छ । नेपाली समाजमा युवा युवतीहरूको जीवन विभिन्न विसङ्गतिका बीचमा गुज्रिरहेको छ । झ्बाट्ट हेर्दा उनीहरू सुखी र खुशी देखिएपनि भित्रभित्रै नराम्रो रोगको शिकार बनेका हुन्छन् ।

यहाँ सन्ध्या जस्ती युवती सरिता र मुकेशको लहैलहैमा लागेर एड्सको शिकार बनेकी छन् । यस्तै अरु व्यक्तिहरू पनि समस्याका बीच बाँचिरहेको सजीव चित्र कथामा उतारिएको छ । समयगत परिवेशलाई हेर्दा यस कथाले लगभग दश वर्षको समयावधिलाई समेटेको छ । सन्ध्याको रगत परीक्षण गर्दा एड्स देखा पर्नु, एड्स लागेकै कारण राजेशसँग विवाह गर्न नसक्नु, बाबु आमाका विविध प्रस्तावहरूलाई इन्कार गर्नु, १० वर्षसम्म सामाजिक संस्था खोली काम गर्नु र अन्त्यमा अन्तराष्ट्रिय पुरस्कारबाट सम्मानित हुनु आदि कुरालाई समयगत परिवेशको रूपमा लिइएको छ ।

## उद्देश्य

महानता कथामा युवा युवतीमा हुने छाडा प्रवृत्तिलाई देखाइएको छ । यस कथामा आएकी सन्ध्या सरिता जस्ती अवसरवादीको लहैलहैमा लागेर मुकेशको सङ्गतमा लहसिनु जसको फलस्वरूप सन्ध्यालाई एड्स रोग लाग्नु, बाबुआमाको इच्छा चाहनाहरू चकनाचुर हुनु, सबै नकारात्मक कुराहरू बिर्सेर जोश जाँगर र आँटका साथ समाज सेवामा लाग्नु आदि सध्याको क्रियाकलापलाई यहाँ देखाउन खोजिएको छ ।

जोशमा होस् नपाउँदा जीवन नारकीय बन्ने कुरालाई देखाउनु साथै त्यस्ता विकृति र विसङ्गतिबाट युवा वर्गलाई टाढा हुन अभिप्रेरित गर्नु यस कथाको उद्देश्य रहेको छ ।

## दृष्टिविन्दु

कथा रैखिक ढाँचामा रहेको छ । महानता कथा तृतीय पुरुष वाह्य दृष्टिविन्दुमा संरचित छ । सन्ध्याको जिवनलाई बरबाद बनाउने मुकेशको चरित्रको पर्दा फास भएको छ । तसर्थ

महानता तथा तृतीय पुरुष दृष्टि विन्दुमा रहेको छ ।

**भाषाशैली**

महानता कथाको आयाम सङ्क्षिप्त रहेको छ । रैखिक ढाँचामा लेखिएका प्रस्तुत कथामा रिपोर्ट, फोटो, एच.आई.भी. जस्ता आगन्तुक शब्दको प्रयोग भएको छ । छिः छिः दूरदूर द्वित्य शब्दका साथै तत्सम र तद्भव शब्दहरू भाषालाई मिठासपूर्ण बनाएका छन् । शैली शिल्पमा नवीनता भएको र जुनसुकै पाठकको मन च्वाट्ट छुने महानता कथाको भाषाशैली सहज र सरल छ ।

**शीर्षक**

महान् शब्दमा ता प्रत्यय लागेर बनेको महानता विशेषण पद हो । सध्याको जीवनसँग सम्बन्धित यस कथाले आफू बिग्रे पनि अरुलाई नबिगार्ने सन्देश दिएको छ । मान्छेको जीवन सधैं अरुको कल्याणको लागि हुनुपर्ने कुरा यहाँ दर्शाइएको छ । सन्ध्याको जीवनमा घटेको घटना अनि उनले गरेको सङ्घर्ष र त्याग पश्चात पाएको सम्मानले उनी महान् बन्न पुगिन् । बाबु आमाको इच्छा पूरा गरिदिन नसकेपनि छोरीले गरेको महान् कामको प्रशंसा बाबुबाट हुन्छ । तसर्थ महानता शीर्षक विषयानुकुल सार्थक देखिन्छ

**ङ. उसको प्रतिबिम्ब : नारायण गोदारे**

प्युठान जिल्लामा जन्मेर पनि रजस्थल पत्रिकालाई जीवन्त बनाउन हरपल प्रयत्नरत रहने नारायण गोदारेको उसको प्रतिबिम्ब रजस्थल वर्ष ११ पुर्णाङ्क ३३ मा प्रकाशित प्रेम प्रधान कथा हो । दुइ युवा युवती वीचको प्रेम प्रसङ्ग अन्त्यमा दुवैले आस्तित्वको खोजी गरी कथालाई पूर्णता दिएका छन् ।

**कथानक**

मनेस र मोनिकाको कुनै दिन वेलुका विछोड भएपछि कथानक सुरु हुन्छ ।मोनिकाले क्यालेण्डर पल्टाएर हेर्दा विछोड भएको पनि ९।१० वर्ष हुन्छ । मनेसको भारदारी शरीर अहिले पनि मोनिकाको नजरमा नाचिरहेको छ । आफ्नो शरीर ऐनामा हेर्दा विस्तारै चाउरी पर्न लागेको कपाल तीलचामले हुन लागेको आदि कुराको महसुस हुन्छ । मोनिकालाई उसले कुनै दिन राती मनेसको घरमा गएर ढोका ढकढक्याउँदै मनेसले मोनिकासँग आफू उही परिचित मनेस भएको वताउँछ । दुवै जना कोठाभित्र पसेर खित्का

छोडेर हाँस्छन् । कोठाभित्र पसिसकेपछि पनि मोनिकाले कुनै प्रतिक्रिया नजनाई टेवुलमा राखिएको किताव घोरिएर पढिरहनछे ।

मनेस आश्चर्यमा पर्छ किन आइ त मोनिका  यो रातिमा मेरो कोठामा म सँग छुटेर गएको पनि पाँच वर्ष भइसकेको थियो । यतिका वर्ष वित्ता उसको कुनै अत्तोपत्तो नै भएन । मैले मन पराउनु र नपराउनु म खुशी हुनु र नहुनुमा उसले कुनै प्रतिकिया जनाइन तसर्थ अचम्ममा पर्छ मनेस ।

यत्तिकैमा मोनिका र भनेसका साथी मेनका र मानसिंहको प्रवेश हुन्छ । चारैजना एक अर्को विच साथी रहेकाले हाइ हेल्लो चल्छ मनेसले फ्रिज  खोलेर कोकाकोला र फेन्टा झिक्छ तर मोनिकाले शलाको समस्या छ भनी चिसो पिउन अस्वीकार गर्छे । मनेसकी भाउजुले १ गिलास तातो दुध ल्याएर दिएपछि मोनिका नतमस्तक हुन्छे वेमौसमको भेटघाटमा मोनिकाले मोवाइल खोलेर हेल्लो गर्छे । त्यो देखेर त्यहाँ रहेका सवै  छक्क पर्छन् निकै अनुशासित तवरले मोनिकाले आफ्नो श्री मानलाई मनेसको घरमा आउन आग्रह गर्छे । मनेस र उसकी भाउजु सतर्क हुन्छन् । मानसिंहको जोडी पनि दङग पर्छ त्यतिकै मा एउटा खाइलाग्दो मानिस रातो कारबाट निस्केर मनेसको घरमा आउँछ । ऊ त मोनिकाको श्रीमान डा.अवधेश रहेछ ।यो देखेर त्यहाँ भएका सवै मुक दर्शक वन्छन् । मोनिकाले आफ्नो विहे भएको कुरा आजको भेटमा एक्कासि प्रदर्शित गर्छे मोनिकाको प्रतिबिम्ब देखेर रहस्यमय वातावरणमा मनेस दङ्ग पर्छ ।

**चरित्र चित्रण**

उसको प्रतिबिम्ब कथाको मुख्य पात्र मनेस र मोनिका हुन् । उनीहरूकै केन्द्रियतामा कथा घुमेको छ ।

मनेस : कथाको प्रमुख पुरुष पात्र मनेस हो । ऊ चञ्चले स्वभावको छ ।उसले मोनिकाको भावुकता देखेर वेला वेलामा अचम्म मान्छ मनेसको भुमिका पनि कथामा महत्त्वपुर्ण रहेको छ । मनेस कथामा सत् र गतिशील पात्र हो ।

मोनिका : मोनिका कथाकी प्रमुख नारी पात्र हो । उ आफ्नो पूरानो साथी मनेसको घरमा रात्रीको उ भावुक अनुशासित र भलादमी नारीको रूपमा चिनिन्छे । आफ्नो साथी मनेसको घर भित्रमा गाँस्नु श्रीमान अवधेमलाई समेत वोलाउँदै र परिचय गराउँछे तसर्थ

मोनिका कथाकी सत् र गतिशील पात्रका रूपमा चिनिन्छे । सहायक पात्रका रूपमा मनेसकी भाउजु र अवधेश रहेका छन् ।

**परिवेश**

उसको प्रतिबिम्ब कथाको परिवेश घर परिवार र संगीसाथी भित्रको रहेको छ शहरको हल्लाखल्ला गाडी मोटरको आवाज अध्यारो रात्री कोठाभित्रको वस्तुस्थिति आदि परिवेशको रूपमा आएका छन् ।

**उद्देश्य**

उसको प्रतिबिम्ब कथाको उद्देश्य पूरानो मित्रतालाई पुनर्ताजगी गर्नु रहेको छ । कथामा पूरातनवादी सोचको पर्दाफास गरिएको छ । आफ्नो श्रीमानलाई भु.पु साथीको घरमा लगेर परिचय गराउनुले केही मात्रमा पश्चिमेलीत्मक संस्कृतिको अनुसरण गरिएको छ भने रहस्यामुलक ढङ्गबाट कथाको अन्त्य हुनु नै यसको उद्देश्य रहेको छ ।

**दृष्टि विन्दु**

उसको प्रतिबिम्ब कथामा बाह्य सर्वदशी दृष्टिविन्दुको प्रयोग भएको छ ।

**भाषाशैली**

उसको प्रतिबिम्ब कथा  संवृत रूपविन्यास र रैखिक ढाँचामा संरचित छ । यसमा समान्य वोलचालको भाषा प्रयोग गरिएको छ । भुसुक्क क्वाप्प जस्ता अनुकरणात्मक केही आगन्तुक शब्द र निपातको समेत प्रयोग गरिएको शैलीशिल्पमा नवीनता देखिनुका साथै कथाको भाषाशैली सरल र सहज छ ।

**शीर्षक**

कथामा मोनिकाका सम्पूर्ण क्रियाकलापलाई देखाउन खोजिएको छ । घेरै लामो समयसम्म  विछोड भएर पनि थाहै नदिई एक्कासी आफ्नो श्रीमान अवधेशलाई मनेसको घरमा वोलाउनु आदि क्रियाकलापले मोनिकाको प्रतिबिम्ब प्रष्ट हुन्छ । त्यसैले उसको प्रतिबिम्ब कथाको शीर्षक सार्थक वनेको छ ।

**ढ.  रुमाल कथा : जी. चञ्चल**

जी. चञ्चलको रुमाल कथा रजस्थल वर्ष ११ पुर्णाङक ३३ माघ चैत्रमा प्रकाशित सामाजिक कथा हो ।

**कथानक**

बाल्यकालदेखिका साथी रामु र रम्भाबिचको पारिवारिक पृष्ठभूमिबाट कथानक आघि बढेको छ । शिशुकालदेखि नै सँगै अध्ययन गरेका रामु र राम्भामा कक्षा आठमा पुग्दा विस्तारै प्रेमको बीऊ अङ्कुराउन थाल्छ । कुनै दिन घाँस काटन रम्भालाई सघाउन जाँदा हात काटेर रगताम्य भएको रामुलाई आफ्नो नाम अङ्कित रुमालले हात बाँधि दिन्छिन् ।

एकै गाउँका भएपनि नाता नपर्ने र जात मिल्ने हुँदा दुवैलाई एक अर्कोमा नजिक हुन सजिलो हुन्छ गतिशील परिवर्तनशील समयसगैं  रम्भा र रामुले एस.एल सी .परीक्षा दिन्छन् । दुवैका बाबुआमा उनीहरूको प्रेमसँग अनविज्ञ थिएनन् । उनीहरू केही समयपछि दुवैलाई विवाह गराइदिने सोचमा थिए । मानिस परिस्थितिको दास हुन्छ, जतिसुकै माया ममता र मित्रतामा रहेपनि घरको परिस्थिति र गरिबीले गर्दा रामु विदेश जाने तयारीमा हुन्छ । उता रामु र रम्भा दुवै प्रथम श्रेणीमा पास हुन्छन् । नचाहँदै नचाहँदै पनि रामु रम्भाबाट अलग्गिनुपर्दा वेचैनी र असहजताको अनुभव गदै तिम्रै बाटो कुर्नेछु भनी रम्भाले बोलेको आवाज सम्झिदै रामु विदेसिन्छ ।

रामुले कतारमा र रभ्भाले पृथ्वीनारायण क्याम्पस पोखरामा आफ्ना दिनहरू काट्दै हुन्छन् । रम्भालाई रामुले पढाएको पत्रमा घर छोडनुपर्दाको पीडा आफ्नो आँखाबाट रम्भा ओभ्झेल पर्दाको अवस्था आदि कुराहरू लेखिएका हुन्छन् । छोरीको जात न हो । सधै भरि माइती घरमा बस्न कहाँ पाइन्छ र रम्भालाई उसका बाबुआमाले पोखलेरी ठिटोसँग जिम्मा लगाइदिए । विधिको विडम्वनालाई कसले रोक्न सक्छ र विपरित दिशातिरबाट आइरहेको ट्रकसग ठोकिएर रम्भाको श्रीमानको मुत्यु हुन्छ । त्यसपछि रम्भालाई विभिन्न किसिमका लान्छानाहरू लगाइन्छन् । फिल्मी पारामा भएको रम्भाको वियोगको बारेमा रामुलाई घर परिवारमार्फत सबै कुरा थाहा हून्छ ।

केही समयको अन्तरालपश्चात रामु घर फर्किन्छ इष्ट भित्र र आफन्तहरूलाई सामान किन्ने क्रममा रम्भालाई पनि dont forget me rambhi लेखेको रुमाल ल्याइदिन्छ । रामु तुरुन्तै रम्भाको घरमा गएर अब रम्भालाई कहिल्यै नछोडने वाचा गर्दै अङ्कमाल गरी त्यही रुमालले आँसु पुछिदिन्छ । केही दिनपछि रम्भा र रामुबिच विवाह सम्पन्न हुन्छ । सबैले रम्भा र रामुको जोडीलाई सामाजिक सङ्घर्षको ज्वलन्त उदाहरणको

रूपमा लिन्छन् र त्यो सानो रुमाल प्रेमको प्रतीक बनिरहोस भन्दै शुभकामना दिन्छन् कथा संयोगान्तमा टुङ्गिन्छ ।

**चरित्र चित्रण**

रुमाल कथाको प्रमुख मुरुष पात्र रामु रहेको छ भने स्त्री पात्रमा रम्भा प्रमुख रहेकी छन् । उनहिरूकै केन्द्रियतामा कथा घुमेको छ । त्सैगरी अन्य पात्रहरूमा रम्भा र रामुका बाबुआमा गाउँले छरछिमेकी आदि रहेका छन् ।

**रामु :** रुमाल कथामा मुख्य पुरुष पात्रको रूपमा रामु रहेको छ बालक काल देखिको माया ममता वीचमा दुटेपनि पुन : समाज सँग सघर्ष गरेर रम्भालाई जीवनभर नछोड्ने वाचा गरयो तसर्थ रामु यस कथामा मञ्चीय सत गतिशील पात्रमा रूपमा रहेको छ ।

**रम्भा :** यस कथाकी प्रमुख नारी पात्रको रूपमा रम्भा रहेकी छ। आफनो चाहाना र इच्छा एकातिर भए पनि बाबु आमाको आग्रहलाई मान्नुपर्ने सम्पूर्ण पीडित नारीहरूकी प्रतिनिधि पात्र हो । रम्भा आफ्नो जीवनको बिचमा केही उथलपुथल भए पनि पुन रम्भाको जीवन रामुसँगै बित्दछ । रम्भा यस कथामा गतिशील नारी चरित्रका रूपमा देखा पर्दछे । अन्य पात्रको भूमिका यहाँ त्यति सक्रिय देखिदैन ।

**परिवेश**

रुमाल कथा विशुद्ध ग्रामीण रहेको छ जहाँ विकट पहाडी गाउँको चित्रण गरिएको छ परम्परागत समाज रुढीवादी आर्थिक दुरावस्था राजनीतिक शून्यता, चहलपहलको कमी आदिले गाउँले परिवेशको सजीव चित्र उतारेका छन् । भैसी पाल्नु घाँस काटनु जिवीकोपार्जनको लागि विदेश जानु आदि सम्पूर्ण कुराहरू परिवेशको रूपमा आएका छन् ।

**उद्देश्य**

रुमाल कथाले दुइ बालबालिकाको मित्रता प्रेम प्रसङगमा गाँसिए पछिका कुराहरूलाई यहाँ देखाउन खोजेको छ । संगीसाथी बिच गहिरो मित्रता हुनुपर्दछ साथै सहयोगी भूमिका निर्वाह गनुपर्छ भन्ने कुरालाई कथाले प्रष्ट पारेको छ । एक अर्कोलाई धोका दिन नखोज्नु लामोसमयसम्म पर्खेर भएपनि मन मिल्ने साथीसँग विवाह गनुपर्छ भन्ने मान्यता राख्नु एक अर्कोमा प्रेम वसिसकेपछि कुठाराघान गर्न नचाहनु, आफ्नो श्रीमान मरिसकेपछि महिलाको जीवन सङ्घर्षमय हुने, एक अर्कोमा गहिरो प्रेम बसिसके

पछि त्यसलाई तोडनुहुदैन जस्तोसुकै समस्यासँग पनि सङ्घर्ष गनुपर्छ, विधवा विवाहलाई प्रोत्साहन दिनुपर्छ र आफनो दिलमा कसैलाई राखीसकेपछि त्यसलाई छुटाउन खोज्दा परिणाम नकारात्मक निस्कन्छ भन्ने देखाउन खोज्नु कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

रुमाल कथा तृतीय पुरुष बाह्य सर्वदर्शी दृष्टिविन्दुमा संरचित छ ।

**भाषाशैली**

रुमाल कथामा सरल, सरस र सुमधुर भाषाशैली अपनाईएको छ । आगन्तुक शब्दका साथै द्वित्व र निपातको पनि प्रयोग गरिएको छ । टोकाहीँ, अलच्छिना, कुलङगार जस्ता ग्रामीण गाली गलौजको पनि प्रयोग गरिएको छ । हुने हार दैव नटार भन्ने उखानले भाषालाई अझ रसिलो वनाएको छ । सरल छोटा छोटा वाक्य गठन वर्णनात्मक सम्वादात्मक संस्मरणात्मक शैलीमा रचिएको उक्त कथाको ढाँचा वृतकारीय छ ।

**शीर्षक**

सँगीसाथीदेखि लिएर प्रेमी प्रेमिकालाई चिनोका रूपमा एक अर्कोमा आदान प्रदान गर्ने रुमाल रहेको छ । मायाको प्रस्ताव स्वरूप रम्भाले दिएको रुमालबाट दुई जनाविच गहिरो प्रेम सम्वन्ध रहेको हुन्छ । रामुले दिएको रुमाले पुनः रम्भाका आँखाका आँसु रामुद्वारा नै पुछिन्छन् । रम्भा र रामु बिच भएको सम्वन्धले रुमालको माध्यमबाट एक अर्को बिच आस्तित्वको खोजी गरिएको छ । अतः रुमाल कथाको शीर्षक सार्थक छ ।

**ण. आमा नरुनुहोस् कथा - गङ्गा पौडेल**

वि.स. २०११ भदौ १२ गते स्याङ्जाको दार्सिङ् दहथुममा पूर्णलाल कर्माचार्य र कृष्ण कुमारी कर्माचार्यकी छोरीको रूपमा जन्मेकी गङ्गा पौडेल कर्माचार्य महाविद्यालयको विद्यार्थी अवस्थमामै निबन्धमा प्रथम भएर स्वर्ण पदक प्राप्त गर्न सफल भइन् । २०३३ सालमा उनको पहिलो कविता कृति गङ्गाका केही छालहरू प्रकाशित भयो उनका प्रकाशित कृतिहरूमा औंधी खोलाको सम्झना कविता, वाल काव्य पञ्चवली, २०६६ साल उपन्यास बालकथा संग्रह चार आठे चुल्ठो कथा २०६७ आदि प्रकाशित छन् आमा नरुनुहोस् कथा रजस्थल पुर्णाङ्क ४३ वर्ष १४ साउन असोजमा प्रकाशित सामाजिक कथा हो ।

**कथानक**

धनकुटाका रामु श्रेष्ठ र लीला राईका बिच भएको प्रेम प्रसङ्गबाट कथानक अघि वढछ । प्रेम भएको केही समयपछि नै दुवै जना वैवाहिक सुत्रमा बाधिए अन्तर्जातीय विवाह भएकै कारण घरमा सासु आमाले लिलालाई देखि सहन्नाथिन । एक दुइ वर्षपछि उनीहरूबाट अपाङ्ग छोरीको जन्म भयो । लालन पालनको लागि पैसाको जोहो गर्न रामु मुग्लान गयो सासु ससुराले लीलालाई घरबाट निकालिदिए उनी माइतीमा शरण लिन पुगिन् । बाबुआमा बितिसकेका हुनाले माइतीमा माया पाउन नसकेको कारण एक दिन भागेर कपडा पसल्नीको घरमा आश्रय मागिन् । साहुनी माइत गएको वेला साहुको कुदुष्टि लीलाको जवानी शरीरका पऱ्यो साहुको आँखामा खुर्सानीको धुलो छरेर उनी त्यहाँबाट पनि भागिन् । ६ वर्षकी छोरी मुनाले आमाको दुःख वुझ्केकी थिइन र उनले आमालाई नरुन आग्रह गरिन, आमा नरुनुहोस भोलिपर्सि म ठुली हून्छु धेरै पढछु, काम गर्छु अनि तपाईलाई पाल्छु । छोरीका यी वचन सधै आमाको घाँटीमा अडकिरहयो ।

कामको खोजीमा हिड्दा एक दिन लीला देह व्यापार गर्ने अखडामा पुगिछन् । उनलाई त्यो कुरा थाहा भएन साँझ परेपछि पाहुनाको सत्कार गर भनेर सुत्न गइन । त्यहाँ लीलाको इज्जत लुटने नरपिपाशुहरू रहेछन् । त्यो कुरा लीलाले चाल पाइन र एक मुठी खुर्सानीको धुलो सबैका आँखामा फालेर भाग्न सफल भइन् । भोलिपल्ट बिहानै वच्चा बोकेर हिडेकी लीलालाई सेतै फुलेका सत्तरी वर्षीय मोहन अग्रवालले शरण दिए मोहनलाई लीलाले बाबा भनेर बोलाउँथिन । विलक्षण प्रतिभा भएका लीलाकी छोरीलाई बाबाले निराटनगरको राम्रो र स्तरीय स्कुलमा भर्ना गरी पूर्णिमा नाम राखिदिए । पूर्णिमाले प्रथम श्रेणीमा एस.एल.सी पास गरिन । त्यसपछि उनलाई कम्प्युटर सिक्नको निम्ति बाबामार्फत दिल्ली पठाइयो विराटनगर फर्केपछि बाबाले पूर्णिमालाई १२।१५ वटा कम्प्युटरको व्यवस्था गराइदिए । पूर्णिमाले गरीब विद्यार्थीलाई निःशुल्क कम्पयुटर सिकाएर ठूलो गुन लगाइन् । उसको अदम्य साहस र प्रतिभाबाट प्रभावित भएर आपाङ्ग प्रतिभा पुरस्कारबाट सम्मानित गरियो । पूर्णिमा साँचैकी पूर्णिमाको जून बनेर सबैको सामु छाइन् । उनको प्रतिभाबाट प्रभावित भएर विराटनगरकै राजु नाम गरेको एक जना ठिटोले विवाहको प्रस्ताव राख्यो । दुवै पक्षको सहमति पश्चात विवाहको प्रस्ताव पारित भयो । छोरीको विवाह छिनेको दिन अतितका कुराहरू सम्झेर धेरै वेर लिला रोइरहिन । शुभ लगन जुराएर पूर्णिमाको र राजुको आतिथि सदन विराटनगरबाट धुमधामले विवाह सम्पन्न भयो ।

**चरित्र चित्रण**

आमा नरुनुहोस् कथाका प्रमुख पात्र लीला र रामु हुन् ।

**लीला** : लीला कथाकी प्रमुख नारी पात्र हुन । उनले जीवनमा धेरै दुःख र हण्डर पाइन् । योन पियाशुहरूसँग जोगिन पनि उनलाई धेरै कष्ट भयो । नेपाली नारीहरू अन्याय अत्याचार शोषण दमनको शिकार वनेको ज्वलन्त उदाहरण लीलाबाट पाइन्छ । जीवनको सुरुवात मध्य भागमा जतिसुकै कष्ट भएपनि उत्तरराधतिर भने आफ्नी छोरी पूर्णिमाको सहयोगले जीवन सुखी र खुशी बनेको छ । तसर्थ लीला यस कथाकी गतिशील र सत् पात्रका रूपमा रहेकी छन् ।

**रामु** : कथाको सुरुमा आएको रामु लीला संग वेंवाहिक सम्वन्ध गाँसेपछि लीलालाई सुखी र खुशी राख्न अपाङ्ग छोरी र मुटुकी धड्कन श्रीमती छोडेर मुग्लान जान्छ । त्यसपछि भने कथामा रामुको भूमिका त्यति रहेको पाइदैन् ।

पूर्णिमा लिलाकी छोरी रामुकी आमा, लीलाकी भाउजु, साहुनी, मोहन अग्रवाल ( रारा) आदि गौण पात्रको रूपमा रहेका छन् ।

**परिवेश**

आमा नरुनुहोस् कथाको परिवेश गाउँदेखि सहरसम्म रहेको छ । अन्तर्जातीय विवाहलाई तिरस्कार गर्ने गरिबीका कारण विदेश जानुपर्ने बाबुआमाको मृत्युपछि माइतीमा पनि शरण नपाइने जतिसुकै घनाढ्य व्यक्ति भए पनि नारी जातिको रूप र सौन्दर्यमा लोभिई इज्जत लुट्न खोज्ने, सहर बजारमा पनि दुःखको घाउमा मलम लगाउने व्यक्ति, हुने शरीरसँग नभई माया भावना र आत्मासँग हुने आदि पक्षको अपस्थितिले ग्रामीण र सहरिया दुवै परिवेश जिउँदो पाराले बोकेको प्रतीत हुन्छ ।

**उद्देश्य**

आमा नरुनुहोस कथा सङ्घर्ष र समर्पणको चौघेरा भित्र रहेको छ । सङ्घर्ष नै जीवनको पर्याय हो । यसबाट नै मानिसले शान्ति पाउने कुरा यहाँ देखाइएको छ । नारीहरूको गहना भनेको आफ्नो अस्मिता हो । नारी आस्मिता जोगाउन उनीहरू जीवनभर परपुरुषबाट त्रसित हुनु पर्ने अवस्थालाई पनि यसले दर्शाएको छ । समस्याहरू त आउछन् । ती कुराहरूसँगै सङ्घर्ष गदै अगाडि वढ्नुपर्छ भन्ने सन्देश कथाले दिएको छ ।

**दृष्टिविन्दु**

आमा नरुनुहोस कथा तृतीय पुरुष बाह्य दृष्टिविन्दुमा संरचित छ ।

**भाषाशैली**

सङ्क्षिप्त आयमभित्र करिव १८, २० वर्षको समयलाई कथामा समेटिएको छ । वर्षको समयलाई कथामा समेटिएको छ आदि, मध्य र अन्त्यको क्रमिक विकासमा कथानक अगाडि बढेकोले यसको ढाँचा रैखिक छ ।

पुर्वदिप्ति शैलीमा लेखिएको प्रस्तुत कथाको भाषा सरल र स्वभाविक छ । व्यवहारिक बोलीचालीका शब्दहरूको प्रयोग सम्वादात्मक भाषाको प्रयोगले कथा रोचक र मार्मिक बनेको छ । डाक्टर, होटल, प्रोपाइटर जस्ता अङ्ग्रेजी आगन्तुक शब्द र, त, पो, नि, हागि, ल जस्ता निपातको प्रयोगले भाषालाई प्रभावकारी बनाएको छ ।

**शीर्षक**

आमा नरुनुहोस् कथा लीलाको जीवनलाई केन्द्रविन्दु वनाएर लेखिएको छ । रामुसँगको अन्तर्जातीय विवाहपश्चात लीलाले निकै दुःख कष्ट भोग्नुपरेको थियो । धेरै धन कमाएर ल्याउने आशामा अपाङ्ग छोरी र श्रीमतीलाई छोडेर रामु मुग्लान गएपछि लीला घरबाट निकालिन्छिन् । आमा रोएको देखेर पाँच वर्षकी बालिका छोरीले आमा नरुनुहोस्, म ठुली हुन्छ, धेरै पढ्छु, काम गर्छु अनि तपाईलाई पाल्छु भन्ने वाक्यहरू एउटी अवोध बालिकाको मुखबाट निस्किन्छन् । तिक्ष्ण प्रतिभा र बुद्धी भएकी लीलाकी छोरीले साच्चै नै भने अनुसार काम गरेर लीलाको पीडित जीवनमा नयाँ वहार ल्याउने काम गरिन विरह र वेदनाका दिन बिर्साएर आँसु पुछ्ने काम गरिन् । तसर्थ विषयवस्तु अनुसार शीर्षक सार्थक छ ।

**सामाजिक कथाको निष्कर्ष**

रजस्थलमा प्रकाशित सामाजिक कथाका कथाकारहरूमा महेश्वर शर्मा, महेन्द्र लामिछाने, गोविन्द बराल, टिकारम वाग्ले, चिन्तु गिरी, नारायण गोदारे, जी चञ्चल र गङ्गा पौडेल रहेका छन् । यी कथाकारहरूले समाजमा रहेका विभिन्न वर्गका व्यक्तिहरूको जीवनचर्यालाई कथामा उतारेका छन् । समाज विभिन्न वर्गमा विभाजित छ । कोही महलमा छन् भने कोही झुपडीमा आफ्नो जीवन बिताइरहेका छन् । कसैले सटिफिकेट बोकेर चारदिशा भौतारिदा पनि जागिर पाउन सकेका छैनन् भने कोही जागिरको खोजीमा

विदेशी भूमिमा भौतारिनु परेको छ । दिन प्रतिदिन महिला हिंसा बढिरहेको छ । युवा वर्गलाई विभिन्न किसिमका विकृति र विसङ्गतिले गाँजेको छ । कतै मिलन भएको छ भने कतै विछोडका घटनाले एक अर्कामा मर्माहतको स्थिति सिर्जना भएको छ । पैसा खर्च गरेर पनि बिरामीले उचित उपचार पाउन सकेका छैनन् । कोहीले रातारात दलाली काम गरेर महल ठड्याएका छन् । रजस्थलमा रहेका सामाजिक कथाले यस्तै यस्तै सामाजिक व्यथाहरूलाई उजागर गर्न खोजेका छन् ।

नेपाली समाजमा प्रवेश गरेको पाश्चात्य सभ्यताको अश्लीलताले निम्त्याएको विकृति र विसङ्गतिलाई कथामा व्यक्त गरिएको छ । सधैं अभावै अभावमा बाँच्नुपरेको पीडा युग जीवनको सेरोफेरो कथाका विषयवस्तु भएका छन् । अन्याय अत्याचारको तीव्र विरोध र सामाजिक कुसंस्कारलाई कथाका माध्यमबाट प्रस्तुत गरिएको छ । यस्ता कथाहरूले आन्तरिक जीवनका मर्म पहिल्याउन सफल देखिन्छन् ।

### ४.५.२ ऐतिहासिक र धार्मिक कथा

समयको प्रवाहसँगै घटेका घटनालाई पृष्ठभूमि बनाएर रचना गरिने कथालाई ऐतिहासिक कथा भनिन्छ । देशको राष्ट्रियता राष्ट्रिय अखण्डता र देशभक्तिपूर्ण भावना पाठकमा सञ्चार गराउने काममा यस प्रकारका कथाले महत्त्वपूर्ण योगदान दिएका हुन्छन् । त्यसका साथै यस प्रकारका कथाले राष्ट्रको प्राचीन सभ्यता रीतिरिवाज चालचलन र आर्थिक स्थितिलाई पनि चित्रण गर्ने काम गर्दछन् । त्यसैगरी धर्म संस्कार संस्कृति आदिको बारेमा चर्चा गरेर लेखिएका कथाहरू धार्मिक कथा अर्न्तगत पर्दछन् । इतिहासमा घटेका घटनाहरूलाई समावेश गरेर लेखिएका अथवा इतिहासका विषयवस्तुलाई आधार बनाएर लेखिएका कथालाई ऐतिहासिक कथा भनिन्छ भने धर्म संस्कार संस्कृति आदिको बारेमा चर्चा गरेर लेखिएका कथाहरू धार्मिक तथा अन्तरगत पर्दछन् ।

| क्र.सं. | शीर्षक | कथाकार | पृष्ठ | वर्ष | अङ्क | महिना |
|---|---|---|---|---|---|---|
| १ | सहिदका जिउँदा बाबुआमाहरू | सुन्दर मानन्धर | ३३-४० | ११ | ३३ | माघ-चैत्र २०६४ |
| २ | एउटा कथा युद्धको | अनन्त अर्याल | ४६-४७ | ११ | ३४ | वैशाख- असार २०६५ |
| ३ | खजेदुरा भन्दै थियो | सुन्दर मानन्धर | २२-२५ | ११ | ३४ | वैशाख-असार २०६५ |

**क. सहिदका जिउँदा बाबुआमाहरू - सुन्दर मानन्धर**

वि.सं. २०३१ साल कार्तिक १४ गते क्याक्मी-७, स्याङ्जामा जन्मिएका सुन्दर मानन्धर स्याङ्जाली कथाकारहरूमध्ये बेग्लै पहिचान दिन सफल कथाकार हुन् । इन्द्रबहादुर राइले नेपाली कथा साहित्यमा भित्र्याएको लिला लेखनको अनुसरण गर्ने मानन्धरको सहिदका जिउँदा बाबुआमाहरू कथा रजस्थल वर्ष ११ अङ् ३४ मा प्रकाशित ऐतिहासिक कथा हो ।

**कथानक**

सहिद घोषणा गरिएको छोराको पीडामा छट्पटाएका बाबुआमाको आन्तरिक चित्कारबाट कथानक अगाडि बढ्छ । छोराको नाममा सरकारले दुई लाख दिने घोषणा गरे पनि शालिकमा फूलमाला पहिऱ्याएर आफ्नो मन शान्ति नहुने बताउछन् सहिदका बाबुआमाहरू ।

एउटा मृत लासमाथि धेरैले आ-आफ्नो पार्टीको भनेर बखान गरे, राजनीति गरे तर ऊ कुनै पार्टी विशेषको मान्छे नै थिएन । सहिदका बाबु देवदासले छोराको नाममा दिएको दश लाख लिन चाहेनन् । उनी भन्छन् :- पार्टी भनेको फूटको मानसिकता हो पार्टीले जहिले पनि अनावश्यक द्वन्द्व ल्याउँछ । जुनसुकै पार्टी मानिसहरूको विचार भाँड्ने एउटा बलियो सङ्गठन हो । (रजस्थल : अङ्क ११ : ३४)

देवदासले आफ्नो छोराको मृत्युमा बनाइएको सालिक र दश लाख रूपैयाँ लिन चाहँदैनन् । तत्पश्चात सहिद छोराको आत्माले बाबालाई सम्मान गर्छ । आफ्नो सालिक भत्काइएको र देश लाख रूपैयाँ बाबाले नलिनु भएकोमा सहिदको आत्मा स्वच्छ भएको हुन्छ । जीवित अवस्थामा नपाएको सम्मान मरेपछि किन चाहियो र सहिद पनि विभिन्न प्रकारका छन् । त्यही व्यक्ति हो कसैले आतङ्ककारी भन्छ, कसैले सहिद भन्छ र एउटाले दोषी ठान्छ अर्कोले सत्य मान्छ । कम्प्युटरभित्रको फाइलमा धेरै सहिदका तस्वीरहरू छन् ती तस्वीरहरूमध्ये अर्को तस्वीर हिमालयनको छोरा उत्पत्तिको रहेछ । आफ्नो छोराको तस्वीर देखेपछि हिमालयन भावविह्वल बन्छन् । भित्रैदेखि मर्माहत भएका हिमालय बाहिर निस्केर आँसु पुछ्छन् । छोराको तस्वीरको आँखाले उनलाई बुबा भनेर बोलाई रहेजस्तो लाग्छ ।

कम्प्युटरमा फाइलहरू देखाउने व्यक्ति हिमालयको घरमा जान्छ । घरैमा रहेको घण्टी बजेपछि हिमालयनको घरबाट एउटी ४० वर्षकी महिला बाहिर निस्केर कसलाई खोज्नुभयो ? भन्ने प्रश्न गर्दै भित्र आउन अनुरोध गर्छिन । भित्र पस्ने बित्तीकै उत्पत्ति र उनकी श्रीमती फूलमाला पहिरिएर हात मिलाउँदै गरेको तस्वीर देख्छन् । उनको स्वागतको निम्ति हिमालयकी श्रीमतीले चिया ल्याइन र द्वन्द्व कालको सम्पूर्ण घटनाको बेली बिस्तार लगाइन् । क्रान्ति कति पीडादायक हुन्छ भन्ने कुरा भोग्ने बाबुआमाहरूलाई र सिउँदो पुछिएका चेलीहरूलाई मात्र थाहा हुन्छ ।

हिमालयकी श्रीमतीका कुराले उनलाई असाध्यै भावुक बनाउछ । अरुको लागि मर्ने मानिसहरू मात्र सहिद हुने यो कस्तो परम्परा हो ? बाँचेर सहिद बन्ने सोंच भए आमाका काखहरू रित्ता हुँदैनथे । महिलाको सिन्दूर माटोमा गाडिनु पर्दैनथ्यो । समाजलाई सन्देश दिए पनि परिवारलाई पीडा दिने सहिदको मर्मत परिवारमा मात्र छरिदोरहेछ कम्प्युटर अपरेटरका मनमा यिनै तर्कनाहरू खेलिरहे । हिमालयका मिटिङ्को व्यस्तताले नभेटीकन घर फर्कन्छन् ।

**चरित्र चित्रण**

कथामा देवदास र हिमालय प्रमुख पुरुष पात्रको रूपमा रहेका छन् । देवदासको छोरो र हिमालयको छोरा परिवर्तनगामी आन्दोलनमा होमिएर सहिद बनेका छन् । उनीहरू जनताको गुमेको हक र खोसिएको अधिकार फिर्ता लिनको लागि सक्रिय भएर आन्दोलनमा होमिन्छन् र वीरगति प्राप्त गर्छन् । देवदास र हिमालय सधैंभरि छोराको मायामा तड्पिरहने जिउँदा बाबुहरू हुन् । देवदासले छोराको नाममा सरकारले दिएको दश लाख रूपैयाँ लिंदैन र छोराको सालिक पनि भत्काउन लगाउछन् । अनाहकमा छोराको लासमाथि नेताहरूले राजनीति गरेको बताउछन् देवदासले । पैसाले छोराको आत्मालाई पोल्छ, शान्ति दिंदैन भन्ने अभिव्यक्ति प्रकट गर्दछन् । देवदास यहाँ गतिशील र सत् पात्रको रूपमा रहेका छन् ।

हिमालयले कम्प्युटर भित्रका फाइलहरूमा आफ्नो छोराको तस्वीर देख्दछन् । भावविह्वल हुँदै सहिद छोराको स्मरण गर्छन् । छोरो उत्पत्तिलाई माओवादी भनेर सरकार पक्षले निर्ममता पूर्वक पिटी मारेका थिए । छोराको सम्झनामा जीवनभर पीडित भइरहने

बाबुआमाहरूको प्रतिनिधि पात्र हुन् हिमालय । त्यसैगरी अन्य पात्रहरूमा कम्प्युटर अपरेटर, हिमालयकी श्रीमती, बुहारी, सिपाहीहरू आदि रहेका छन् ।

### परिवेश

युद्ध र द्वन्द्वकालीन समयको परिधिमा कथा रहेको छ । सो क्रान्तिमा धेरै सहिदको बाबुआमाहरू आफ्ना छोराहरूको मृत्युमा पीडित भएर छट्पटिए, धेरै व्यक्तिका सहानुभूति ग्रहण गरे तसर्थ नेपालको बदलिंदो राजनीति परिवेशमा कथा आधारित रहेको छ ।

### उद्देश्य

प्रतिगमनको विरोध २०६२/६३ को जनआन्दोलनको चित्र, देश र जनताको भलाइको लागि जीवन उत्सर्ग गर्ने महान सहिदहरूप्रतिको सम्मान र उनीहरूको सपना साकार पार्नुपर्ने कुराका उजागर गर्नु कथाको उद्देश्य रहेको छ ।

### दृष्टिविन्दु

कथामा देवदास हिमालय उत्पत्ति जस्ता तृतीय पुरुषवाची शब्दहरू आएका छन् । त्यसैले कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित रहेको छ ।

### भाषाशैली

कथाको भाषा सहज सरल एवम् बोलचालको शैलीमा प्रस्तुत गरिएको छ । कथामा छोटो संवादको पनि प्रयोग गरिएको छ । कथामा वर्णनात्मक पूर्वदीप्ति शैलीको अवलम्वन गरिएको छ । सम्वृत रूपविन्यास र वृत्तकारीय ढाँचामा कथा संरचित छ ।

### शीर्षक

वीर योद्धा तथा क्रान्ति पुत्रका रूपमा रहेका व्यक्तिहरूले गुमाएका रगतको सम्मान नभएको कुरालाई कथामा समावेश गरिएको छ । छोराको मृत्युपछि बाबुआमालाई दिइने आठ दश लाख रूपैया र मरिसकेपछि बनाइएको सालिकले छोरो फिर्ता नहुने र उसको आत्माले पनि शान्ति नपाउने हुँदा ती कुराहरू सहिदका बाबुआमालाई स्वीकार्य हुँदैनन् । छोरो मरिसकेपछि अझ विभिन्न राजनीतिक दलका नेताहरूले मृत लासमाथि आ-आफ्नो पार्टीको झण्डा ओढाउन खोज्दा बाबु आमाहरूलाई झनै रीस उठ्छ । सहिदका विचारलाई कदर गर्न नजान्नेहरूले दिएको सम्मान, बाबुआमाले फिर्ता गरिदिन्छन् तसर्थ सहिदका जिउँदा बाबुआमाहरू शीर्षक सार्थक देखिन्छ ।

**ख. एउटा कथा युद्धको - अनन्त अर्याल**

स्याङ्जा साहित्य प्रतिष्ठानको साहित्यिक प्रकाशन रजस्थल त्रैमासिकका आजीवन सदस्यसमेत रहेका अनन्त अर्यालको जन्म २०२२ साल चैत्र २३ गते पु.व.न.प.-१३ मा भएको हो । अर्याल पिता वसन्तनारायण अर्याल र माता प्रेमकुमारी अर्यालका जेठा छोरा हुन् । सानै उमेरदेखि कथा लेखनमा विशेष रुचि राख्ने अर्यालले रजस्थलमा धेरै कविताहरू र कथाहरू पस्केका छन् । लक्ष्मी स्मृति सामुदायिक पुस्तकालयको आजीवन सदस्य रहेका अर्यालले आई.ए. सम्मको औपचारिक शिक्षा हाँसिल गरेका छन् । एउटा कथा युद्धको रजस्थल पूर्णाङ्क ३४ वर्ष ११ वैशाख असार २०६५ मा प्रकाशित कथाका कथाकार अनन्त अर्यालको यो ऐतिहासिक कथा हो । २०६२/६३ को जनआन्दोलनमा निर्दोष व्यक्तिहरूले पाएको पीडा र व्यथालाई कथामा प्रमुख विषयवस्तु बनाइएको छ ।

**कथानक**

भूपाल र उनका परिवारलाई २०६२।०६३ को आन्दोलनले पारेको प्रभावबाट कथानक अघि बढ्छ । कथाकार स्वयं म पात्र बनेर कथानक अघि बढाएका छन् । युद्ध जो सुकै व्यक्तिका लागि पनि राम्रो हुँदैन । युद्धले जताततै डेरा जमायो । विष्फोट, हत्या, अपहरण, लुटपाट, समवेदना, श्रद्धाञ्जली, यस्तै-यस्तै कुराहरू छापिन्थे अखवारहरूमा । जनताहरू दुई ढुङ्गाको तरुल बने । कहिले माओवादीको चपेटामा, कहिले सरकारको चपेटामा । 'कुप्री बूढीलाई उठी सुख न, बसी सुख' भने झैं भयो । रेडियो तथा एफ.एम. का फ्रिक्वीन्सीहरूमा मृत्यु र लुटपाटकै खबरहरू आउथे । युद्धले उत्कर्ष रूप लिंदै गयो । मानवीय आर्तनाद दिगदिगान्तमा फैलियो । भूपालका एक मात्र छोरा पनि युद्धकै क्रममा अघिल्लो साल बेपत्ता पारिएका थिए । त्यसपछि घरमा श्रीमती र भूपाल मात्रै थिए । डोको बुनेर जीविकोपार्जन गर्ने भूपाल पनि बाँकी रहेन । श्रीमतीको खुशी त खोसियो नै तर डाँको छाडेर रुने अवसर पनि पाइनन् । युद्धले स्कूलले विद्यार्थीशिक्षक पसले, ज्यामी, मजदुर केही पनि भनेन । विवेकहिन युद्धले सबैलाई मर्माहत तुल्यायो ।

क्रान्तिबाटै शान्ति हुने गएकाले राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भयो । गाँउघर सहरबजार जताततै क्रमिक रूपमा शान्ति स्थापना भयो । आजभोलि गाउँका खोल्सा-खोल्सी, झाडी र जङ्गलमा अझै पनि नरकङ्कालहरू यत्रतत्र छरिएका पाइन्छन् ।

यस्तैमा भूपालकी श्रीमती पनि आफ्ना हराएका पति र छोराको वियोगमा क्षितिज पारी टोलाएर हेरिरहन्छिन् ।

**चरित्र-चित्रण**

**भूपाल-**

यस कथाको प्रमुख पुरुष पात्र हो । ऊ समाजका निम्न वर्गीय व्यक्तिहरूको प्रतिनिधि पात्र हो । डोको बुनेर जीविका चलाएको भूपाललाई माओवादी समर्थक भनेर सरकारले नै वेपत्ता पार्छ । सरकारी सेनाका आँखामा वेपत्ता पारिएको हो । ऊ कथाको सत् पात्र हो । भूपालकै केन्द्रीयतामा कथा घुमेको छ ।

यस कथाकी प्रमुख नारी पात्र भूपालकी श्रीमती हुन् । उनी छोरा र पतिका वियोगमा छट्पटाएकी छन् । आफ्ना हराएका छोरा र पतिलाई सम्भदै पाखा पखेरामा टोलाइरहने महिलाहरूको प्रतिनिधि पात्र पनि हुन् । उनी कथामा शत् र गतिशील पात्रका रूपमा देखिएकी छन् । म पात्र  सहायक पात्रका रूपमा आएका छन् । आफ्नो गाउघरमा भएको यथार्थ घटनालाई शुरुदेखि अन्त्यसम्म आफैंले पस्केका छन् । म पात्र पनि कथामा गतिशील पात्रका रूपमा रहेका छन् ।

**परिवेश**

कथा नेपालको बदलिदो राजनैतिक परिवेशमा आधारित छ । क्रान्ति र युद्धले सर्वसाधारण जनता चपेटामा परेको कुरालाई वास्तविक परिवेश बनाइएको छ । नेपाली जनताले निरङ्कुश शाही शासनलाई हटाई गणतन्त्रको स्थापना गरेको कुरालाई समेत चित्रण गरिएको छ ।

**उद्देश्य**

प्रतिगमनको विरोध २०६२/०६३ को जनआन्दोलको चित्रण सरकार माओवादी दुवैको चपेटामा परी कैयौंले ज्यान गुमाउनु परेको, धेरै महिलाहरूका सिन्दुर पुछिएका, अधिकांश व्यक्तिहरू घरबारविहिन भएका कति बेपत्ता भएका छन् । त्यस्ता व्यक्तिहरूका सपना पूरा गर्नुपर्ने उद्देश्य कथाको रहेको छ ।

**दृष्टिविन्दु**

कथा प्रथम पुरुष आन्तरिक परिधीय दृष्टिविन्दुमा आधारित छ । म पात्रको माध्यमबाट

भूपालको परिवारमा घटेको घटनालाई उल्लेख गरिएको छ ।

**भाषाशैली**

एउटा कथा युद्धको कथामा प्रयोग भएको भाषाशैली सरल र सरस छ । अङ्ग्रेजी आगन्तुक प्रचलित शब्दहरू फ्रिक्वीन्सी, एम्बुलेन्स, एफ.एम. रेडियो आदि प्रयोग भएका छन् । 'कुप्री बुठीलाई उठी सुख न बसी सुख' उखान र, त, पो, नि जस्ता निपातको प्रयोगले भाषा उत्कृष्ट र चाखिलो बनेको छ । संस्मरणात्मक शैली र छोटा सरल वाक्य गठनले गर्दा कथा हृदयस्पर्शी बनेको छ ।

**शीर्षक**

कथाको प्रमुख पात्र भूपाल र उसको छोरा युद्धको समर्थमा हराएका छन् अथवा अपहरण गरिएका छन् । घरमा भूपालकी श्रीमती एक्लो अवस्थामा रहेकी छन् । उनले हराएका पति र छोराको पीडामा खोल्सा, खोल्सीमा रहेका नरकङ्कालहरू खोज्दै क्षितिज पारी हेरेर टोलाइरहन्छिन् । युद्धले यस्ता पीडाहरू धेरैलाई दिएको छ । तसर्थ विषयवस्तु अनुकुल शीर्षक उपयुक्त छ ।

**ग. खजेदुरा भन्दै थियो कथा -सुन्दर मानन्धर**

वर्ष ११ पूर्णाङ्क ३४ मा प्रकाशित सुन्दर मानन्धरको खजे दुरा भन्दै थियो कथा धार्मिक कथा हो ।

**कथानक**

वर्षौदेखि ठिङ्ग उभिएर रहेका बोटबिरुवाहरू उभिई रहेका छन् । चापका रुखहरूको अगाडि सेतो धोती जस्तो भएर बगेको आँधीखोला बगरमा फिंजिइरहेको छ । चाँपको फेदमुखी बसेका कोटधुरको पालेले भन्यो मानिसहरूले चाँपको रुखबाट मिठो बासना पाउथे भने यसको अवश्य संरक्षण गर्थे होला । यहाँ झार दुबो, सिस्नु, सबै मानिसका दुष्मन नै बनिसकेका छन् । मेरै छत्रछायामा बसेका मान्छेहरूले आज मलाई नङ्ग्याए भन्दै चाँप सुस्तायो ।

त्यही वेला आँधीखोलाको पानीले एउटा मान्छेलाई बगाउँदै ल्यायो । त्यो मान्छेले हात हल्लाउँदै गुहार मागिरहेको थियो । चापको बोटको टुप्पामा बसिरहेका कन्याङ्कुरुङ्ले त्यो बग्दै आएको मानिसलाई भन्यो :- हेर लाज पचेको मानिस आफूले श्रवणकुमारलाई

मार्न हुने जङ्गलका जीवजन्तुको शिकार गर्न हुने, नदीले बगाउँदा गुहार माग्ने, यस्तो मान्छेले नदीलाई पो जित्नुपर्छ । अर्को कऱ्याङ्कुरुङ्ले पुनः त्यो मान्छेलाई खिसी गर्दै भन्यो यी मान्छेका जात यस्तै छन् । यिनीहरू आफू शक्तिशाली हुँदा संसारै आफ्नो देख्छन् संसारकै अरु प्राणीमाथि शासन गर्न खोज्छन् ।

आँधीखोलाको पुलमाथि बसेर हेरिरहेका माझीहरूले त्यो दृष्य देखेर उद्धार गर्न लाग्दा त्यो मान्छेको कपडा र टोपी मात्र उनीहरूको जालमा आयो तर मान्छे भने नदीमै रह्यो । नाङ्गो मानिस बग्दै-बग्दै तल पुग्यो खोलाको किनारमा अरु दुई जना वृद्धहरू कुरा गर्दै थिए । ती बृद्धमध्ये एउटा नदीमा बग्दै आएको मान्छेलाई सङ्केत गर्दै भन्यो त्यो मान्छेका बाजे बराजु मेरै जिजुहरूले हुर्काएका हुन् । उनी हामीजस्तै माझी किसान सिपाही आदि गर्दा यिनीहरू चम्केका हुन । तसर्थ यो मान्छेले पनि थाहा पाउनुपर्छ पीर, व्यथा, वेदना । बग्दै-बग्दै जाओस् अनि थाहा पाउँछ संसार । वर्षायाम नदीको भेलसँगै भर्खर जन्मेको नवजात शिशु जस्तै प्राकृतिक रूपमा आँधीको धमिलो पानीमा उधो-उधो बग्दै गयो । युगौ अघि श्रवण कुमारलाई मारेको स्मरण गऱ्यो । अन्धाअन्धीको श्राप आँखामा नाँचिरह्यो । कर्मको फल भोगेको महशुस गऱ्यो त्यो मानिसले ।

लामो समयको सङ्घर्ष पश्चात ऊ नदीबाट बाहिरियो । नाङ्गो अवस्थामा रहेको मानिस देखिर सबैले आँखा छोपे । मानिसहरूले उसलाई बौलाहा भने । सनकी नकच्चरो विभिन्न उपनामहरू दिए । वृद्ध व्यक्तिले दिएको भोटोले उसले आफ्नो लाज छोप्यो । उसले आलमदेवीलाई गोलचक्कर मारेपछि बाँच्नुको कुनै अर्थ सम्झेन । ऊ पुनः आँधीभै हाम फाल्यो । आफ्ना हिजोका कुकर्महरू सम्झेर आफूलाई घृणित ठान्यो । मानिसको जीवनमा राजा रैती र रैती राजा हुने अनि मालिक दास बन्ने समय पनि आउँदोरहेछ । संसार यस्तै रहेछ म परिचय हराएको मान्छे भन्दै कथानक समाप्त हुन्छ ।

**चरित्र-चित्रण**

**म पात्र :**

म पात्र कथाको प्रमुख पुरुष मात्र हो । उसकै केन्द्रीयतामा कथा घुमेको छ । प्रकृतिमा रहेका बोटबिरुवा, झारपात लगायत सम्पूर्ण चीजवस्तुहरूलाई मान्छेले नङ्ग्याउँदै गएको छ तर आँधीखोलासँग जुध्न नसकेर एक जना व्यक्ति आफ्नो जीवनदेखि थाकेको

कुरा म पात्रको माध्यमबाट अभिव्यक्त भएका छन् । म पात्रकै माध्यमबाट कथा शुरु भएर अन्त्य पनि भएको छ ।

आँधीखोलाले बगाउँदै ल्याएको व्यक्ति पनि कथाको बीचबाट आएको छ । पानीको झोक्कासँगै लड्न नसकेर उसले गुहार मागिरहेको छ । श्री सकिएपछि त मानिसको पनि विजोग हुने र घृणित भइने अनुभूति उसले गरेको छ । उसको अभावमा कथाले पूर्णता नपाउने हुँदा ऊ बद्ध पात्र हो र मञ्चीय पात्र पनि हो । कऱ्याङ्कुरुङ् बूढो मान्छे माझीहरू गौण पात्रका रूपमा रहेका छन् ।

**परिवेश**

कथाले आँधीखोलाको सेरोफेरो, आलमदेवी आदि ठाउँहरूलाई परिवेश बनाएको छ भन्ने चाँपको रुख, दुबो, पाती, सिस्नु साथै कऱ्याङ्कुरुङ्को हुल पनि परिवेशको रूपमा आएका छन् ।

**उद्देश्य**

आँधीखोलाको छाललले बगाउँदै ल्याएको एउटा मान्छे जो पानीबाट बाहिर निस्कन नसकेर गुहार माग्दै थियो । कऱ्याङ्कुरुङ्लेसमेत त्यो वेला उसलाई गिज्याए । अघिपछि ठूलो हुँ भनेर घमण्ड गर्ने मनुष्य अहिले पानीसँग हार खाँदो रहेर भन्दै बाहिरबाट गिज्याए । 'ओरालो लागेको मृगलाई बाँच्छाले पनि खेद्छ' भन्ने उखान यहाँ चरितार्थ भएको छ । मानिसको जीवन सधैं एकै नासको हुँदैन । त्यही व्यक्ति कहिले महलमा बस्छ त कहिले सडकमा पनि पुग्न सक्छ तसर्थ 'सुखमा नमात्तिने र दुःखमा नआत्तिने' सन्देश दिनु कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

'खजे दूरा भन्दै थियो' कथाको दृष्टिविन्दु प्रथम पुरुष, आन्तरिक परिधीय रहेको छ।

**भाषाशैली**

खजे दूरा भन्दै थियो कथाको भाषा केही जटिल र घुमाउरो पाराको छ । लोर्के, मोरो, नाङ्गो, पाजी जस्ता नेपाली जनजिब्रोमा झुण्डिएका शब्दहरू यहाँ प्रयोग भएका छन् । कथामा सरल तत्सम शब्दहरूको प्रयोग भएको छ । जसले गर्दा भाषा रुचिपूर्ण

रहेको मान्न सकिन्छ । कथाका ढाँचा वृत्तकारीय हुनुका साथै यसमा वर्णनात्मक संवादात्मक शैलीको प्रयोग गरिएको छ ।

**शीर्षक**

जीवन एउटा यात्रा हो । जीवनभित्र धेरै व्यथाहरूको मिश्रण हुन्छ । हरेकका कथा व्यथाहरू आ-आफ्नै किसिमको यात्रामा गुडेका हुन्छन् । यहाँ म पात्रका रूपमा खजे दूरा रहेका छन् र उनले कुनै दिनको घटनालाई विश्लेषण गरेका छन् । त्यही एक दिनको घटनालाई सार्थकता दिन खोजेको कथानक अनुसार शीर्षक सार्थक छ ।

**धार्मिक र ऐतिहासिक कथाको निष्कर्ष**

रजस्थलमा प्रकाशित धार्मिक तथा ऐतिहासिक कथाकारहरूमा सुन्दर मानन्धर र अनन्त अर्याल पर्दछन् । **सहिदका जिउँदा बाबु आमाहरू** कथामा सहिदको रगतमा होली खेल्ने र उनीहरूको रगतलाई पैसासँग तुलना गर्ने व्यक्तिहरू प्रति आक्रोश व्यक्त गरिएको छ । त्यसै गरी **खजेदुरा भन्दै थियो** कथामा धार्मिक कुरालाई विशेष जोड दिइएको छ ।

समाज धर्मरूपी कानुनमा बाँधिएको छ । यदि यो कानुन हुँदैनथ्यो भने मानिस अनियन्त्रित हुन्थ्यो अथवा पशुको जस्तो समाज हुन्थ्यो । इतिहास सधै ताजा रहन्छ । मानव समुदायको लागि इतिहास प्रमाण पनि हो त्यसैको आधारमा मान्छेले पूराना कुराहरूको विश्लेषण गर्छ । १६ औं शताब्दीका कुराहरू २१ औं शताब्दीका मान्छेहरूले थाहा पाउनु भनेको इतिहासकै देन हो । तसर्थ इतिहासका कुराहरूलाई पुनर्ताजगी गराउने काम रजस्थलका ऐतिहासिक र धार्मिक कथाहरूले गरेका छन् ।

**४.५.३ मनोवैज्ञानिक कथा**

मनोवैज्ञानिक कथामा कथाकारले विभिन्न अवस्थामा (सामान्य र असामान्य) पात्रहरूको मनोलोकका यथार्थको उद्घाटन गर्ने काम गर्दछ । फ्रायडवादको प्रभावबाट लेखिएका कथाहरूमा यौनका विविध पक्षको चित्रण गर्दै द्वन्द्व अहम र पराअहमसँग सम्बद्ध चेतन र अचेतन मन बिचको द्वन्द्वलाई प्रस्तुत गर्दै यौनको दमित रूपबाट निस्कने समस्या र विकृतिहरूलाई देखाइएको हुन्छ । (श्रेष्ठ २०६० : १४) मनोविज्ञानशास्त्री फ्रायडबाट प्रभावित विश्वेश्वरप्रसाद कोइरालाले सर्वप्रथम आधुनिक नेपाली कथामा मनोवैज्ञानिक कथाको सुरुवात गरेका हुन् । मनोवैज्ञाकि कथामा यौन मनोवैज्ञानिक, बाल मनोवैज्ञानिक अपराध मनोवैज्ञानिक जस्ता कथाहरू पर्दछन् । यसरी मनोवैज्ञानिक कथामा

मानिसका सामान्य र असामान्य मानसिक पक्षको उद्घाटन गर्दै मानवीय आचरण कुण्ठा, आक्रोश, असन्तोष आदिलाई कलात्मक रूपमा प्रस्तुत गरिन्छ ।

मनोवैज्ञानिक पक्षमा पनि रजस्थलमा प्रकाशित धेरैजसो कथाहरूले आफ्नै किसिमको पहुँच राख्न सफल भएका छन् । मानिसको मनको अन्तर भित्र पुगेर कथा लेख्ने काम मनोवैज्ञानिक कथाहरूले गर्दछन् । मनोविज्ञानका जन्मदाता सिग्मण्ड फ्रायडको प्रभावबाट लेखिएका कथाहरूमा यौनका विविध पक्षको चित्रण गरिएको हुन्छ ।

**रजस्थलमा प्रकाशित मनोवैज्ञानिक कथाहरू :-**

<table>
<tr><th>क्र.सं.</th><th>शीर्षक</th><th>कथाकार</th><th>पृष्ठ</th><th>वर्ष</th><th>अङ्क</th><th>महिना</th></tr>
<tr><td>१</td><td>खुशीको खोजीमा</td><td>होमशङ्कर बास्तोला</td><td>४३-४५</td><td rowspan="2">११</td><td rowspan="2">३३</td><td rowspan="2">माघ- चैत्र २०६४</td></tr>
<tr><td>२</td><td>गलत बाटो</td><td>गोविन्द बराल</td><td>४६-४८</td></tr>
<tr><td>३</td><td>सम्झनाको शिकार</td><td>गोविन्द बराल</td><td>१२-१४</td><td rowspan="2">११</td><td rowspan="2">३४</td><td rowspan="2">वैशाख- असार २०६५</td></tr>
<tr><td>४</td><td>उपहार</td><td>मेघनाथ ढकाल - पवन)</td><td>४४-४५</td></tr>
<tr><td>५</td><td>वात्सल्यको हत्या</td><td>वि.पि.पौडेल वेहोशी</td><td>८८-९१</td><td>१२</td><td>३६</td><td>कार्तिक- पुस २०६५</td></tr>
<tr><td>६</td><td>क्रुर नियति</td><td>जे.एल.काफ्ले</td><td>७१-७५</td><td>१२</td><td>३६</td><td>वैशाख- असार २०६७</td></tr>
<tr><td>७</td><td>प्रकाश र कुइरो</td><td>कृष्णप्रसाद पोखेल</td><td>४७-४८</td><td>१२</td><td>३९</td><td>साउन- असोज २०६६</td></tr>
<tr><td>८</td><td>रातो भाले</td><td>गङ्गा पौडेल</td><td>६३-६५</td><td>१४</td><td>४२</td><td>वैशाख- असार २०६७</td></tr>
</table>

### क. खुसीको खोजीमा : होमशङ्कर वास्तोला

कथाकार होमशङ्कर वास्तोलाको खुशीको खोजीमा कथा रजस्थल वर्ष ११ पुर्णाङ्क ३३ माघ चैत्र २०६४ मा प्रकाशित मनोवैज्ञनिक कथा हो । प्रस्तुत कथामा चन्द्र र निशाको यौन मनोविज्ञानको चिरिफार गरिएको छ ।

#### कथानक

घाम अस्ताउन लागेको वेला गीतको सुरिलो स्वर सुनिन्छ । खेतको अन्तरमा घाँसको डोको वोकेर उभिएकी निशालाई चन्द्रले देख्छ । उसले निशाको सम्पूर्ण शरीर नियालेर हेर्छ । उसको हेराइमा प्यासको तीव्र चाहाना छ साथै फक्रिरहेको फूल टिप्न लालायित पनि छ । चन्द्र र निशा रुखको छहारीमुनि बसेर मिठा-मिठा कुरा गर्छन् । उनीहरू एक अर्कोको समिप्यमा रहेर अश्लील क्रियाकलापहरू गर्न थाल्छन् । ‘भनिन्छ, आगोको नजिक राख्यो भने घिउ पग्लिन्छ’ ।  चन्द्र र निशा एउटै गाउँका हुनाले एक अर्कोको घरमा आवत जावत खुव चल्दथ्यो । उनीहरूका क्रियाकलाप थाहा पाएर निशाकी आमाले निशालाई चन्द्रको घरमै गएर गाली गरिन् । कोठा थुनेर के को चर्तिकला देखाउँछौ भोलि नाक कुच्याएर हिडनुपर्ला भनी चेतावनी दिदै घर फर्किन् । आफ्ना सम्पूर्ण कर्तुतहरू आमाले थाहा पाएकोमा निशा चिन्तित भइन् । निशाले चन्द्रसँग कसैले थाहा नपाउने गरी भाग्ने प्रस्ताव राखिन् । यो प्रस्ताव चन्द्रलाई पनि स्वीकार्य भयो । एकछिनपछि निशा पुनः आफ्नो घरमा गइन् । आमाले निशालाई नाना तरङ्गका गाली गरिन ती शब्दहरूले निशालाई गहिरो चोट पुऱ्यायो । उनी तुरुन्त चन्द्रको घरमा गएर आजै भाग्ने प्रस्ताव राख्नुपऱ्यो भनेर हिडिन् । अकस्मात दुवैजनाको बाटामा जम्काभेट भयो । दश मिनटको वार्तालाप पछि आजै भाग्ने निर्णय भयो । उनीहरू दुवै जना १/१ वटा झोला बोकेर खोलातिर झरे । समय दिनबाट रात्रीमा परिणत भइसकेको थियो । उनीहरू अघिल्लो दिनको झरीले खोला तरेर नयाँ जीवनको सुनौलो यात्रामा लागे । भविश्यमा आउने खुसीको खोजीमा पाइलाहरू अगाडि बढाउँदै थिए, चन्द्र र निशाले ।

#### चरित्र चित्रण

चन्द्र र निशा कथाका प्रमुख पात्र हुन ।

**चन्द्र** : कथाको प्रमुख पुरुष पात्र चन्द्र हो । ऊ कामवासनाले युक्त स्त्रीलम्पट रहेको छ । निशालाई देख्नेवित्तिकै एकोहोरो हेरिरहन्छ । उसको जवानीका छिट्टै आँखा

लगाउनु, शरीरका प्रत्येक अङ्ग नियालेर हेर्नु, अविवाहित अवस्थामै निशासँग शारीरिक आनन्द लिन खोज्नु, एक अर्को विच माया बसिसकेपछि भागेरै भए पनि वैवाहिक जीवनमा बाँधिनुपर्दछ भन्ने विशेषता चन्द्रमा रहेका छन् । तसर्थ चन्द्र कथामा गतिशील र शत् पात्रका रूपमा रहेको छ

**निशा**

निशा कथाकी प्रमुख नारी पात्र हो तर पनि पुरुषसँग छिटैघधुलमिल भएर आफ्नो जवानी सुम्पन चाहन्छे । गीत गाएर चन्द्रलाई आकर्षण गर्न खोज्नु, उसको घरमा गएर कोठाभित्र ढोका बन्द गरी चन्द्रलाई आफनो शरीर सुम्पनु, आमाले गाली गर्दा पनि त्यसको वास्ता नगरी आफु असल र सही भएको पुष्टि गर्न खोज्नु, निशाका चरित्रगत विशेषता हुन् । निशाकी आमा सहायक पात्रका रूपमा आएकी छन् । चन्द्रको घर परिवार र निशाका बाबुको भने कथामा गौण भूमिका रहेको देखिन्छ ।

**परिवेश**

कथामा स्थानगत परिवेशको रूपमा शीतल छहारी, एकान्त स्थान, खेतको आली बन्द कोठा आदिको उल्लेख गरिएको छ । अस्ताउन लागेको सूर्य, हावा र पानीको हुनहुनावाट रहेको छ । त्यही परिवेशमा जवानी फर्क्रिरहेका दुइजना युवायुवतीका प्रेम कहानी र उनीहरूको नयाँ जीवनको खोजीलाई परिवेशको रूपमा चित्रण गरिएको छ ।

**उद्देश्यः**

एउटा नवयुवकले नवयौवना नारीसँग प्रेमको प्रस्ताव राखी दुवैमा आएको उत्साह उमङ्ग र एक अर्कोमा गरिएका क्रियाकलापपश्चात जिन्दगीभरि सँगै जिउने कसम खाएका कुराहरू नै कथामा उद्देश्यको रूपमा आएका छन् । मानिसले आफ्नो इच्छा र चाहानाको व्यक्तिसँग जीवन बिताउन पायो भने जीवनको सबैभन्दा खुसी त्यही न हुन्छ । कथामा मानव मनको सामान्य सोचाई, इच्छा, आकाङ्क्षा र चाहनालाई केलाउने प्रयास गरिएको छ ।

**दृष्टिविन्दु**

खुसीको खोजीमा कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । यहाँ चन्द्र, निशा आमा जस्ता तृतीय पुरुषवाची शब्दहरू प्रयोग भएका छन् ।

### भाषाशैली

कथा संबृत रूपविन्यास र वृत्तकारीय ढाचामा संरचित छ । यसमा वर्णनात्मक संस्मरणात्मक र पूर्वदीप्ति शैलीको प्रयोग गरिएको छ । खै, र, लौ, पो, नि निपातको प्रयोग 'आगोमा राखे घिउ पग्लन्छ भन्ने' उखानले भाषालाई अझ रसिलो बनाएको छ ।

### शीर्षक

निशा र चन्द्रको केन्द्रियतामा रहेको प्रस्तुत कथाको सुरुदेखि अन्त्यसम्म उनीहरूकै क्रियाकलाप र प्रेमालापको चौघेरामा कथा घुमेको छ । दुई आत्माको मिठो मिलनका लागि उनीहरूले बाबु आमा र समाजसँगसमेत सङ्घर्ष गनुपऱ्यो । आफ्नो घर परिवारबाट अनुमति लिएर विवाह गर्न असमर्थ भएपछि दुवै जना खुसीको खोजीमा घर छोडेर हिडनुपऱ्यो । त्यसैले खुशीको खोजीमा शीर्षक सार्थक बनेको छ ।

### ख. गलत बाटो कथा : गोविन्द बराल

गोविन्द बरालको गलत बाटो **रजस्थल** वर्ष ११ पुर्णाङ्क ३३ माघ-चैत्र २०६४ मा प्रकाशित मनोवैज्ञानिक कथा हो । म पात्रको युवतीप्रतिको दृष्टिकोणलाई यहाँ प्रमुख विषयवस्तु बनाइएको छ ।

### कथानक

गलत बाटो कथा म पात्रको युवतीप्रतिको हेराइबाट कथानक आरम्भ हुन्छ । सुरु सुरुमा म पात्रले युवतीको त्यति वास्ता नगरे पनि युवतीले धेरैचोटि नजर जुधाएपछि उसमा फक्रिएको जवानी र रूप रङग देखेर म पात्र छक्क पर्दछ । युवतीको मृदुभाषी हँसिलो चेहरा उसले सपनामा पनि देख्छ । उसले आफ्नी श्रीमती सन्ध्यालाई झल्यास्स सम्झन्छ । युवतीले म पात्रलाई दिएको फलफुलको उपहार जिन्दगीको पहिलो सौगात हुन्छ । म पात्रले एउटा सानो कागजको चिर्कटोमा आफ्नो मनका अभिव्यक्तिहरू फर्माएर लेख्नु भन्ने आग्रह गर्दै युवतीलाई दिन्छ ।

म पात्रको आग्रहलाई मानेर उनले ४/५ दिनपछि दुई पाना मनका अभिव्यक्ति लेखेर पठाउछिन । प्रत्येक वाक्याशाका तीव्र मनोकाङ्क्षाहरूको मूल्याङकन गर्दा युवतीले आफुलाई चाहेको प्रतीत हुन्छ । म पात्र र युवतीको अपरिचयको पर्दा च्यातिने बित्तिकै दुवैको भेट सडक र चोक हुँदै मकैवारीसम्म पुग्छ । मकैवारीमा पुगेको दिन म पात्रले युवतीका कोमल औलामा स्पर्श गर्छ र विस्तारै पाखुरा काँध र कपाल हुदै सर्वाङ्ग स्पर्शको

चरम आनन्दमा पुग्छ । त्यस दिनदेखि म पात्र र युवतीको भेट दिनहुँ हुन थाल्छ । दुवैजनाले चरम आनन्दको अनुभुति गरिसकेपछि युवतीले भन्छे :- 'तिमीले मलाई दिएजस्तो सन्तुष्टि सायदै मेरा पतिले मात्र दिएका थिए ।' युवतीको यस्तो भनाइपछि श्रीमती सन्ध्यालाई सम्झिन्छ । युवतीलाई जस्तो यौवनको उन्माद मेरी सन्ध्यालाई पनि त होला नि । उनलाई पनि म मुग्लान हिडेपछि युवतीलाई जस्तै प्यास लागेको होला त्यस दिनदेखि म पात्रले युवतीका कियाकलापसँगै आफनी प्यारी सन्ध्यालाई देख्न थाल्छ । आफ्ना अतीतका स्मृतिहरूले हृदयको कुना कुनामा दुख्न थाल्छ । त्यस दिन देखि आफू हिडेको बाटोलाई म पात्रले गलत ठहयाऱ्याउछ र पुन : त्यो गल्तीलाई कहिल्यै दोहोऱ्याउँदैन । कथानक यही टुङ्गिन्छ ।

**चरित्र चित्रण**

गलत बाटो कथामा युवक र युवती प्रमुख पात्रका रूपमा रहेका छन् ।

**युवक :**

म पात्र युवक कथाको प्रमुख पुरुष पात्र हो । आफनो घरमा विवाहित श्रीमती हुँदा हुदै पनि परस्त्रीसँग शारीरिक आनन्द लिन खोज्ने पुरुषहरूको प्रतिनिधि पात्र पनि हो । पुरुषहरू नारीको रूप र सौन्दर्यमा कति छिटो आकर्षित हुन्छन् । भन्ने प्रमाणित म पात्रले गर्छ ।

**युवती :**

युवती कथाकी प्रमुख नारी पात्र हो । उसको मुस्कानको माधुर्य र चञ्चलताले छिट्टै नै म पात्रलाई आकर्षित गर्दे पति विदेश गएको वेला आफनो यौन तृष्णा मेटाउन म पात्रलाई नाटकीय ढङगबाट आकर्षण गर्छे । पतिभक्तिको आदर्श छाँटेर परपुरुषसँग आनन्द लिने नारीहरूको प्रतिनिधि बनेकी छ युवती । युवकका साथीहरू गौण पात्रको रूपमा रहेका छन् ।

**परिवेश**

कथाको स्थानगत परिवेश मुग्लान रहेको छ । त्यहाँको सडक चोक र मकैवारी लगायतका ठाउँलाई यहाँ समेटिएको छ । एउटी युवती नवजवान पुरुषलाई देख्दा उसैसँग लहसिन खोज्नु । पुरुष पनि युवतीको रूप र यौवनमा लठ्ठिनु आदि कुराहरू परिवेशको रूपमा आएका छन् ।

**उद्देश्य**

यस कथामा पुरुषहरू कसरी नारीको इन्द्रजालमा परेर फस्छन् भन्ने यथार्यतालाई देखाइएको छ । एउटी नारीमा रहेको चञ्चले स्वभाव र रूपाकृतिले सही बाटोमा हिडेको युवकको मनलाई चुम्बकले फलामलाई खिच्दा झैँ खिच्दो रहेछ । यस्तो अवस्थामा विवाहित पुरुषले पनि श्रीमती र घर परिवार बिर्सेर परस्त्रीप्रति आकर्षित हुँदा रहेछन् भन्ने तीतो सत्यलाई कथाले देखाउन खोजेको छ ।

**दृष्टिविन्दु**

गलत बाटो कथा प्रथम पुरुष आन्तरिक परिधिय दृष्टिविन्दुमा आधारित छ ।

**भाषाशैली**

कथा छोटा छोटा संवादात्मक शैलीमा अगाडि वढेको छ । कतै-कतै साङ्केतिक भाषा प्रयोगले कथा आलङ्कारिक पनि बनेको छ । मायाप्रीतिको न्यानोपनमा गासिएका युवा युवतीको मिठासपूर्ण वार्तालापलाई पनि मिठो भाषामा प्रस्तुत गरिएको छ । तत्सम् तद्भव र आगन्तुक शब्दहरूले भाषालाई रसिलो बनाएका छन् ।

**शीर्षक**

विवाहित युवा युवतीको प्रेम प्रसङ्गलाई लिएर कथा अघि बढेको छ । म पात्र र युवतीले आफ्नो यौवनको प्यास मेटाउननको लागि आ-आफ्ना श्रीमान र श्रीमती बिर्सेका छन् । यो पनि विकृति र विसङ्गतिको एउटा पराकाष्ठा हो । आफ्नो श्रीमान र श्रीमती हुँदा परपुरुषसँग र परस्त्रीसँग प्यास मेटाउनु भनेको जिन्दगीका पाइलाहरूलाई अनियन्त्रित राख्नु हो तसर्थ कथावस्तु अनुसार गलत बाटो शीर्षक सार्थक बनेको छ ।

**ग. सम्झनाको शिकार कथा : गोविन्द वराल**

गोविन्द बरालको सम्झनाको शिकार रजस्थल वर्ष ११ पुर्णाङक ३४ वैशाख असार २०६५ मा प्रकाशित मनोवैज्ञानिक कथा हो ।

**कथानक**

जवानी हुर्किदै गएकी म पात्र आफनो कसिलो पहिरन र शरीर देखेर छक्क पर्छिन् । एस.एल.सी दिने तरखरमा रहेकी म पात्र पढाइमा अलि कमजोर नै थिइन् । उनका बाबुले चिट चोराउनको लागि गणेश नाम गरेको व्यक्तिलाई आन्त्रण गरेका थिए । ऊ पश्चिमी

पहाडबाट आएको म पात्रका घर नजिकै बसाई सरेको थियो । बाबुले गणेशसँग चिनजान गराउँदा म पात्रको मुटु थरर काप्यो । हरेक विषयमा चतुर र दक्ष भएको गणेशले परीक्षा अवधिभर चिट चोरायो । उसले म पात्रलाई खाली समयमा कम्प्युटर सिक्ने सल्लाह दिन्छ । गणेशको भनाई अनुसार म पात्र, इशु द्वितीय श्रेणीमा पास हुन्छिन् ।

दिन प्रतिदिन म पात्रलाई गणेशको सम्झनाले सताउछ । सरासर पढेर डिग्री पास गर्नुपर्छ भन्ने गणेशको अर्तीले म पात्रका आँखाबाट आँसु खस्छन् । मप्रति गणेशले किन यति धेरै चासो राख्छ ? भन्ने तर्कनाहरू मनमा खेल्न थाल्छन् । गणेशको चिटीक्क परेको घर, प्राविधिक लाइनको पढाई। सबै देख्दा उनी खुसी हुन्छिन् । म पात्रलाई गणेशसँग जिन्दगी काट्ने रहर पलाएर आउँछ । गणेशले रिसाएर ठूला-ठूला आँखा फर्काउँदा म पात्रलाई डर लाग्छ । म पात्रले डराई-डराई राखेको प्रेम प्रस्ताव गणेशलाई पनि स्वीकार्य हुन्छ ।

समय बित्दै गयो । म पात्र र गणेशबीच बसेको मायाप्रिती पनि पाँच वर्षको बुढो भयो । मायाको सागर गहिरो र विशाल बन्दै थियो । त्यसैवेला म पात्र हेटौडाको जनस्वास्थ्य कार्यालयमा जागिरे थिइन् । बुबाले छिट्टै विवाह गरिदिने प्रस्ताव राखे । म पात्रले गणेशसँग विवाह गर्ने सङ्कल्प जारी गरिन् । बाबुले अत्यन्तै कर गरेपछि अर्केको हातको सिन्दुर पहिरिन बाध्य भइन । विवाहपश्चात म पात्रलाई कुनै किसिमको दु:ख हुदैन तर पनि गणेशको सम्झनाले दिन प्रतिदिन मुटु घोचिरहन्छ ।

**चरित्र चित्रण**

सम्झनाको सिकार कथामा म पात्र र युवक कथाका प्रमुख पात्र हुन् ।

म पात्र : म पात्र (इशु) कथामा प्रमुख नारी पात्र हुन् । उनी नारी सुलभ र गम्भिरताले ओतप्रोत भएकी छिन् । युवकको सहयोगी भावना देखेर उनी युवकप्रति आकर्षित हुन्छिन् । गणेश युवकसँग विवाह गर्ने वाचा बाधिसकेकी म पात्रले बाबुको चाहना अनुरूप विवाह गर्नूपर्ने वाध्यता हुन्छ । यहाँ म पात्र अथवा युवती आफ्नो निर्णमा कटिवद्ध रहन नसक्ने कमजोर नारीको रूपमा उपास्थित छन् ।

**युवक (गणेश)** युवक यस कथाको प्रमुख पुरुष पात्र हो । युवतीप्रति आकर्षित भए तापनि उसले ढुक्कसँग विवाहको प्रस्ताव राख्न सक्दैन । उसले युवती म पात्रलाई हरेक वेला अर्ती उपदेश दिन्छ । जीवनको गोरेटोमा अघि वढ्न उत्प्रेरणा दिन पनि हिम्मत नभई

अन्तिम अवस्थामा आएर म पात्रलाई गुमाउन पुग्छ । युवक यस कथामा अस्थिर र काँतर स्वभावको देखिन्छ ।

**परिवेश**

सम्झनाको शिकार कथामा यौवन अवस्थामा पुगेका दुई युवा युवतीका बिच भएको यौन आकर्षण तथा शारीरिक आकर्षणलाई परिवेशको रूपमा लिइएको छ । म पात्रको सलक्क परेको जिउडाल देखेर आफै छक्क पर्नु गणेशले म पात्रलाई धेरै पढेर आफनो खुट्टामा उभिने सल्लाह दिनु, प्रविधिक लाइनको गणेशप्रति म पात्र आकर्षित हुनु, विजयपुरको विहिवारेमा दुवैजना सँगसँगै हिंडी वैवाहिक जीवनमा बाँधिने कसम खानु आदि परिवेशका रूपमा आएका छन् ।

**उद्देश्य**

दुई युवा युवतीको प्रेम प्रसङ्गलाई कोट्याएर प्रेममा विश्वासको खाँचो हुनुपर्ने र यसको साथै त्यसलाई निरन्तरता दिन सक्नुपर्ने कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

कथामा प्रथम पुरुष आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**भाषाशैली**

कथा संवृत रूपविन्यास र वृत्तकारीय ढाँचामा संरचित छ । यसमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । साथै पूर्वदीप्ति शैलीको अवलम्वन गरिएको छ । कथामा सीमित पात्रहरू र छोटो संवादको पनि प्रयोग गरिएको छ ।

**शीर्षक**

कथामा म पात्रले आपनो इच्छा र चाहनालाई अन्तिम अवस्थामा पूरा गर्न सकेकी छैनन् । सुरु देखिका इच्छा चाहना र मनोकाङ्क्षालाई सम्झनामै सीमित राख्नु परेको छ । त्यसैले अभिधात्मक अर्थ सम्प्रेषण गर्ने कथाको शीर्षक सम्झनाको शिकार सार्थक छ ।

**घ. उपहार कथा : मेघनाथ ढकाल (पवन)**

मेघनाथ ढकाल पवनको उपहार कथा **रजस्थल** वर्ष ११ पुर्णाङ्क ३४ वैशाख-असार २०६४ मा प्रकाशित मनोवैज्ञानिक कथा हो । म पात्रमा निहित मायाप्रितीका कुराहरू आफ्नी प्रेमिकाले बुझ्न नखोजेको वास्तविकतालाई नै यहाँ विषयवस्तु बनाइएको छ ।

**कथानक**

सात आठ वर्ष अगाडि म पात्रको कसैसँग अनयासै मायाप्रिती बस्छ । स्याङजामा केही समय जागिर गरेपछि केही समयको शान्त मनपछि पुन : चैत्रको हुरी झै एक्कासी म पात्रको प्रेमिका अगाडि देखा पर्छिन र पुन : स्याङ्जामा नै आएको कुरा बताउछिन । त्यसपछि पूरानै मान्छेसँग जीवनका मोडमा नयाँ पालुवा पलाउन थाल्छन । म पात्रले मनलाई सम्हालेर राख्न नसकी उनीसँग आफ्ना भावनाहरू पत्रमार्फत पठाएर मन हलुका गर्न चाहन्छ । शून्यको मुटु भएको प्रेमिकाको मनले पीडा के हो । ? माया के हो ? भनेर बुझ्न सक्दैन । निष्ठुरी मायालाई जति नै सम्झाउन खोजे पनि विभिन्न किसिमका बहाना बनाई टाढिन खोज्छिन् । भनिन्छ, 'निदाएको मान्छेलाई उठाउन सजिलो हुन्छ निदाएको बहाना गर्नेलाई उठाउन गाह्रो हुन्छ' । म पात्रले अर्को कठोर मनलाई बदल्न निकै आग्रह गर्दछ तर उनले म पात्रलाई सधै भरि अनिर्णयको बन्दी बनाएर राख्न खोज्छिन् ।

अन्त्यमा म पात्रमार्फत स्वीकारे पनि इन्कारे पनि निष्ठुरी मायालाई यसै संस्मरणबाट मायाकोखाँतिर उनले बुझ्ने गरी सम्बोधन गर्छन् । म पात्रको उनी बाहेक अहिलेसम्म उपमा दिन लायक कोही देख्दैनन् । म पात्रले उनलाई संस्मरणात्मक उपहार दिएपछि कथाको अन्त्य गर्छन् ।

**चरित्र चित्रण**

कथामा आएको म पात्र प्रमुख पुरुष पात्र हो । उसले कथामा जिन्दगीको परिभाषा खोजेको छ । विछोडको पीडासँगै हाँस्नुपर्ने जिन्दगी, मुटुभरि माया साँची जिउनुपर्ने जिन्दगी, दुइ मुटु एकै बनाई आधी बाटोमै फुट्नुपर्ने जिन्दगी, यिनै कुराहरू म पात्रको जीवनमा आइपरेका छन् । म पात्रले उनीसँग जिन्दगीको गोरेटोमा सँगै हिड्न चाहन्छ तर त्यो उसको चाहना पूरा हुन सक्दैन । म पात्रले उनी भनेर सम्बोधन गरिएकी कथाको प्रमुख नारी पात्र हुन् । उनले म पात्रलाई अनिर्णयको बन्दी बनाइ रहेकी छन् । म पात्रले सोधेका अनेकौ प्रश्नहरूको जवाफ उनले दिएकी छैनन् । उनी कथामा असत् पात्रका रूपमा रहेकी छन् । कथामा अन्य पात्रहरूको भूमिका गौण रहेको छ ।

**परिवेश**

कथाको स्थानगत परिवेश सहरिया रहेको छ । सुन्दर नगरी पोखरा र स्याङ्जाको परिदृष्यलाई यहाँ देखाइएको छ । म पात्रको एकोहोरो माया भगवानको आँखामा सबै

बराबरी भएपनि म पात्रका इच्छाहरू त्यत्तिकै सेलाएर जान लागेकाले अन्यमा उनलाई पाउन जति नै सङ्घर्ष गरे पनि टुङ्गो नलागेको कुरा परिवेशको रूपमा आएका छन् ।

**उद्देश्य**

जीवन भोगाइको क्रमसँगै हरेक मान्छेको मस्तिष्कमा कुनै न कुनै कुराको छाप अविस्मरणीय क्षणमा परिणत हुन्छ । त्यसै गरी उपहार कथामा पनि म पात्रको उनीप्रतिको एकोहोरो मायाले जीवन भरी तडपाइरहेको छ । एकतर्फी माया सफल हुँदैन भन्ने सन्देश नै कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

कथामा आएको म पात्र कथाको द्रष्टा पात्र हो । तसर्थ कथा आन्तरिक परिधीय प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ ।

**भाषाशैली**

उपहार कथाको भाषाशैली केही जटिल र घुमाउरो रहेको छ । सास रहुन्जेल आस उखान र, लौ, पो, नि, निपात को प्रयोगले भाषिक स्वभाविकता ल्याएका छन् ।

**शीर्षक**

जिन्दगीको यात्रा अनन्त छ । यही यात्री म पात्र जीवन भोगाइको क्रममा रहेको छ । उसले आफ्नो जीवन यात्रामा कसैलाई मन पराउँछ तर त्यो मन पराइ एकोहोरो जस्तो देखिन्छ । म पात्रले पत्रबाट र शब्दबाट उनलाई आफ्नो बनाउन धेरै अनुरोध गर्दछ तर त्यो अनुरोधको कुनै प्रतिउत्तर आउँदैन । अन्त्यमा म पात्र अनिर्णयको बन्दी बनेको हुन्छ । उसले कथात्मक संस्मरणबाट शब्दरूपी उपहार छर्दछ् । यसरी कथाको शीर्षक सार्थक बनेको छ ।

**ङ. वात्सल्यको हत्या कथा : वी .पी. पौडेल बेहोसी**

सामाजिक यथार्थवादी कथा लेखनमा रुचि राख्ने कथाकार वी.पी. पौडेल वेहोशीको जन्म २०३८ मा विचारी चौतारा-९ स्याङ्जामा भएको हो । कथा सङ्ग्रहकै रूपमा कुनै कृति प्रकाशित नभए तापनि रजस्थलका विभिन्न अङकहरूमा उनका फुटकर कविता र कथाहरू थपिएका छन् । उनको वात्सल्याको हत्या **रजस्थल** वर्ष १२ पूर्णाङ्क ३६ कार्तिक-

पुस २०६५ मा प्रकाशित मनोवैज्ञानिक कथा हो । यहाँ लालुमानको पारिवारिक पृष्ठभूमि र परिवारमा आएको विविध उतार चढावलाई प्रमुख विषयवस्तु बनाइएको छ ।

**कथानक**

धेरै वर्ष पहिले स्याङ्जाको उत्तरीक्षेत्र पर्वततिर लालुमान नाम गरेका एक जना प्रख्यात व्यक्ति थिए । गाउँमा परेको समस्या समाधान गरी शिक्षाको प्रचार समेत गर्थे । तिन तिन ओटी श्रीमती विहे गरेर पनि धेरै वर्षसम्म सन्तान नजन्मेका कारण हरिवंश महात्मा यज्ञ लगाएर कान्छीबाट छोरी जन्मिई । माया र पुलपुलमा हुर्किएकाले लालुमानको छोरो जगतमान सानैदेखि खराब प्रवृतिको थियो बाबुले छोरो जगतमान सानैदेखि खराब प्रवृत्तिको थियो । बाबुले छोरो सुधार्नको लागि १८ वर्षमै विवाह गरिदिए तर पनि ऊ सुध्रेन । उल्टै गाउँका राम्रा चेलीबेटीप्रति आँखा लगाई जवानीको जोश पोख्थ्यो ।

लालुमानको पुरानो नोकर झिल्टुङ्गेकी श्रीमती मरेपछि जेठी छोरी प्याउलीले घरधन्दा सम्हाल्ने भई अत्यन्त नम्र स्वभावकी प्याउलीको फक्रिएको जवानीमा लालुमानको छोरो जगतमानले माया गरे झै अरु कसैले नदेख्ने गरी अङ्ग प्रत्यङ्गहरू चलाएर प्याउलीको कुमारीत्व लुट्यो । प्याउलीको रजस्वला बन्द भई गर्भवती बनी । जगतमान प्याउली गर्भवती भएपछि नजिक हुन छोड्यो । उसलाई अरुकै जिम्मा लगाइदिने विचार गरी जगतमानले प्याउली र उसका साथी रेखे र मकुन्टेलाई भजनमा जाने भनी छुट्टै निम्तो गऱ्यो ।

शनिबारको दिन थियो । प्याउली छिट्टै भात खाएर घरको धन्दा गरी दोबाटोमा गएर जगतमानलाई कुरेर बसिरही । केहि बेरपछि जगतमान आयो र प्याउलीको दोजिया शरीर माथि जाइलागि जवानीको तिर्खा मेटायो । जगतमानले रेखे र मकुन्टेलाई आफ्नो जवानीको जिम्मा लगाउन खोज्यो । प्याउलीले रेखे र मकुन्टे दाई निर्दोष भएको र यसको सम्पूर्ण दोषी जगतमान भएको बताउछे । आफ्नो पेटको बच्चालाई जन्म दिई आमा बन्छु भन्ने बिन्ति गरी । यो कुरा सुनेपछि जगतमानले प्याउलीको घाँटी अँठ्याएर बेहोश बनायो र रेखे र मकुन्टेलाई ढुङ्गाले हान्न लगायो । त्यसपछि प्याउलीको मृत शरीरलाई विरही खोलाको किनारमा बनमाराको झयाङ्ले छोपी आ आफ्नो घर फर्के ।

प्रहरीको व्यापक खोज अनुसन्धानपछि विरही खोलाको किनारमा अघि छोपिएको लास भेटियो । सबैले जगतमानलाई नै शङ्का गरे । त्यो काम छोराले नै गऱ्यो भन्ने

लालुमानलाई पनि थाहा भयो र घरमा आई चुकुल लगाई विष सेवन गरी मऱ्यो । जगतमान प्रहरी हिरासतमा हत्यारा कायम भयो । त्यही दिनदेखि खोलाको नाम विरही राखियो । खोलाको किनारमा रातको समयमा मरे मरे बचाउ-बचाउ आमा बन्न देऊ भनेर आइमाई रोएको आवाज सुनिन्छ रे तसर्थ धेरै जनालाई त्यही खोलाको मरेडाइनी लागेकाले झाँक्रीले वर्षेपिच्छे वैशाखमा फुर्से कुभिन्डो र कालो कुखुरा काटेर पुजा गर्दै आएकाले प्याउलीको वात्सल्यको अवशेष अझै देखिन्छ भन्ने किंवदन्ती पाइन्छ ।

### चरित्र चित्रण

कथाको सुरुवात लालुमानबाट भए पनि लालुमानको छोरी जगतमान र झिल्टुङ्गेकी छोरी प्याउलीको केन्द्रियतामा कथा घुमेको छ ।

### जगतमान

कथाको प्रमुख पुरुष पात्र जगतमान हो भने प्रमुख नारी पात्र प्याउली रहेकी छ । ऊ प्याउलीको जवानीप्रति लोभिई धेरै पटक यौन तृष्णा मेटाउँछ र भुडी बोकाई प्याउलीको हत्यासमेत गर्छ जगतमान यस कथामा स्त्रीलप्पट यौन पिपाशु पुरुषहरूको प्रतिनिधि पात्र हो ।

### प्याउली

प्याउली कथाको प्रमुख नारी पात्र हो । ऊ जगतमान जस्तो यौन खेलाडीको पञ्जामा फस्छे । आफ्नो पेटमा जगतमानको भ्रुण हुर्कदै गर्दा ऊ आमा बन्ने खुशीमा दङग पर्छे । ऊ अनपढ र गरिब परिवारकी छोरी हो । जगतमानको पूर्ण विश्वास परेर आखिरमा मृत्युवरण गर्न पुग्छे । यहाँ प्याउली अशिक्षित र सोझी नारी पात्रको रूपमा देखा पर्छे । लालुमान र झिल्टुङ्गे सहायक पात्रको रूपमा रहेका छन् भने मेखे र मकुन्टे गौण पात्रको रूपमा आएका छन् ।

### परिवेश

वात्सल्यको हत्या कथाको परिवेश ग्रामीण रहेको छ । स्याङ्जाको उत्तरी क्षेत्र पर्वतको वरिपरिका विभिन्न ठाउँहरूको बारेमा यहाँ चर्चा गरिएको छ । धनाढ्यहरूले नोकर चाकर राख्ने धर्म कार्य गरेपछि छोरो जन्मिने, धन सम्पत्ति र ऐस आराम पुगेपछि

रक्सी चुरोट पिउने साथै धेरै युवतीहरूसँग जवानीको जोस पोख्ने भुत प्रेत र मरेडाइनीमा विस्वास गर्ने कुराहरू परिवेशको रूपमा आएका छन् ।

**उद्देश्य**

समाजमा व्याप्त विकृति विसङ्गतिको पर्दाफास गर्नु, धन सम्पतिले मात्र मानिस सुखी नहुने कुरा दर्साउनु, गरिबका छोरीहरू राम्रो देखे गिद्दे दृष्टि लगाउने प्रवृति र अन्त्यमा हत्यापश्चात भौतिक शरीर जलाएर नष्ट भएपनि आत्मा त्यही वरिपरि घुम्दै र त्यस आत्माले कहिल्यै शान्ति पाउँदैन भन्ने देखाउनुका साथै सामन्ती प्रवृत्तिको पर्दाफास गर्नु नै कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

वात्सल्यको हत्या कथामा लालुमान जगतमान प्याउली जस्ता तृतीय पुरुषवाची शब्दहरूको प्रयोग गरिएको छ । त्यसैले कथा तृतीयपुरुष बाह्य दृष्टिविन्दुमा आधारित छ ।

**भाषाशैली**

कथा संवृत रूपविन्यास र रैखिक ढाँचामा संरचित छ । यसमा सामान्य वोलिचालीको भाषाको प्रयोग र वर्णनात्मक शैलीको अवलम्वन गरिएको छ । र ,लौ ,पो जस्ता निपात र केही अनुकरणात्मक शब्दहरूले भाषालाई स्वादिलो बनाएका छन् ।

**शीर्षक**

कथामा रहेकी प्रमुख नारी पात्र प्याउलीको गर्भमा जगतमानको भ्रुण बढ्दै गएको हुन्छ । त्यसरी भ्रुण बढाइको क्रमसँगै प्याउलीले धेरै कल्पनाहरू गरेकी हुन्छे । आमा बनेर दुध खुवाएको, चार खुट्टा हिडेको, आमा भनेर बोलाएको, आदि कल्पनाहरू गर्दै खुशीको अनुभव गरेकी हुन्छे तर जगतमानले प्याउली सहित उसको पेटमा हुर्कदै गरेको बच्चाको हत्या गरिदिन्छ । त्यसपछि प्याउलीको आमा बन्ने रहरसँगै सम्पूर्ण सपनाहरू काँचको सिसा फुट्दा झैं चकनाचुर हुन्छन् । यसरी वात्सल्यको हत्या शीर्षक सार्थक हुन्छ ।

**च. क्रुर नियति कथा : जे.एल.काफ्ले**

क्रुर नियति **रजस्थल** वर्ष १३ पूर्णाङ्क ३८ वैशाख असार २०६६ मा प्रकाशित मनोवैज्ञानिक कथा हो । धनी र गरिब बिच हुने वर्गीय विभेदका बिच पनि एक अर्कामा

माया वसिसकेपछि छुट्न गाह्रो हुन्छ भन्ने यथार्थ सत्यतालाई नै यहाँ विषयवस्तु बनाइएको छ ।

**कथानक**

कटकबहादुर कार्कीको छोरो र नन्दवीर रानाकी छोरी रूपा सानैदेखि एक अर्काबिच माया ममतामा बाँधिएका थिए । रामु सुवेदारको छोरो थियो । रूपा सामान्य पसल गरेर जिविकोपार्जन गर्ने बाबु आमाकी छोरी थिइन् । उनी निकै मेधावी थिइन् । उनी मेहेनती र जेहन्दार पनि थिइन् । बाल्यकालदेखिको रूपा र रामुको प्रेम सम्बन्ध झाङ्गिदै गएको थियो । प्रथम श्रेणीमा एस.एल.सी. पास गरेर एम.वि.ए.पढदा पढ्दै रामु हेटौडास्थित कृषि विकास बैंकमा अधिकृत भयो । बाल्यकालदेखिको रूपा प्रतिको गहिरो प्रेम भएकाले रामुले उनलाई जीवनसङ्गिनी बनाउने निर्णय गरि सकेको थियो ।

रामुको विवाह गर्ने वेला भयो । राम्री कन्या र खानदानी घरबाट प्रस्ताव आयो । रामुले त्यो प्रस्तावलाई स्वीकार गरेन । रामुकी आमा पदम कुमारी आफुलाई खानदानी माइतीकी छोरी र सुवेदारनी भएकोमा घमण्ड गर्थिन् । आफ्नो छोराले गरिब मगरकी छोरी लिएर भागेकोमा पदमकुमारीको ब्रम्हाण्ड तात्यो । छोरालाई कुलङ्गार भनेर सरापिन । उता रूपालाई भगवान साक्षी राखेर विहे गऱ्यो । सुहागरात मनाउन रामु र रूपा धरान पुगे । राम्रो र सुन्दर जोडी दैवले पनि देखिसहेन । दुई मुटु दुई जिउ र एक स्पन्दन भई धरानमा बसेको तेस्रो दिन सडक पार गर्ने क्रममा एउटा ट्रकले ठक्कर दिएर रूपा बाटैमा ढलिन् । टाउकोमा गम्भिर चोट लागेकाले उनले सदाका लागि आँखा बन्द गरिन् ।

रूपाको मृत्युमा विक्षिप्त बनेको रामु काठमाडौं गई पशुपति परिसरमा जोगी र सन्यासीको सङ्गत गर्न थाल्यो । उसले एक जना बाबाको शरणमापरि भेष बदली पित बस्त्र र ललाटमा खरानी घसी सदाका लागि योगी बन्ने निर्णय गऱ्यो । रामुले आफ्ना बाबुआमालाई एउटा चिठी लेखेर पठायो । चिठीको ढाँचा यस्तो थियो :- 'बाबुआमाको लगानी प्रति म सधै ऋणि छु मेरो चिन्ता नलिन मलाई कहीँ कतै खोज्न नजानु त्यसपछि रामुको कही' पत्तो खबर पाइएन । कथानक यतिकैमा टुङ्गिन्छ ।

**चरित्र चित्रण**

**रामु :**

रामु कथाको प्रमुख पुरुष पात्र हो । पढाइमा तिक्ष्ण वृद्धि भएको पात्र हो । ऊ समाजमा

उच्च भनिने वर्गको प्रतिनिधि पात्र हो ।

बैंकको अधिकृतसमेत रहेको रामुको मगरकी छोरी रूपासँगै प्रेम बसी घरपरिवारको सहमति विना नै हेटौडामा विहे हुन्छ । ऊ आफनी आमा र घरपरिवारबाट समेत अपमानित हुन्छ । रामु आधुनिक युगका युवाहरूको प्रतिनिधि पात्र पनि हो । उसले जातीयताकै आधारमा कसैलाई धोका दिन चाहँदैन । रामुले प्रेमको वकालत गर्छ । रामुमा सङ्घर्ष गरेर बाँच्ने हिम्मत भएपनि जीवनको अन्तिम अवस्थासम्म आफ्नी जीवन सङ्गिनीसँग सँगै बस्न पाउँदैन । ऊ कथाको सत् र गतिशिल पात्र हो ।

**रूपा :**

रूपा कथाकी प्रमुत्व नारी पात्र हो । उसको वाल्यवस्थादेखि नै रामुसँग माया बस्छ रूपाले रामुसँग विहे गरेर जीवन विताउने निर्णय गर्छे । उ कथाकी सत् पात्र हो । मगरकी छोरी भएकै कारण उसलाई पनि घरबाट विवाहको स्वीकृति दिइदैन र भागेर भएपनि रामुसँग विवाह गर्छे । कथामा आएका कटक बहादुर, पदमकुमारी, रनसरी, नन्दवीर, निर्मला पशुपतिका बाबाजी गौण पात्रहरू हुन् ।

**परिवेश**

क्रुर नियति कथाको परिवेश ग्रामीण र सहरिया दुवै रहेको छ । स्याङ्जाको दहथुम बयरघारी हेटौडा काठमाण्डौ धरान आदि स्थानगत परिवेशको रूपमा आएका छन् ।

नेपाली समाजमा विद्यमान मानवताकै कलङ्कको रूपमा रहेको अन्तर्जातीय विवाहले कयौंको घरमा वेमेल उत्पादन हुन पुगेको छ । फलस्वरूप घरपरिवार र समाजबाटै अपमानित र तिरस्कृत हुनुपरेकोले घर छाडेर हिडनुपर्ने बाध्यात्मक परिस्थितिलाई कथाको परिवेशको रूपमा चित्रण गरिएको छ ।

**उद्देश्य**

कथामा जातीयताको कारणले रूपा र रामुको पवित्र प्रेम र दाम्पत्य जीवनलाई रूपा र रामुका बाबुआमाले स्वीकार नगरिदिएकोले सुरुवातको अवस्थामा नै जीवन विक्षिन्त बनेको छ । पवित्र प्रेमलाई सफल टिकाउ र व्यवहारिक बनाउन विद्यमान सामाजिक कुसंस्कार, कुरीति र अन्धविश्वासको अन्त्य गर्नुपर्छ । समाजमा सकारात्मक परिवर्तन ल्याउनको लागि सबैले आ-आफ्नो तर्फबाट सङ्घर्ष र त्यागको अभ्यास गर्नुपर्ने,

समाजमा अन्तर्जातीय विवाहले मान्यता पाउनुपर्ने विचार व्यक्त गर्नु कथाको उद्देश्य रहेको छ ।

**दृष्टिविन्दु**

क्रुर नियति कथा तृतीय पुरुष बाह्य दृष्टिविन्दुमा संरचित छ ।

**भाषाशैली**

क्रुर नियति कथा आयामका दृष्टिले सङ्क्षिप्त भएपनि मार्मिक छ । कथामा छोटो संवादको पनि प्रयोग गरिएको छ । यसमा वर्णनात्मक र पूर्वदीप्ति शैलीको अवलम्वन गरिएको छ ।

**शीर्षक**

जीवन एउटा यात्रा हो । जीवनभित्र धेरै कथाहरूको मिश्रण रहन्छ । हरेकका कथा व्यथाहरू आ-आफ्नै किसिमका रहेका हुन्छन् । त्यही यथार्थलाई कथामा उल्लेख गरिएको छ । सोही अनुरूप रामु र रूपाको सुनौलो जीवनमा आएको दैवी कुठाराघातलाई क्रुर नियतिको रूपमा लिइएको छ । त्यसैले कथाको शीर्षक सार्थक छ ।

**छ. प्रकाश र कुइरो कथा : कृष्ण प्रसाद पोखरेल**

कृष्ण प्रसाद पोखरेलद्वारा लिखित प्रकाश र कुइरो कथा रजस्थल वर्ष १३ पूर्णाङ्क ३९ साउन असोज २०६६ मा प्रकाशित मनोवैज्ञानिक कथा हो । यहाँ प्रकाश र कुइरोको आ-आफ्नो किसिमको प्रवृत्तिले मानव जीवनमा परेको असरलाई प्रमुख विषयवस्तु बनाइएको छ ।

**कथानक**

मङ्सिर महिनामा चल्ने चिसो सिरेटो कुहिरोले प्रकाशलाई छेकेर न्यानो हुन दिएको थिएन । महिलाहरू पँधेरोमा बसेर गफ चुट्दै थिए भने पुरुषहरू जाडोको कारण कसरी गुजारा चलाउने हो भन्दै चिन्तित थिए । प्रकाशको पहिलो किरण पर्ने पहाड पनि घोसेमुन्टो लगाएर बसेको थियो ।

प्रकाशको खोजीमा गाउँलेहरू लागेका थिए । त्यसै समयमा सामान्य सूचना आयो । प्रकाश क्षितिज पारिको गाउँमा गएछ । ऊ कुइरोसँग युद्धमा हारखाई अर्को देशतर्फ गएछ । त्यस पछि सबैले न्यानो कपडा खरिद गर्न थाले । कुइरो सधैं अरुलाई अन्धकारमा

डुबाउन चाहन्छ । प्रकाशकी सहकर्मी ज्योति साह्रै चिन्तित थिई । टुप्पोबाट पलाएको रुख बलियो हुँदैन भने झै कुहिरोको पनि कुनै मुहान नभएको हुँदा प्रकाशले एक्कासी आएर कुइरो हटाइदियो । आज ज्योतिले पनि मन बुझाएकी छ । प्रकाश-प्रकाशकै रूपमा नआएपनि उज्यालोको रूपमा आएको छ पहाड हँसिलो भएको छ पालुवाहरू राम्रोसँग पलाएका छन् ।

## चरित्र चित्रण

प्रकृतिमा आएको परिवर्तनका रूपमा रहेका प्रकाश र कुइरो कथाका प्रमुख रहेका छन् ।

### प्रकाश

प्रकाश सधै उज्यालो र चम्किलो रहन्छ । प्रकाशले मानिस लगायत सारा पशुपंक्षी रुख विरुवा आदिलाई न्यानो बनाउँछ । बोटविरुवाका नयाँ पालुवा र सारा वातावरणलाई प्रकाशले सहयोग पुऱ्याएको हुन्छ ।

### कुइरो :

मङ्सिर महिनामा चल्ने चिसो सिरेटोसँगै कुहिरोको प्रवेश हुन्छ । कुइरो कसैको लागि पनि फाइदा जनक हुदैन । यसले मानिस लगायत पशुपंक्षी, रुख, विरुवा, किरा फट्याङग्रा आदिलाई दुःख दिने काम गर्छ । पधेरोमा बसेर गफ चुट्ने महिलाहरू पुरुषहरू गौण पात्रका रूपमा आएका छन् ।

## परिवेश

प्रकाश र कुइरो कथाले मङ्सिर महिनामा हुने जाडोलाई विशेष रूपमा सङ्केत गरेको छ । कुइरो प्रकाश किरण रुख, विरुवा, पालुवाहरू परिवेशको रूपमा आएका छन् ।

## उद्देश्य

प्रकाशको अगाडि कुइरो निरीह हुन्छ । कुहिरोको फेद टुप्पो केही पनि हुँदैन । यो अचानक देखा पर्ने वस्तु हो । यी प्राकृतिक वस्तुहरूबाट मानिस प्रभावित रहेको हुन्छ ।

## दृष्टिविन्दु

प्रकाश र कुइरो मान्छेहरू जस्ता तृतीय पुरुषवाची शब्दहरू यसमा प्रयोग भएका छन् । तसर्थ प्रकाश र कुइरो कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ ।

**भाषाशैली**

प्रकाश र कुइरो कथामा सामान्य ग्रामीण बोलचालको भाषा रहेको छ भने शैलीशिल्पमा पनि मिठासता छ ।

**शीर्षक**

हेमन्त र शिशिर ऋतुमा प्रायः देखा पर्ने कुहिरोले सम्पूर्ण मानव समुदायलाई मात्र नभई बोटविरुवा र बोली शैलीलाई समेत असर पार्छ । तत्पश्चात कुहिरोलाई छेडेर प्रकाश भित्रिएपछि बोटविरुवा लगायत मानिसहरू पनि खुशी हुन्छन् । तसर्थ प्रकाश र कुइरो एक अर्काका शत्रु भएको हुँदा शीर्षक सार्थक रहेको छ ।

**ज रातोभाले कथा : गङ्गा पौडेल**

गङ्गा पौडेल कर्माचार्य स्याङ्जाले जन्माएकी नारी प्रतिभा हुन ।  पिता पूर्णलाल कर्माचार्य र माता कृष्ण कुमारी कर्माचार्यको सुपुत्रीको रूपमा रहेकी गङ्गा विद्यार्थी अवस्थादेखि नै नेपाली साहित्यमा कलम दौडाउन सफल गङ्गा विभिन्न सामाजिक सङ्घ संस्थाहरूमा समेत आवद्ध छन् । उनको रातो भाले कथा रजस्थल वर्ष १४ पूर्णाङ्क ४२ वैशाख-असार २०६६ मा प्रकाशित मनोवैज्ञानिक कथा हो । यहाँ कमल र विमल दुई जना साथीको स्कूले जीवनमा भोगेका भोगाइहरूलाई प्रमुख विषयवस्तु बनाइएको छ ।

**कथानक**

कमल र विमल दुई जना ज्यादै मिल्ने साथी थिए । कमलको घरमा एउटा रातो भाले थियो । त्यो भाले बिहान ४ बजे बास्थ्यो । त्यसकै साथमा कमल उठ्थ्यो र पढ्थ्यो । ऊ संधै जाँचमा पहिला हुन्थ्यो । स्कुलमा मीस र सरहरू पनि कमलबाट प्रभावित हुन्थे । विमल अल्छी भएको कारण पढाइमा पनि कमजोर थियो ।

विमलका बाबाले अल्छी भएर पढाइमा कमजोर भएको भन्दै विमललाई गाली गर्थे । त्यो कुरा विमललाई असह्य हुन्थ्यो । उसले कमललाई बिहानै ब्युझाउने रातो भालेलाई मार्ने दाऊ बनायो र दुवै जनाको घरमा कोही नभएको मौका पारी बाँसको भाटाले भालेलाई हिर्कायो । भालेको खुट्टामा भाटाले लागेकाले भाले क्वाँ क्वाँ गर्दै सिस्नोघारीमा पसेर बाँच्यो । बेलुकीपख कमलको बाबा आमाले भालेलाई खोज्नुभयो । खुट्टा भाँचिएको भाले सिस्नो घारीमा कराएको थियो । भालेलाई देखेर कमल रुन थाल्यो । विमलले सम्पूर्ण क्रियाकलाप आफ्नो घरबाट हेरिरहेको थियो । ऊ खाटमुनि गएर लुक्यो । विमलको

बाबाले रातो भालेको सामान्य उपचार गरिदिनु भयो । कमल र कमलका बाबा रातो भाले लिएर घर गए । विमलका बाबाले धेरै खोजी गरि सकेपछि मात्र विमललाई भेटाउनु भयो । ऊ डरले थुरथुर काप्दै खाटमुनि लुकिरहेको थियो । विमल भेटिएको खबर कमलका बाबुआमाले थाहा पाएर खुसी हुनुभयो र विमललाई भन्नुभयो : 'बाबु रातो भाले कमलको लागि मात्र बासेको होइन । यो तिम्रो लागि पनि हो' । भालेलाई हिर्काएकोमा पश्चाताप मान्दै विमलका आँखा खुले । रातो भालेको खुट्टामा घाउ लागेकाले भोलिपल्ट भाले बास्न सकेन दुवै घरका मानिसहरू घाम लाग्ने वेलासम्म सुते त्यसपछि विमल भाले बास्ने वित्तिकै उठेर पढ्न थाल्यो । उसको पढाइमा क्रमश सुधार हुँदैगयो । विद्यालयका सरहरूले पनि विमलको सुधार भएकोमा स्याबासी दिए ।

**चरित्र चित्रण**

रातो भाले कथामा कमल र विमल प्रमुख पात्रको रूपमा छन् ।

**कमल :**

कमल मिहीनेती र परिश्रमी छात्र हो ऊ विद्यालयमा पनि अनुशासित लगनशील रहन्छ । सर मीसले दिएको गृहकार्य खुरुखुरु गर्छ र सधैं प्रथम हुन्छ । बिहान भालेको डाँकसँगै उठेर पढने कमल लगनशील र परिश्रमी छात्रको रूपमा देखा परेको छ । कथामा ऊ गतिशील र सत् पात्रको रूपमा रहेको छ ।

**विमल :**

विमल बिहानभरि सुत्ने अल्छी नपढने छात्रको रूपमा रहेको छ विमल गर्ने कमलको उन्नति र प्रगतिमा डाहा गर्ने व्यक्ति हो कमल भालेको डाँकसँगै उड्यो भनेर उसले भालेलाई मार्ने योजना पनि बतायो तर पछि उसले आफ्नो कर्मको प्रायश्चित गऱ्यो र मिहिनेत गरेर पनि पढ्यो अन्तिम अवस्थामा भए पनि विमल कथामा गतिशील पात्रका रूपमा रहेको छ । कमल र विमलका बाबा सहायक पात्रको रूपमा रहेका छन् भने मानवेतर पात्र रातो भाले रहेको छ ।

**परिवेश**

यो कथा ग्रामीण परिवेशमा आधारित छ । घरमा कुखुराको भाले पाल्ने, भालेको डाँकसँगै बिहान उठ्ने, डाँडामाथि घाम पुगेपछि पशुपन्छीहरू गोठ र खोरमा फर्कने,

खेतबारीमा काम गर्ने, घरमुनि सिस्नोघारी हुने आदि कुराहरू परिवेशको रूपमा आएका छन् ।

**उद्देश्य**

रातो भाले कथाले ग्रामीण परिवेशमा हुर्केका साना स्कुले बालबालिकाहरूलाई समयको ज्ञान दिने घरमा भाले पालेर भालेको डाँकसँगै बच्चालाई उठाएर पढाउनुपर्छ र समयको महत्त्व बुझाउनुपर्छ भन्ने उद्देश्य राखेको छ । हरेकले आ आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने सन्देश रातो भाले कथाले दिन्छ ।

**दृष्टिविन्दु**

रातोभाले कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । यहाँ कमल विमल रातो भाले जस्ता तृतीय पुरुषवाची शब्दहरू आएका छन् ।

**भाषाशैली**

रातो भाले कथा सहज सरल भाषाशैलीमा लेखिएको छ । ग्रामीण जनजीवनमा झुण्डिएका कथ्य भाषाको प्रयोग यसमा गरिएको छ । क्वाँए क्वाँए, सुलुलुलु भ्याट-भ्याट जस्ता अनुकरणात्मक शब्दहरू र, नि, त, लौ, पो जस्ता निपातले भाषालाई अझ उत्कृष्ट बनाएका छन् ।

**शीर्षक**

रातो विशेषण र भाले नाम मिलेर रातो भाले बनेको हो । रातो भालेले बिहानै उठेर घरका सदस्य साथै गाउँलेलाई समेत उठाउने गर्थ्यो । त्यही रातो भाले कराएपछि कमल उठेर अध्ययन गर्दथ्यो । कमलको लगनशीलता देखेर विमलमा रहेको अल्छीपन पनि हट्यो । ऊ पनि पछि-पछि गएर भालेको डाँकसँगै उठी पढ्न थाल्यो । भाले बासेपछि दुवैजना उठेर मेहनतसाथ पढ्थे । रातो भाले कमल र विमलको भविष्यको मार्गनिर्देशक बनेको कारण शीर्षक सार्थक बनेको छ ।

**मनोवैज्ञानिक कथाको निष्कर्ष**

रजस्थलमा प्रकाशित मनोवैज्ञानिक कथाहरूमा पात्रको सिमितता पाइन्छ । बाल मनोविज्ञान, यौन मनोविज्ञान र अपराध मनोविज्ञान यी कथाहरूमा पाइन्छ । खुसीको खोजीमा कथाले यौन मनोविज्ञानको विश्लेषण गर्दछ । जसमा युवायुवतीहरू एक अर्काको

मायामा फसेपछि पुन छुट्टिन गाह्रो हुन्छ भन्ने कुरालाई यहाँ मार्मिक ढङ्गबाट उद्घाटन गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित उक्त कथाको विषयवस्तु अनुकूल शीर्षक सार्थक देखिन्छ । त्यसैगरी वी. पी. पौडेल बेहाशीको वात्सल्यको हत्या, अपराध मनोवैज्ञानिक कथा हो । यहाँ जगतमान जस्तो दानवको यौनको शिकार बनेका छन् । प्याउली जस्ता कयौं अशिक्षित महिलाहरू । सिमित पात्रहरूको उपस्थितिमा रहेको उक्त कथा तृतीय पुरुष दृष्टिबिन्दुमा रहेको छ भने कथावस्तु अनुसार शीर्षक सार्थक देखिन्छ । गङ्गा पौडेलको रातो भाले  वालमनोवैज्ञानिक कथा हो । सो कथामा बालबालिकाहरू आफ्नो गल्ती र कमजोरीलाई लुकाउनको निम्ति खराब कार्य गर्न पनि पछि हट्दैनन् भन्ने कुरालाई देखाउन खोजिएको छ ।

हरेक व्यक्तिका असिमीत चाहनाहरू हुन्छन् ती चाहनाहरूलाई सिमित रेखा र परिधिमा बाध्नु परेको हुन्छ । कसैको रूपाकृति र सुन्दरतामा कोही लोभिएका हुन्छन् । माया भावनात्मक हुने भएकाले यो स्वतःस्फुर्त रूपमा बाहिर प्रकट हुन्छ । यो एउटा संवेग हो । धन सम्पतिले मात्र मानिस सुखी र खुशी हुन सक्दैन । भनिन्छ 'पैसाले राम्रो विछ्यौना किन्न सकिन्छ तर मीठो निन्द्रा किन्न सकिदैन ।' हरेक व्यक्तिमा सकारात्मक परिवर्तन ल्याउनको लागि हरेकले आ-आफ्नो स्थानबाट सकारात्मक कदम चाल्नुपर्ने कुरालाई मनोवैज्ञानिक कथाहरूले उल्लेख गरेका छन् ।

# अध्याय : पाँच
# उपसंहार तथा निष्कर्ष

रजस्थलमा प्रकाशित कथाहरूको अध्ययन शीर्षकको यस शोध पत्रको पहिलो अध्यायमा शोध पत्रको परिचय दिइएको छ । शोध पत्रको परिचय दिने क्रममा शोध परिचयको विषय परिचय, शोध पत्रको शीर्षक, शोध पत्रको प्रयोजन, समस्या कथन, उद्देश्य, पूर्वकार्यको विवरण, शोध पत्रको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, शोध-विधि, शोध पत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध पत्रको दोस्रो अध्यायमा कथाको सैद्धान्तिक परिचय दिइएको छ । यस अन्तरगत कथाको व्युत्पत्ति र परिचय, परिभाषा, कथाका तत्त्वहरू, वर्गीकरण आदि रहेका छन् ।

तेस्रो अध्यायमा नेपाली कथाको विकासक्रम प्रस्तुत गरिएको छ । यसमा कथाका प्राथमिक काल, माध्यमिक काल र आधुनिक कालका उपचरणहरू छुट्याइएको छ ।

अध्याय चारमा रजस्थल पत्रिकाको परिचय, उद्देश्य, रजस्थल पत्रिकाले समेटेका विधाहरू चर्चा गरिनुका साथै यसमा प्रकाशित कथाहरूको विषयका आधारमा वर्गिकरण गरिएको छ । शोधको मूल मर्म यही अध्यायसँग सम्बद्ध छ । रजस्थलका सबै जसो अङ्कमा कथाले स्थान पाएका छन् । रजस्थलका अङ्क ३३ देखि ४५ सम्म (विशेषाङ्क बाहेक) महेश्वर शर्मा, नारायण गोदारे, सुन्दर मानन्धर, होम शङ्कर बास्तोला, गोविन्द बराल, जी चञ्चल, महेन्द्र लामिछाने, मेघनाथ ढकाल (पवन), अनन्त अर्याल, हरिश्चन्द्र शाह, गायत्री परिरोशनी, वी.पी. पौडेल वेहोसी, जे.एल. काफ्ले, कृष्णप्रसाद पोखेल, गङ्गा पौडेल, टिकाराम वाग्ले, चिन्तु गिरी जसमा १७ जना कथाकारका २६ वटा कथाहरू प्रकाशित भएका छन् । माथि उल्लेखित कथाकारहरू स्थापित र नवोदित दुवै देखिन्छन् ।

रजस्थलमा प्रकाशित कथाहरू विशेषत पश्चिमाञ्चलका सेरोफेरोमा रचित छन् । कुनै कथामा उच्च भाषिक साहित्यिक छटा पाइन्छ भने कुनैमा स्थानीय भाषिकाको प्रयोग पनि भएको छ । यसमा प्रकाशित सामाजिक कथामा हाम्रो ग्रामीण परिवेशमा घटने घटनाहरूलाई यथार्थ चित्रण गरिएको छ । पैसा खर्च गरेर पनि रोग निको हुन नसकेको,

खेतीयोग्य नासेर रातारात दलाली गरी धनी बन्ने प्रवृत्ति रहेको, बच्चालाई प्लाष्टिकमा प्याकिङ्ग गरिएका खाना नखुवाई पोषणयुक्त खाना खुवाउनुपर्नेमा जोड, समाजमा सकरात्मक परिवर्तन ल्याउनका लागि सङ्घर्ष गर्नुपर्ने कुरा, सानोतिनो कुरामा पनि सबैको सहभागिता हुनुपर्ने आवश्यकता, युवायुवतीहरू परपुरुषहरू र परस्त्रीसँग अनैतिक सम्बन्ध राख्ने प्रवृत्ति, नारी अस्मिता जोगाउन नारीहरूले गर्नुपरेको सङ्घर्षको कठिन यथार्थता आदि कुराहरूमा सामाजिक कथाहरूले विशेष जोड दिएका छन् ।

यसमा प्रकाशित धार्मिक र ऐतिहासिक कथाहरूमा जम्मा तीनवटा कथाहरू समावेश रहेका छन् । ती कथाहरूले इतिहासका विषयवस्तु तथा धार्मिक कुरालाई पुनर्ताजगी गरेका छन् । आन्दोलनमा छोराछोरी गुमाएका बाबुआमाका पीडा र मर्मलाई सरकारले पैसाले टाल्न खोजेको कुरालाई ऐतिहासिक कथामा स्पष्ट पारिएको छ भने धार्मिक कथाले सुखमा नमातिने र दुःखमा नआत्तिने सन्देश दिन्छ ।

मनोवैज्ञानिक कथाहरूले पनि रजस्थललाई थप उर्जा प्रदान गरेका छन् । यी कथाहरूमा नवयौवना नारी र पुरुष बिच भएको सामान्य सोचाइ, इच्छा, चाहना अनुरुप कार्य भए जीवन सुखी र खुशी हुने बताइएको छ । त्यसैगरी अन्जानमै पुरुषहरू नारीको इन्द्रजालमा फस्छन् भन्ने तितो सत्यलाई कथाहरूले देखाएका छन् । युवायुवतीको प्रेम प्रसङ्गलाई कोट्याएर प्रेममा विश्वासको खाँचो हुनुपर्ने, भौतिक शरीर नष्ट भएपनि आत्मा जीवितै रहने, हरेक व्यक्तिले समयको महत्त्व बुझी आफ्नो जिम्मेवारी बहन गर्नुपर्ने कुरा यसमा बताइएको छ ।

वि.सं. २०५५ मा स्याङ्जा साहित्य प्रतिष्ठानबाट प्रकाशित हुँदै आएको रजस्थल त्रैमासिक पत्रिका स्याङ्जाबाट प्रकाशित हुने साहित्यिक पत्रिका हो । यो मोफसलबाट प्रकाशित भएर स्याङ्जाली कला, संस्कृति, भाषा साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिदै आइरहेको छ । यसले प्रकाशन कालदेखि नै कथा, कविता, गीत, गजल, मुक्तक, निबन्ध, समीक्षात्मक लेख रचना आदि साहित्यिक खुराकलाई पाठक सामु पस्कदै आएको छ । यसमा प्रकाशित विधाहरूमा कथा, कविता, गजल, निबन्ध, समालोचनात्मक लेखहरू, यात्रा संस्मरण, मुक्तक, व्यङ्ग्य लेख प्रकाशन हुँदै आइरहेका छन् । यसका साथै साहित्यिक समाचार, सूचना, समवेदना, शुभकामना, अनुरोध आदि प्रकाशित गरिएका देखिन्छन् ।

रजस्थल त्रैमासिक पत्रिकामा प्रकाशित कथाको अध्ययन शीर्षकमा तयार पारिएको प्रस्तुत शोध पत्रको मूल उद्देश्य रजस्थल पत्रिकामा प्रकाशन भएका कथाहरूको अध्ययन

गरी तिनीहरूको तत्वहरूको आधारमा विश्लेषण गर्नु हो । रजस्थलको अङ्क दुइदेखि नै कथाले स्थान पाएको छ । यसमा प्रकाशित अधिकांश कथाहरू सामाजिक विषयवस्तुमा आधारित छन् साथै सामाजिक समस्यामै केन्द्रित छन् । त्यसैगरी पूर्णाङ्क ३३ देखि ४५ सम्मका कथामा पनि धेरैजसो सामाजिक कथाहरू रहेका छन् ।

**भावी शोधका लागि सम्भावित शीर्षकहरू :-**

रजस्थल त्रैमासिक पत्रिका स्याङ्जा साहित्य प्रतिष्ठानबाट प्रकाशित पुस्तकाकार पत्रिका हो । यसमा साहित्यका विविध विधाहरूमध्ये कविता, कथा, निबन्ध, यात्रा संस्मरण, समीक्षा, समालोचना आदी जस्ता रचनाहरू प्रकाशित भएका छन् । यस शोध कार्यमा अङ्क ३३ देखि ४५ सम्म प्रकाशित पूर्ण कथाहरूको मात्र अध्ययन र विश्लेषण गरिएको छ । यसले मात्र रजस्थल पत्रिकामा प्रकाशित रचनाहरूको अध्ययन पूर्ण नहुने भएकोले यसमा भावी शोधका लागि सम्भावित शीर्षकहरू तल उल्लेख गरिएको छ :-

- रजस्थल पत्रिकामा प्रकाशित कविताहरूको अध्ययन,
- रजस्थल पत्रिकामा प्रकाशित गजलहरूको अध्ययन,
- रजस्थल पत्रिकामा प्रकाशित मुक्तकहरूको अध्ययन,
- रजस्थल पत्रिकामा प्रकाशित निबन्धहरूको अध्ययन ।

# सन्दर्भ सूची


सुवेदी, दण्डपाणि, **विश्वेश्वर प्रसाद कोइरालाका असामान्य यौन मनोवैज्ञानिक कथाहरू**, स्नातकोत्तर शोध पत्र पृथ्वीनारायण क्याम्पस, पोखरा २०६५ ।

शर्मा, दोरङ्गा, बलराम, **नेपाली साहित्यमा रजस्थल पत्रिकाको योगदान** स्नातकोत्तर शोध पत्र पृथ्वीनारायण क्याम्पस पोखरा २०६१ ।

परियार, बेली, **रजस्थल पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन** स्नातकोत्तर शोध पत्र, पृथ्वीनारायण क्याम्पस पोखरा २०६५ ।

शर्मा मोहनराज र लुँईटेल, खगेन्द्रप्रसाद (२०५५) **शोधविधि**, ललितपुर : साभ्ना प्रकाशन ।

...................... (२०५९), शैली विज्ञान, दो.सं., साभ्ना प्रकाशन, काठमाडौं : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

अधिकारी, विश्वप्रेम सम्पा र अन्य (२०६४) **रजस्थल** साहित्यिक त्रैमासिक, वर्ष ११ अङ्क ३३, स्याङ्जा : स्याङ्जा साहित्य प्रतिष्ठान ।

...................................... (२०६५) **रजस्थल** साहित्यिक त्रैमासिक, वर्ष ११, अङ्क ३४, ३५ र ३६ स्याङ्जा : स्याङ्जा साहित्य प्रतिष्ठान ।

...................................... (२०६६) **रजस्थल** साहित्यिक त्रैमासिक, वर्ष १२, अङ्क ३६ स्याङ्जा : स्याङ्जा साहित्य प्रतिष्ठान ।

...................................... (२०६७) **रजस्थल** साहित्यिक त्रैमासिक, वर्ष १२, अङ्क ४१, ४५ र ४३ स्याङ्जा : स्याङ्जा साहित्य प्रतिष्ठान ।

थापा हिमाशु, (२०५०) **साहित्य परिचय**, ललितपुर : साभ्ना प्रकाशन ।